

अभिलेख

नेपाल सरकार

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख विश्वसम्पदा हो
यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो
अभिलेखको सुरक्षा गरौं
संस्कृतिको रक्षा गरौं

– राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख

ABHILEKHA

वर्ष २ ✯ २०४१ ✯ अंक २

सम्पादक-मण्डल

बलरामदास डंगोल

शंकरमान राजवंशी

पूर्णरत्न बज्राचार्य

नेपाल सरकार

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पुरातत्त्व विभाग

राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शीर्षक : अभिलेख

प्रकाशक : नेपाल सरकार

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पुरातत्त्व विभाग

राष्ट्रिय अभिलेखालय

प्रथम संस्करण : २०४१ साल कार्तिक २२ गते

प्रकाशित प्रति : (५०० प्रति)

द्वितीय संस्करण : २०७४ भाद्र

प्रकाशित प्रति : (५०० प्रति)

मूल्य : रू. १००।–

मुद्रक

सूर्योदय छापाखाना
Suryodaya Chhapakhana

हाँडिगाउँ, काठमाडौं,
फोन : +९७७-०१-४४३४९७१
ईमेल : suryodayapress@gmail.com

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो संस्करण २०७४

दुई शब्द

राष्ट्रिय अभिलेखालयबाट विक्रम सम्वत् २०४० देखि वार्षिक रूपमा निरन्तर प्रकाशन हुँदै आएको अभिलेख पत्रिकाको नेपाली अनुसन्धानको क्षेत्रमा विशेष महत्त्व छ । यसमा प्रकाशित अनुसन्धानमूलक लेखरचनाहरूले हाम्रो इतिहास र संस्कृतिका अदृश्य पाटाहरूलाई सदैव उजिल्याउने प्रयत्न गर्दै आएका छन् । अनुसन्धानमूलक, मौलिक लेखहरू प्रकाशन हुने पत्रिका भएकोले पाठकहरूले पुराना प्रतिहरू पनि माग गर्ने गरेको अनुभव हामीसँग रहेको छ । विभिन्न विद्वान्हरूका महत्त्वपूर्ण खोजमूलक लेखरचना प्रकाशित भएको द्वितीय अंकको सान्दर्भिकता प्रकाशनको तीन दशकपछि पनि उत्तिकै रहेको छ । अभिलेख पत्रिका अंक-२ को माग व्यापक भएको तर यस प्रकाशनका सम्पूर्ण प्रतिहरू समाप्त भएको हुँदा पाठकवर्गको आवश्यकतालाई मध्यनजर गरी यसलाई पुनर्मुद्रण गरी पाठक समक्ष ल्याएका छौं । आशा छ, यसको पुनर्प्रकाशनले अनुसन्धान क्षेत्रमा लाग्ने समस्त खोजकर्ताहरूको ज्ञानको क्षितिजलाई अझ फराकिलो बनाउने छ ।

अन्त्यमा यस पुनर्प्रकाशन कार्यमा सहयोग गर्नुहुने समस्त व्यक्तित्वहरूलाई म विशेष धन्यवाददिन चाहन्छु ।

सौभाग्य प्रधानाङ्ग
प्रमुख
राष्ट्रिय अभिलेखाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुई शब्द

श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाहको ३६ औं शुश जन्मोत्सवको उपलक्ष्यमा 'अभिलेख' पत्रिकाको दोश्रो अंक जन समक्ष पुऱ्याउन पाएकोमा अभिलेखालय परिवारलाई अति हर्ष लाग्नु स्वाभाविकै छ ।

पहिलो अंक जस्तै यस अंकमा पनि ऐतिहासिक कागजातहरू तथा लेखहरूलाई स्थान दिइएको छ । तर यसो गर्दा यस अंकमा खास गरी लाहौर अभिलेखालय (पाकिस्तान) स्थित नेपाल-अँग्रेज युद्ध सम्बन्धी कागजातहरू, राष्ट्रिय अभिलेखालयमा रहेका ताम्रपत्र तथा गुठी संस्थानमा रहेका केही कागजातहरूको सूचीको प्रकाशनलाई प्राथमिकता दिइएको छ । पहिलो अंकको सम्बन्धित क्षेत्रबाट जुन स्वागत भएको छ त्यसले गर्दा अभिलेखालय परिवारको जाँगर बढ्न गएको छ । दोश्रो अंकलाई अझ स्तीय बनाउन सक्दो प्रयास गरिएको छ । यसलाई अझै स्तरीय बनाउन 'अभिलेख' मा चाख राख्ने पाठकहरूको सुझाव स्वागत योग्य हुनेछ ।

बलरामदास डंगोल
प्रधान अनुसन्धान अधिकारी
राष्ट्रिय अभिलेखालय

मितिः २२ कार्तिक, २०४१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	लेखक	पृष्ठसंख्या
१. नीलवाराही (तखुती अजिमा) को अभिलेख	शंकरमान राजवंशी	१
२. भक्तितरङ्गिणी एक परिचय	बाबुकृष्ण ढकाल	४
३. लाहौर अभिलेखखालयस्थित नेपाल-अँग्रेज सम्बन्धी ऐतिहासिक कागजातको सूची		१३
४. प्रेमनिधिपन्तनिर्मित कुमारशक्ति नामक धर्मशास्त्र	हरिनाथ गौतम	१८
५. अभिलेख, राष्ट्रिय अभिलेखालय र नेपाल	बलरामदास डंगोल	२२
६. गुठी लगत तथा तहसिल कार्यालय रहेका कागजातहरूको सूचीपत्र		२९
७. सद्धर्मपुण्डरीक सूत्र	जनकलाल शर्मा	७२
८. On the activities of the Tibetan section of the Nepal-German Manuscript Preservation Project	Dr. Christoph Cueppers	९३
९. कौसी तोषाखानाबाट प्राप्त लालमोहर		९९
१०. अमलेख गरिएका कमारा कमारीको लगत		११५
११. डोटी जिल्ला कालिजंग हिमाली गुल्म ब्यारेकमा प्राप्त त्रिपूरासुन्दरी मूर्तिको अभिलेख		१२१
१२. Tibetological Research in Buryatiya	N.D. Bolsokhoeva	१२३
१३. राष्ट्रिय अभिलेखालयस्थित ताम्रपत्राभिलेख सूची		१३६
१४. ध्याग्पा लामाको गुम्वामा रहेको ताम्रापत्र	पूर्णरत्न बज्राचार्य	१४५
१५. कीर्तिवम्व मल्लको तामापत्र		१४७
१६. आर्थिक वर्ष ०४०।०४१ मा राष्ट्रिय अभिलेखालयको संक्षिप्त गतिविधि		१४९
१७. कागज धुल्याउने नियम, Unofficial English version of the rule		१५३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक परिचय

श्री शंकरमान राजवंशी	- सम्पादक रा. प. तृ.	राष्ट्रिय अभिलेखालय
श्री बाबुकृष्ण ढकाल	- अनुसन्धान पण्डित रा.प.अ.प्र. पञ्चम	,,
श्री हरिनाथ गौतम	- धर्मशास्त्राचार्य रा.प. तृ	,,
श्री बलरामदास डंगोल	- प्रधान अनुसन्धान अधिकारी रा.प.द्वि	,,
श्री जनकलाल शर्मा	- प्रधान अनुसन्धान अधिकारी रा.प.द्वि.	पुरातत्त्व विभाग
श्री डा. क्रिष्टोम कूइपर	- उप-निर्देशक, नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना	
श्री बच्चुराम शर्मा दाहाल	- सहायक ज्योतिषाचार्य रा.प.अ.प्र	राष्ट्रिय अभिलेखालय
श्रीमती एन. जी. वोत्सोखोयभा	- तिब्बती विशेषज्ञ, बुरयात यू. एस. एस. आर.	
श्री पूर्णरत्न बज्राचार्य	- हायण्ड ल्यामिनिष्ट रा.प.अ.प्र. प्रथम राष्ट्रिय अभिलेखालय	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नीलवाराही (तखुती अजिमा) को अभिलेख

- शंकरमान राजवंशी

अजिमा भनी प्रसिद्ध स्वयम्भू चैत्यको वायव्यकोण स्थित मन्दिरमा विराजमान देवीलाई भनिन्छ । यो अजिमाको अर्को नाम हारिती हो । पांचिक नमक यक्षका भार्या भएकी हारितीका ५०० परिवार छन् भनी बौद्धग्रन्थ पञ्चरक्षा महामायूरी परिच्छेदमा यसरी बताइएको छ ।

पांचिकस्य च या भार्या हारिती नाम विश्रु ता ।
पंचभिर्दुहिता शतैर्तिष्ठते परिवारिता ॥

यावत् बाल बालिकाहरूको संरक्षिका भएर रहेकी हारिती हुनाले तिनको नाम अजिमा भनी प्रसिद्ध भएको हो । ५०० परिवारका मूल अजिमा यिनैलाई मानिन्छ । तर यी अजिमालाई पीठदेवी मानिँदैन ।

पीठदेवीमा टुँडिखेलको आग्नेयकोणस्थित भद्रकालीलाई लुंमडी अजिमा भनिन्छ । यी देवी एक दिन बालिकाको रूप लिएर खेतमा रोइरहिन् । त्यस खेतको किसानले देखेर माया गरी फकाई फुलाई आफूले दिउँसो खाजा खान भनी ल्याएको गहुँको रोटी दिएर ती बालिकालाई खेतको आलीमा बसाई एकै छिन खेतको बाँकी काम सिद्धयाई बालिकालाई लिन भनी हेर्दा बालिका अपल भएकीले त्यस आलीमा जाँदा त्यहाँ आफूले दिएको रोटी सुन भइरहेको देखे । त्यसैले तिनको नाम लुमडी भनी नाम रहेको भन्ने कथन छ ।

शोभाभगवतीको वारी विष्णुमती किनारस्थित मन्दिरमा विराजमान इन्द्रायणी देवीलाई लुतीमरू अजिमा भनिन्छ । यी देवी आफ्ना दिदीबहिनीहरूमध्ये गरीब थिइन् । पिशाच चतुर्दशीको चाडको निम्तामा दिदीबहिनीकहाँ जाँदा दिदीबहिनीहरू सुनको गहना लाएका हुनाले झकिझकाउ थिए । तिनीहरूको अगाडि गरीब इन्द्रायणी नसुहाएकोले सुन लगाउन नपाएकी भनी तिनीलाई हेला भएको थियो । सुन लगाउन नपाउनेलाई नेवारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषामा लुंतीमरू भनिन्छ । त्यसैबाट उक्त इन्द्रायणीको नाम लुंतीमरू अजिमा भनी नाम रहेको भन्दछन् ।

यी लुंतीमरू अजिमाको दक्षिण भेकमा विष्णुमतीकै किनारमा कंकेश्वरी विराजमान छन् । यी देवी चामुण्डा हुन् । चामुण्डाको रूप कंकाल हुनाले इनको नाम कंकालेश्वरी भनी राखे । त्यसैको अपभ्रंश रूप कंकेश्वरी भयो । यी कंकेश्वरीलाई कंग अजिमा भन्दछन् । नेवारी भाषामा कंकाल भई जीउ सुकेकोलाई कंग भन्दछन् । त्यसैले यी कंकेश्वरीलाई कंग अजिमा भनेको हो । यसरी कतिपय पीठदेवीको नाम नेवारी भाषामा रहेको छ । तिनमध्ये यहाँ प्रस्तुत नीलवाराही पनि हुन् ।

नीलवाराहीस्थान तथा तिनको मन्दिर काठमाडौं भीमसेनथानदेखि पर विष्णुमतिको पश्चिम कालिमाटी इलाकामा पर्दछ । नीलवाराही पीठदेवता हुनले तिनको नजिकै मशान छ, जुन मशानमा मुर्दा जलाइन्छ । हाल उक्त मशानघाटलाई राम्रो निर्माण गरिसकेको छ । यी नीलवाराही अरू पीठदेवता भन्दा कडा छन् । त्यहाँ केही विघ्न बाधा हुने भएमा अगावै अनिष्ट सूचना हुन्छ भन्ने स्थानीय अनुभवी जनताको भनाई छ । यी नीलवाराही देवतालाई नेवारीमा तखुति अजिमा भन्दछन् । संरक्षिका देवीलाई अजिमा भन्ने चलन छ । कुपितावस्थाका हुनाले तखुति भन्ने नाम रहेको हुन सक्छ । रिसाहालाई नेवारी भाषामा तंकाली भन्दछन् । त्यसैको नामबाट टंकेश्वरी पनि भन्दछन् ।

यी नीलवाराही तखुति अजिमाको खटजात्रा चैत्रकृष्ण चतुर्दशी पासाचह्रेको दिन अलग्गै हुन्छ । यो जात्रा पहिले तवाहालका बज्राचार्यले चलाई आएका थिए । पछि ने.सं. १००१ देखि तवाहालका बज्राचार्यले क्वहिटी टोलका महर्जनलाई उक्त कार्यभार सुम्पिदिएकोले त्यसबेलादेखि महर्जनले उक्त जात्रा चलाई आएको हो भन्ने यहाँ प्रस्तुत कुरा अभिलेखले प्रमाणित गरेको छ । उक्त अभिलेखमा नीलवाराही अर्थात् तखुति अजिमाको जात्रा चलाउन गरिदिएको गुठीको वर्णन उल्लेख छ । सो अभिलेख उक्त गुठीको सम्बन्धित मानिसले उल्था गराउन ल्याइएको हो ।

श्रीः

मूल–

१ श्री ३ निलवाराही साहाये नमोस्तु सुभ सम्वत् १००१ मिति चैत्र कृष्णया न्हु १२ स लगंतोल तवाहालस विज्याकह्या श्री बज्राचार्य कविन्द्र मुनि नं. जुलसां क्वहिति स्यालस दिकह्या चसिं महर्जनयात थवगु सुना वेर्ता वु विस्नुमति वारिपारिगु वु लालमोहरस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जायाचोक्व वु दानपत्रस चोयाव चकसिंयागु लाहातिस जि कविन्द्रमुनि गुभाजुनं चोस्यं विया जुल भाषा थ्व वुयावु सये साह्या वल सानं मवलसानं चकसिंनं श्री ३ तषुति अजिमायात गालं थनेत देव पूजा याना व स्यावजि फं १ वजिफं १ लाकुल १ मुस्यापालु अयेला कुल १ अजिथ्व षर्च यायेमाल फेर देव थनाव हयेवं चकसिंया छें कोस त वाहाह्यां १ भोग वियाव स्यावजि वजि ला ध्व अयेलमुस्या पालु उतिं तयाव समच विये माल भोजन यायेमा दातायागु द्रसंतान दतले ह्यां १ भोजन याकेमाल जुल चकसिया दंसंताननं थ्व लालमोहरस जाया चोक्व वु भोगचलंम् यानाव श्री ३ अजिमायात गमं थनेत पुजाछेसं पुजा भोजन यानाव वर्ष पतिं वलम् यायेमाल जुल धक जि मनोमान षुसि राजिनं थ्व दानपत्र चोयाव कविन्द्रमुनि गुभाजुनं चकसिं महर्जनयात थ्व पत्र चोया विया जुल थ्व दानपत्रया दृष्ट साछि दाताया थव काये स्वपुत्र चन्द्रबहादूर जुल लेषक साछि दाता थ्वं जुल शुभ ॥ ॥

दानपत्रको अनुवाद –

श्री ३ नीलवाराही सहाय नमस्कार । शुभ संवत् १००१ मिति चैत्रकृष्ण द्वादशीको दिन लगनटोल तवाहालका श्री बज्राचार्य कवीन्द्रमुनिले क्वहिटीटोलका चसिं महर्जनलाई आफ्नो सुना विर्ता खेत विष्णुमती वारीपारीको खेत लालमोहरमा उल्लेख भए जति दानपत्रमा लेखी चकसिं महर्जनको हातमा म कवीन्द्रमुनि गुभाजुले दिइएको व्यहोरा यस खेतको आयस्ता आए पनि नआए पनि चकसिंले श्री ३ तखुति अजिमालाई गर्म (पीठ) स्थानबाट जात्रा चलाउन देवपूजा गरी स्वावजी पाथी १ चिउरा पाथी १ मासु कुंल १ (४ पाउ) भटमास अदुवा रक्सी कुरूवा १ अथिथ्व (जाँड) खर्च गर्नुपर्छ अनि जात्रा चलाई ल्याउँदा चकसिंको घरमुनि वलि १ भोग दिई स्वावजी चिउरा मासु रक्सी भटमास अदुवा चाहिँदो राखी समये दिनुपर्छ र भोजन गर्नुपर्छ । दाताको दर्सन्तान छउन्जेल एक जनालाई भोजन गराउनुपर्छ । चकसिंको दर्सन्तानले यस लालमोहरमा उल्लेख भए जति खेत भोगचलन गरी श्री ३ अजिमालाई गर्म (पीठ) स्थानबाट चलाउन पूजाघरबाट पूजा भोजन गरी प्रतिवर्ष चलाउनुपर्छ भनी मेरो मनोमान खुशी राजीले यो दानपत्र लेखी कवीन्द्रमुनि गुमाजुले चकसिं महर्जनलाई दिए । दानपत्रको दृष्ट साक्षी दाताको छोरा चन्द्रबहादुर लेखक साक्षी दाता नै भयो शुभ–

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भक्तितरङ्गिणी एक परिचय

– बाबुकृष्ण ढकाल

लगत संख्या तृ ३४ विषय संख्या ८४ ख

ग्रन्थकार पं. प्रेमनिधि पन्त : । मदेशी कागत । देवनागरी लिपि : । पंक्ति १० । आकारः ११.१/८x१ ½ । ग्रन्थ संख्या । पत्र संख्या ६ । पहिलो तरङ्ग पूरा ।

यस ग्रन्थका ग्रन्थकार नेपाली तथा संस्कृत भाषाका प्रकाण्ड विद्वान् प्रेमनिधि पन्तको जन्म कहिले भयो भन्ने विषयमा हालसम्म विभिन्न विद्वान्हरूको अनुसन्धान कार्यबाट थाहा हुन सकेको छैन तापनि यिनी नेपाल राज्यका पर्वतीय राजा मलैवम्बका समकालीन थिए भन्ने कुरा निर्विवाद छ र सबै अनुसन्धानकर्ताहरूले यिनलाई अठारौं शताब्दीका हुन् भनी मानेका छन् । यस कुराको पुष्टि पन्तकै कतिपय कृतिहरूबाट थाहा पाइन्छ ।

यिनको जन्मस्थल दाना थियो जुन हाल धौलागिरी अञ्चल मुस्ताङ जिल्लामा पर्दछ । यसको साथै पन्तले आफ्नो कृतिहरूको अन्तमा कुर्माञ्चल अर्थात् कुमाउँ आफ्नो पुर्ख्यौलीस्थल भएको उल्लेख गरेका छन् । यो प्रदेश सुगौली सन्धि हुनु भन्दा अघि नेपालको अधिनमा थियो, पछि सुगौली सन्धि भए पछि कुमाउँ माथि नेपालीहरूको आधिपत्य हट्यो । यिनको प्रथम विद्याध्ययन आफ्नै जन्मस्थल दानामा नै भई दोस्रो केन्द्र कुमाउँ र तेस्रो स्थान वनारस थियो । यिनले आफ्नो प्रत्येक कुर्माञ्चलको उल्लेख गरेकाले यिनी कुमायूँ वाहुन् हुन् भन्ने थाहा हुन्छ ।

यिनको आमाको नाम उद्योतमती र पिताको नाम उमापति थियो । यिनी चारछापं गोत्रीय ब्राह्मण हुन् र कार्तवीर्यका महान् उपासक, श्री विद्याका परम्पराका कट्टर समर्थक एवं धर्मशास्त्री, आगमतन्त्रशास्त्री कर्मकाण्डी र प्रसिद्ध टीकाकार महान दार्शनिक नेपाली भाषा विशेषज्ञ तथा ज्योतिषी पनि थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यिनले रचना गरिएका र टीका गरेका पुस्तकहरूमा तन्त्रशास्त्रतर्फ–

१) षोडसनित्यातन्त्रटीका २) शिवताण्डवतन्त्रटीका (मल्लार्श) ३) श्रीविद्यानित्यकर्मकमला ४) श्रीविद्यानैमित्तिककर्मकमला ५) श्रीविद्याकाम्यकर्मकमला ६) शब्दार्थचिन्तामणि (शारदातिलकटीका) ७) काम्यदीपदानपद्धति (तान्त्रिक कर्मकाण्ड) ८) त्रैलोक्यविजयकवचटीका (स्तोत्र) ९) नित्यप्रयोगरत्नाकर १०) कार्तवीर्यघृतदानपद्धति (तान्त्रिक कर्मकाण्ड)

धर्मशास्त्र तर्फ–

१) कुमारशक्ति २) नृपश्लोकी ३) प्रायश्चितप्रदीप ४) पृथ्वीप्रेमोदय ५) श्राद्धकर्मनिधि (वैदिककर्मकाण्ड) ६) जगत्प्रेमोदय (यो पुस्तक राष्ट्रिय अभिलेखालयमा नभएको)

ज्योतिष तर्फ–

जैमिनीसूत्र व्याख्या

यस भक्तितरङ्गिणीमा प्रामाण्य विषयको महत्वपूर्ण ग्रन्थ हो । यसमा ,पशुपतादि तन्त्रशस्त्रको प्रामाणिकता र अप्रामाणिकताको विषयमा विस्तृत चर्चा गरिएको दार्शनिक भाषा भएकोले यसमा शैली कठिन छ र गद्यात्मक भई दार्शनिक शैलीको वादविवाद छ ।

यस ग्रन्थमा शास्त्रहरूलाई प्रामाणिक मानिएता पनि विरोध जनाउने वाक्य भएको तन्त्रशास्त्रलाई देख्दा कसरी प्रामाणिक मान्ने भन्ने विवाद छ । दार्शनिक वादविवादद्वारा वेद त स्वतः प्रामाणिक छ त्यस्तै अरू स्मृतिहरू पनि वेदमूलक भएकोले प्रामाणिक छ । तन्त्रशास्त्रमा मारण, मोहन, उच्चाटन आदि कार्य भएकोले तन्त्रशास्त्रलाई प्रामाणिक मान्न सकिँदैन भन्ने शंकाको समाधान गरी तन्त्रशास्त्रलाई प्राणिक मानिएको छ । वैदिक कर्ममा अधिकार नभएका प्राणीहरूका लागि तन्त्रशास्त्रद्वारा उत्तम गति प्राप्त होस् भनी विष्णु भगवान्बाट रचना गरिएको छ ।

कूर्मपुराणमा यसरी बताइएको छ –

ततः स भगवान् विष्णुः शरण्यो भक्तवत्सलः ।
गोपतिः प्राह विप्रेन्द्रानालोक्य प्रणतान् हरिः ।
न वेदवाह्यपुरूषे पुण्यलेशोऽपि शङ्करः ।
संगच्छते महादेव धर्मो वेदाद्विनिर्ययौ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथापि भक्तवात्सल्याद्रक्षितव्या महेश्वर ।

अस्मामिः सर्व एवैते गन्तारो नरकानपि ।

तस्मार्द्ध वेदवाह्यानां रक्षणार्थाय पापिनाम् ।

विमोहनानि शास्त्राणि करिष्यावो वृषध्वज ।

यसरी भगवान् शंकरबाट अह्राएका भगवान् विष्णु मुरारिले तन्त्रशास्त्रको रचना गरे भनी तन्त्रशास्त्रलाई पनि अरू शास्त्र सरह प्रामाणिक गराइएको विस्तृत दार्शनिक वादविवाद यस प्रकारको छ ।

अथ भक्तितरङ्गिणी

श्री राजराजेश्वराय नमः

अथ वाक्यानां विसंवादिनामपि दर्शनात्कथमेतत्तन्त्रस्य प्रामाण्यम्, अत्र वेदत्वाप्रसिद्धेः स्वतः प्रामाण्यासंभवादिति चेदस्ति, तद्दर्यस्यान्यंरमृतिनामिव वेदमूलकतयैव प्रामाण्यं, ननु स्मृतिनामपि सर्वासां प्रामाण्यं सर्ववेष्टनस्मृतेरतथात्वात्, नाप्यप्रामाण्यं, अष्टकादिस्मृतेः प्रामाण्याभ्युपगमात् । तदिह स्मृतित्वस्य हेतोर्व्यभिचारितया न प्रामाण्यं नाप्यप्रामाण्यं निश्चेतुं शक्यमिति चेन्मैवम् ।

प्रत्यक्षवेदाविरूद्धाया एव स्मृतेः प्रामाण्यात् । तथा च प्रत्यक्ष वेदाविरूद्धत्वेन हेतो र्विशेषणीयतया न साध्यव्यवभिचारिता । यद्वा न हि वयं तस्या अपि स्मृतेरप्रामाण्यमुररी कुर्मः । सर्ववेदप्रत्यक्षस्यासर्वज्ञानानसंभवेन तन्मूलभूतवेदस्यापि संभाव्यत्वात् । दृश्यन्ते हि परस्परविरूद्धार्थका अपि वेदाः षोडषिनं गृण्हाति न षोडशितं गृण्हानीत्येवमादयः, किन्तु परप्रत्यक्षापेक्षया स्वप्रत्यक्षस्यैव निश्चितप्रामाण्यकंतया प्रवृत्तिनियामकत्वौचित्येन स्वप्रत्यक्षार्थस्यैव अनुष्ठानमनुजानीमः ।

नन्वस्तु सांप्रतमनुष्ठानं सर्ववेष्टनस्मृतिमूलवेदोपलम्भोत्तरं तु का गति भवतीति चेत् या गतिः षोडशिनमित्यादि । षोडशिग्रहणाग्रहणयोः किञ्चिद्विलक्षणविलक्षणफलकयोर्विकल्पस्येवं सर्ववेष्टनावेष्टनोयोस्तत्संभवात् । ननु स्मृतीनां मूलतया वेदकल्पने तासां गृहीतार्थग्रातिहया प्रामाण्यापत्तिरिति चेन्न । स्मृत्यर्थग्रहोत्तरं तस्य प्रामाण्याय तन्मूलकल्पनेति स्मृत्यर्थग्रहात्पूर्वं न वेदार्थस्य ग्रहः, तस्याऽप्रयक्षत्वेन स्मृत्यतिरिक्तत्य कस्यापि प्रमाणस्य तत्रानवसरात् । तत्रापि वेदः प्रत्यक्षस्तदर्थ एव स्मृतिश्च दृश्यते तत्रापि विषयाधनिवन्धनप्रभाजनकत्वलक्षणं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रामाण्यमव्याहतमेव । इदृशमेत्र च प्रामाण्यं प्रकृतोपयोगि । नन्वेवमपि वैसर्जनीयं वासोऽध्वर्युगृंण्हाती त्यादि स्मृतिरपि प्रमाणां स्यात् ।

प्रत्यक्षवेदाविरूद्धत्वे सति स्मृतित्वस्य त्वया प्रामाण्यसाधकत्वाभ्युपगात् । मैवम लोभमूलकत्वसंभावनया वेदमूलकत्वस्य तत्र निश्चेतुमशक्यत्वात्, तथा च लोभादिमूलकत्वसंभावनाया अविषयत्वेनापि स्मृतित्वस्य विशेषणीयतया न क्वापि व्यभिचार इति सिद्धतन्त्राणां प्रामाण्येन ।

यत्तु रामनारसिंह-सौर-शैवादि-मन्त्रेषु पूर्वोत्तरतापिन्यादि प्रत्यक्षश्रुतिमूलकत्वमत्स्येव ततश्च तत्सामान्यादितरत्रापि तथात्वमित्यस्ति सकलतन्त्राणां श्रुतिमूलकत्वमिति तन्न, किन्नाम सामान्यत्वं श्रुतिमूलकत्वप्रयोजकं मन्त्रप्रतिपादकत्वमिति चेदाधुनिककल्पितमन्त्रवाक्यस्यापि तत्वापित्तेः ।

अस्य मन्त्रत्वमेव नानुमन्यामहे, इति चेत् श्रूतिमूलकत्वसंशयावसरे स्मृत्यु पनीतस्यापि मन्त्रस्य तत्वसंशयात् । प्रत्यक्ष श्रुतिमूलकभागकर्तृकर्तृकत्वमेत्रतदिति चेत् । वेदानुसारि भागकर्तृकर्तृका प्रामाणिकभागेति प्रसक्तेः न हि तद्गागस्यापि प्रामाण्यं कश्चिदभ्युपैति ।

अन्यथा वासोग्रहणस्मृतेरपि कुतः प्रामाण्यं न स्पात् न हि तत्स्मृतिकर्ता सर्वोऽपि भागो वेदविरूद्ध एव स्मर्यते । अतएव पदार्थादर्शे सर्वासुस्मृतिषु काण्डत्रयं कर्मोपासना ब्रह्माभेदेन तत्र कर्मकाण्डं जैमिनिप्रभृतिमिः सभ्यक्तया विवृतम् ।

इदमुपासनाकाण्डं नारदागस्त्यादिभिः ब्रह्मकाण्डं भगवद्व्यासादिभि रिति श्रुतिमूलतास्य । रामपूर्वोत्तरतापिनी सौराष्ट्राक्षरशैवपञ्चाक्षरादि श्रुतिस्तु साक्षादुपलभ्यत एवेत्युक्तं, न तु तत्सामान्यस्य श्रुतिमूलकत्व मित्यप्युक्तं किं तर्हि श्रुतिमूलकत्वसाधकमिति साधक चेत् प्रत्यक्षवेदाविरूद्धलोभादिमूलकत्वसंभावनाद्य विषयस्मृतित्वसामान्यमित्युक्त प्रायम् । ननु पुराणन्यायमीमांसाधर्मशास्त्रांगमिश्रिताः वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दशेतियोगेश्वरवचनापरिगृहतीस्यास्य शास्त्रस्य धर्मे कथमस्तु प्रामाण्यम् न चेदं गणनमूपलक्षणमात्रमिति वाच्यम् । शास्त्रपरिमाणदिति सूत्रविरोधापत्तेः । मैवम्

पुराणेष्वन्तर्भावस्य प्रामाणिकैः कृतत्वान् अत्रोच्छृङ्खलाः, तन्त्रशास्त्रस्य सर्वस्यैव प्रामाण्यं नोपगच्छा मः, कैवकयोड्डामरतन्त्रस्य ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नचेदेवं कापालं पाञ्चरात्रं च यामलं वामार्हतम् ।
एवं विधानि चान्यानि मौहनार्थानि यानि तु ॥
मया सृष्टानि शास्त्रानि मोहायैषां भवान्तरे ।

इति कूर्मपुराणस्य

पाञ्चरात्रं प्रशंसन्ति केचिद्भागवतं मुने ।
केचिद्बौद्धं प्रशंसन्ति केचिद्दैगंवरं मुने ॥
केचित्कापालमिच्छन्ति केचित्पाशुपतं मुने ।
केचिद्वामं प्रशंसन्ति केचिच्छाक्तं तथैव च ॥
शाम्भवं केचिदिच्छन्ति यामलं भुवि केचन ।
स्वतः प्रमाणभूतेन देवेन मुनिसत्तम ॥
अन्यानि यानि शास्त्राणि विरूद्धानि महामुने ।
तान्येव श्रद्धया युक्ताः परिगृह्य द्विजादयः ॥
आचरन्ति महापापा युगान्ते समुपस्थिते ।
इति लिङ्गपुराणस्य च व्याकोप आपद्येत

विलीयेत च पाञ्चरात्रादिशास्त्राणां वेदमूलत्वमास्तिकाः नहि स्वतन्त्रास्ते तेन भ्रान्ति मूलानिरूपणे, इति सूतसंहितावचनार्थपरस्य नारदपाञ्चरात्रादिमार्गाणां वेदमूलत्वं नास्ति किन्तु स्वतन्त्रैव । आपाततो लोकोपसंग्रहलाभपूज्याख्यादि प्रयोजनसाधनेन प्रमाणवदाभासेऽपि वास्तविके निरूपणे विचारे कृते सति भ्रान्तिमूला एव ते वेदविरूद्धानेकार्थोपदेशादिति माधवग्रन्थस्य सौरस्यं आपतितं च ते धर्माधर्मादिविज्ञानेत्वागताः प्ररूषोदिताः ।

पाञ्चरात्रादयः सर्वे न प्रमाणमितिस्थितिरिति पराशरसंहिता वैरस्येन । किञ्च

पूरा शाण्डिल्यसंज्ञस्तु ब्राह्मणः कश्चिदल्पवित् ।
वासुदेवं कुमार्गेण पूजयामास सुव्रतः ॥
ततो विश्वात्मको विष्णुः प्रादुरासीत्स्वमायया ॥
ततो मायी हरिर्ब्रह्याञ्छाण्डिल्यं प्रत्यभाषतः ।
धिक्धिक् शाण्डिल्यदुर्वुद्धे साहसीत्वमहोभृशम् ।
को वा वर्णाश्रमाचारं श्रौतंत्युक्तं त्वया विना ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शक्तः पापावलात्त्यक्तुर्नास्ति ते निस्कृतिः श्रुतौ ॥
शाण्डिल्योऽपि मनुर्ब्रह्मान्पाञ्चरात्रं तु वैष्णवम् ।
परिगृह्य महाविष्णुं पूजयामास भक्तितः ।
पुनर्विष्णोः प्रसादेन वेदमार्गातिवत्तिनीम् ॥
शाण्डिल्यः संहितां चक्रे वैष्णावीं महतीं मुने ।
तस्याश्चक्रुर्मुनेर्दीक्षा पाखण्डाः पापयोनयः ।

इति वसिष्ठसंहितावचनेभ्योरपि तान्त्रिकमार्गाणामप्रामाण्यमेव दार्व्यसरणिमवलंवते । अपि च अधिकारोऽपि नेह साधीयसां किन्तु पापीयसामेव । यदुक्तम्– ।

शापाद्वा गौतमादीनां पापाद्वा महती नराः ।
ये गता वेदवाह्यत्वं ये च संकीर्णयोनिजाः ॥

तेऽधिक्रियन्ते तन्त्रादौ स्त्रीशूद्राश्च यथातथमिति,

कूर्मपुराणेऽपि–

ततः स भगवान् विष्णुः शरण्यो भक्तवत्सलः ।
गोपतिः प्राह विप्रेन्द्रानालोक्य प्रणतान् हरिः ॥
न वेदावाह्यपुरूषे पुण्यलेशोऽपि शंकरः ।
संगच्छते महादेव धर्मो वेदा द्वि निर्ययौ ॥
तथापि भक्तवात्सल्याद्रक्षितत्वात् महेश्वर ।
अस्माभिः सर्व एवै ते गन्तारो नरकानपि ॥
तस्माद्वै वेदवाह्यानां रक्षणार्थाय पापिनाम् ॥
विमोहनानि शास्त्राणि करिष्यावो वृषध्वज ।
एवं संवोधितो मद्रो माधवेन मुरारिणा ॥
चकार मोहशास्त्राणि केशवोऽपि शिवेरितः
पाञ्चरात्रं पाशुपतं तथान्यानि सहस्रशः ।
सृष्ट्वा तानूचतुर्देवौ कुर्वाणाः शास्त्रचोदितम् ॥
पन्ततो निरये घोरे वहून्कल्पान्पुनः पुनः ।
जायन्ते मानुषे लोकै क्षीणा पुण्यचयास्ततः ॥
ईश्वरा राधनवलाद्गच्छध्वं सुकृतां शतिम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्तध्वमप्रमादेन नान्यथा निस्कृतिर्हि वः ॥

एवमीश्वरविष्णुभ्यां चोदितास्ते महर्षयः ।

आदेशं प्रत्यपद्यन्त शिरसा सुरविद्विषोः ।

चक्रुस्तेऽन्यानि शास्त्राणि तत्र रक्ताः पुनः पुनः ॥

शिष्यानध्यापयामासु र्दर्शयन्तः कलानीति ।

इत्थं च वेदभ्रष्टानामुद्दिधीर्षया एतच्छास्त्रकरणान्तेषामेवाधिकारः स्पष्टमध्यवसीयते ।

यन्तु चतुर्षुवेदेषु पुरूषार्थमलभमानः शाण्डिल्य इमां विद्यामधीतवानित्यनेन वेदादप्यधिकप्रदर्शनं तत्तु तत्र प्रवृत्यर्थमर्थवादमात्रम् । अत एवेदृशतात्पर्यानभिज्ञानां यथाश्रुतार्थ एव तात्पर्यभ्रमेण मोहकत्वमेतच्छास्त्रस्योक्तं मोहनार्थानित्यादिना । केचित्तु, पतितानां देवेष्वधिकाराभावेन तेभ्यः पुरूषार्थाधिगमासंभवात्पशुपुत्राद्यैर्हिकषटार्थत्वस्यातिकालं विलम्वेन सङ्गतिकारित्वस्य च निषिद्धांशेऽप्यत्र संभवात् । यथा श्रुतार्थमेव साधीयः । शाण्डिल्यस्याप्युपवर्णितमेव वेदानधिकृतत्वमिति वदिन्त । किञ्च ज्ञानपूर्वकं ब्रह्माहत्यानि महापापानां मरणान्तिकं प्रायश्चित्तं श्रुत्याद्युक्तं तदा चरितुमसमर्थानां तन्त्रोदितं कर्म पापापनोदकमुक्तमिति तेषामेवेहाधिकारः । तदुक्तं साम्वपुराणे–

श्रुतिर्भ्रष्टः श्रुतिःप्रोक्त प्रायश्चित्ते भयंगतः ।

क्रमेण श्रुतिसिद्ध्यर्थं मनुष्यस्तन्त्रमाश्रयेत् ॥

धर्मशास्त्रे पुराणे च प्रोक्तं हि मरणान्तिकम् ॥

प्रायश्चितं मनुष्याणां पापिष्टानां सुदारूणम् ॥

भयं दुर्वलचित्तानां मरणाज्जायते भृशम् ।

तेषामेवाभिरक्षार्थं खल्वहं तन्त्रमुक्तवानिति ॥

श्रुतिभ्रष्टो महापापादि समाचारणेन वेदोक्तकर्मस्वनधिकृतः श्रुतिप्रोक्तप्रायश्चित्ते द्वादशवार्षिकादि व्रतचर्यारूपे मरणान्तिके प्रायश्चित्ते श्रुतिसिद्ध्यर्थं वेदोक्तः कर्माधिकृतता संपत्तये । अन्यदप्युक्तं तत्रैव–

पाञ्चरात्रं भागवतं तन्त्रं वैखानसाभिधम् ।

वेदभ्रष्टान्समुद्दिश्य कमलापतिरूक्तवानिति ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्यत्रापि–

अत्यन्तस्खलितानां हि द्विजानां वेदमार्गतः

पाञ्चरात्रादयो धर्माः काले नैवोपकारकाः इति ।

सूतसंहितायामपि–

श्रुतिरपि मनुजानां वर्णधर्मं वभाषे ।

परगुरूरखिलेशः प्राह तन्त्रेषु तद्वत् ॥

श्रुतिपथगलितानां वर्णधर्मं घृणाध्विः ।

श्रुतिपथनिरतानां नैवतत्सेवनीयम् ॥

श्रुतिपथनिरतानामाश्रद्यद्वदुक्ताः ॥

परगुरू रखिलेशस्तद्वदाहश्रमांश्च ।

श्रुतिपथगलितानां मानुषाणां तु तन्त्रे

हरिरपिमुनिमुख्या प्राह तन्त्रे स्वकीये ॥

विधिरपि मनुजानां प्राह्वणी श्रमांश्च ।

श्रुतिपथगलितानामेव तन्त्रे स्वकीये ॥

श्रुतिपथनिरतानां तेन संसेवनीयाः ।

श्रुतिपथगलितानामेव ते सेवनीया इति ।

तस्मात्सिद्धं तन्त्रशास्त्रस्य शिष्टाननुष्टेयार्थकत्वलक्षणेनाप्रामाण्येनेति वयं तु ब्रूमः । स्वतः प्रमाणभूतेनेत्यादिना वेदविरूद्धार्थकस्यैवाप्रामाण्ययुक्तमिति । तद विरूद्ध भागास्याप्रामाख्ये मानाभावः प्रत्युत सकततन्त्रशास्त्रस्पाप्रामाण्ये विरूद्धा नीत्यन्तस्य वैयर्थापत्या तवैव वचनव्याकोपः अन्यन्मते चेतरांशस्याप्रमाणत्वाभावेनोपायमेव तत् । विमोहनानि शास्त्राणि इत्यादिनापि तादृशभागस्य निन्दा प्रत्याप्यते । न चेदेवं किञ्चिद् व्याकरणस्मृतेर्वेदविरूद्धतयाऽप्रामाण्येन सकलतत्स्मृतेरप्रमाण्यं किं नरोचये ।

कुतो वा वासोग्रहणस्मृतेरप्रामाण्येनाष्टकादिस्मृतेरपि तथा त्वं न ब्रूयाः । तस्माद्यावदंशस्य वेदविरूद्वत्ववेदामूलकत्वं वा तावानेवांशोऽप्रमाणभित्येवास्थेयमिति वेदाविरूद्धस्य तन्त्रशास्त्रस्य सर्वथैव प्रामाण्यमिति संक्षेपः, नैयायिकानुयायिनस्तु पुरूषाणां भ्रमसंभावनया तदुक्तीनां प्रामाण्यानिर्णयेऽपि भ्रमशून्यस्य सर्वज्ञस्य भगवतो वाक्यानि निशङ्कम व्याहतं प्रामाण्यं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यासादीनां वा सर्वज्ञतया संदिग्ध प्रामाण्यकं भारतादिवाक्यमाधुनिकज्ञानिजनापेक्षया सकलशास्त्रसिद्धवहुतर ज्ञानादिमद्वल्लकत्वेन मूलभूतवेदमनुमाय्य निःसंदिग्धप्रामाण्यकं भवत् प्रवर्त्तयति स्वार्थेषु विद्वत्तमान् । अन्येषां च श्रुतेरिव सकलयाः स्मृतिरपि ज्ञानस्यासंभाविततया तद्वाक्यं स्मृतेरप्यनमापकमित्यप्रमाणमेव ।

अविगीतशिष्टाचारस्तु स्मृतेरनुमापकतया समीष्यत एव प्रमाणतया सर्वैः, यतो हि शिष्टा अननुशिष्टं नाणीयां समप्यर्थमनुतिष्ठन्ति । इत्यञ्च भगवदुच्चरितत्वा वेदास्ति । श्रुतीनां प्रामाण्यं आधुनिकापेक्षयाऽधिकज्ञानवत्वेऽप्यस्ति कश्चिज्ज्ञानातिशयो व्यासाद्यपेक्षया कृष्णादेः सकलशास्त्रसिद्धः ।

अत एवान्यज्ञानोपदेशक व्यासादिप्रणीतशास्त्रादुत्कर्ष विशेषवोधनाय या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिः सृतेत्यादिना भगवन्मुखनिःसृतत्वं गीतायाः स्मर्यते । तथा चोड्डाकामरादितन्त्राणामपि भगवत्सदाशिवोच्चरितत्वादेवास्तु प्रामाण्यं न तु व्यासादिप्रणीताष्टकास्मृतीनामिव श्रुतिमुखनिरीक्षणेन ।

नन्वेवं वेदविरूद्धवाममार्गा प्रतिपादकानाभपि तन्त्राणामापतितं प्रामाण्येनेति चेत्नेतिके ब्रूते । नहि वेदस्यापि वाक्यं सर्वं वेदाविरूद्धमेव । नहि स्यात्सर्वाभूतानि निरपेनाभिचरन् यजेत, इत्थनयोः परस्परं विरोधात् ।

अथोत्कटरावतः श्येनयागाद्वैरिमरणरूपेष्टसाधनमात्रे तात्पर्यं न तु नरकाद्यनिष्टा न तु वन्धित्वेऽपीतिचेत् सैवेहापि गतिः । यद्वा यस्य योयः सुरापानानिमार्गो न निषिद्धस्तच्छूद्र विषयमेव तत्तत्तन्त्रं तेष्वेव वर्त्तन्ते । न हि संध्यामुपासीतेत्यादि श्रुतिरपि सर्वत्र प्रवर्त्तन्ते । शूद्राद्यैः पतितद्विजाद्यैश्चानाचरणात् प्रमाणं तु पुनः सर्वान्प्रति सर्वोऽपि भागी भवत्येवेति संक्षेपः ।

यस्यो द्योतमती सती गुणवती मातापितोमापति–
र्नाभ प्रेमनिधीतिपन्तकुलभूः कूर्माचलो जन्मभूः ।
तज्जे भक्ति तरङ्गिणीति कथिते ग्रन्थे महासुन्दरे
पूर्वोऽप्यर्थ सुधाप्रवाह मिलितः पूर्वस्तरङ्गो गतः ॥

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाहौर अभिलेखालय (पाकिस्तान) स्थित नेपाल-अंग्रेज सम्बन्धी ऐतिहासिक कागजातको सूची

मिति ०२९।१२।१०।६ मा श्री ५ महाराजाधिराजका तात्कालिक निजी सचिव श्री नारायणप्रसाद श्रेष्ठ (वर्तमान प्रमुख निजी सचिव) को सौजन्यबाट प्राप्त लाहौर अभिलेखालयमा रहेका नेपाल-पाकिस्तान सम्बन्ध विषयका ऐतिहासिक कागजातहरूको प्रतिलिपि यस राष्ट्रिय अभिलेखालयमा सुरक्षित राखिएको छ । उक्त प्रतिलिपि श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव श्री ५ युवराजाधिराज होइबक्सेको समयमा पाकिस्तान सवारी भ्रमणको सिलसिलामा लाहौरस्थित राष्ट्रिय अभिलेखालयमा सवारी होइबक्सँदा नेपाल-पाकिस्तान सम्बन्ध विषयका ऐतिहासिक कागजातहरूका प्रतिलिपि पाउन इच्छा गरी बक्से बमोजिम पाकिस्तानी राजदूतावासको सौजन्यताबाट प्राप्त हुन आएका हुन् ।

यी कागजातहरू नेपाल-अँग्रेज सम्बन्धमा शोध गर्ने अनुसन्धानकर्ताहरूलाई लाभदायक हुने छन् भन्ने आशा लिएर नै तिनको सूचीपत्र यहाँ प्रकाशित गरिएको छ ।

Table of Contents

S.No.	Letter No.	Subject	Page
1.	3/36	Depredations of Gurkhas in Nadaun and Hindur	1
2.	6/27	Appeal from Gurkhas for British assistance against kot kangra	4
3.	6/37	do	5

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

S.No.	Letter No.	Subject	Page
4.	6/39	Encroachments of Gurkhas and nego tiations with Gurkhas	8
5.	6/41	do	10
6.	7/37	Designs of Gurkhas against Ranjit Singh's tributaries	11
7.	7/40	do	18
8.	7/45	Letters to and from Ranjit Singh Raja regarding his designs against Nepalese	19
9.	8/35	Usurpation by Gurkhas of two villages from the Palasian Raja	20
10.	8/88	do	26
11.	8/48	do	27
12.	8/52	do	28
13.	8/55	do	30
14.	8/57	do	32
15.	8/65	do	33
16.	8/62	Operations against and negotiations with Gurkhas of Nepali	41
17.	8/86	do	43
18.	8/89	do	45
19.	8/90	do	46
20.	8/99	do	49
21.	8/100	do	53
22.	8/102	do	55
23.	8/104	do	57
24.	8/105	do	73
25.	8/107	do	81

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

S.No.	Letter No.	Subject	Page
26.	8/111	Operations against and negotiations with Gurkhas of Nepaul	82
27.	8/113	do	84
28.	9/5	Negotiations with Gurkhas	91
29.	9/10	do	94
30.	9/14	Raising and employment of Irregulars Troops in the Hills	95
31.	9/19	Negotiations with Gurkhas	101
32.	9/21	do	113
33.	9/40	Disposal of Keonthal and tribute from Keonthal	129
34.	9/62	communications to Raja of Sikkin regarding the Gurkhas campaign	143
35.	9/64	Negotiations with Gurkhas	146
36.	9/69	do	156
37.	9/79	Policy to be pursued in negotiations with the Raja of Nepaul	159
38.	10/38	Claims of Gurkhas to Panjaur Valley	167
39.	10/43	Applications of Gurkhas for assistance against Kot Kangra	169
40.	10/56	Contemplated attack on Panjaur by the Gurkhas	176
41.	10/59	do	177
42.	11/25	Conquest by Gurkhas in the Hills	185
43.	11/49	Protection of territories of Sardars bordering on the Hills from the Gurkhas	186
44.	11/51	do	187

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

S.No.	Letter No.	Subject	Page
45.	12/29	Designs of Gurkhas against Ranjit Shinh's tributaries	189
46.	12/33	do	193
47.	13/38	Claims of Gurkhas to Pinjaur Valley	197
48.	13/39	do	200
49	13/44	do	201
50.	13/50	Encroachments of Gurkhas and negotiations with Gurkhas	203
51.	13/54	do	209
52.	13/58	do	211
53.	13/61	do	213
54.	13/63	do	218
55.	13/65	Restitution by Amar Singh of the four Villages of Bitauli to Raja Ram Singh of Palasian (Hindur) Intended visit of Col. Octerlony to Amar Singh	221
56.	13/67	Account of Colonel Octerlony's tour	225
57.	14/1	Negotiations with Gurkhas	241
58.	14/2	do	250
59.	14/3	Expeditions against the Gurkhas	252
60.	14/5	do	259
61.	14/6	Refusal of Raja Mahachand of Bilaspur to Join the British	263
62.	14/7	Surrender of fortress of Nalagarh	265
63.	14/9	Negotiations with Gurkhas	268
64.	14/10	do	269
65.	14/11	do	271

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

S.No.	Letter No.	Subject	Page
66.	14/12	do	272
67.	14/13	do	274
68.	14/14	do	275
69.	14/18	Rufusal of Mahachand of Bilaspur to Join the British	276
70.	14/20	Negotiations with Gurkhas	278
71.	14/22	Sanad granted to Bilaspur Raja Mahachand after acceptance by him of terms offered	279
72.	14/23	Settlement of Hill States between Jummna and Sutlej	283
73.	14/24	Intercepted letters from Amar Singh Thapa	286
74.	14/26	Agreement with Kazi Amar Singh Thapa Gurkhas Commander	287
75.	14/27	do	289
76.	14/28	Settlement of country conquered from the Gurkhas	290
77.	14/29	Departure of Kazi Amar Singh Thapa	294
78.	14/39	Management of Hill Districts Conquered from the Gurkhas	295
79.	15/41 A	do	302
80.	15/43	do	304

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रेमनिधिपन्तनिर्मित कुमारशक्ति नामक धर्मशास्त्र

– हरिनाथ गौतम

लगत नंवर पं. ६३३५ विषय संख्या २१९ ग. धर्मशास्त्र ग्रन्थकार पं. प्रेमनिधि पन्त नेपाली कागत देवनागरी लिपि पंक्ति ११, आकार ९ $\frac{१}{२}$x४ ग्रन्थसंख्या १७०४ पत्रसंख्या १०६

श्री राज शाहाका सुपुत्र श्री पृथ्वीपति शाहाको आज्ञा अनुसार राजकुमारलाई यथाशीघ्र धर्मशास्त्रको ज्ञान गराउन विद्वान् पण्डित प्रेमनिधि पन्तले रचना गरेको कुमारशक्ति नामको धर्मशास्त्रग्रन्थ राष्ट्रिय अभिलेखालयको पंचम लगतको ६३३५ नं. मा दर्ता भएको छ ।

सो पुस्तकको आरम्भवाक्य यस प्रकार लेखिएको छ–

भवदवदहनदुरन्तज्वालावलिकलितशैथिल्यम् ।
विपुल्लता शतावृतमहमच्युतवारिदं वन्दे ॥१॥
भूमिमण्डलकल्पशालनृपति श्री राजशाहात्मजः ॥
श्रीपृथ्वीपतिशाहदेववचनान्मन्दाल्पचेतोभृतः ॥
अल्पायासत एव भूरिकलहं श्रीधर्मशास्त्रं द्रुतम ।
सम्यग्बोधयितुं करोमि कुतुकात्कश्चिन्निवन्धन्नवम् ॥२॥
अध्ययनभावनाभ्यां ज्ञात्वा तत्वानि धर्मशस्त्रस्य ॥
श्रीराजकुमाराणां प्रीत्यै कुर्वे कुमारशक्ति द्राक् ॥३॥
न न्यायेन विना च चापि सुधिया मीमांसया वा विना ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाप्यात्राखिलधर्मशास्त्रनिवहैः सम्यक् समालोकितैः ॥
श्रीपृथ्वीपतिशाहदेवहृदयोल्लासार्थमेनां कृति ।
श्रीमत्प्रेमनिधेर्विलोकितमलं लोकस्त्रिलोकीतले ॥४॥
करूणा वरूणालये तले सुयश श्चदिरमन्दिरे दरे ॥
कमला विमलाश्रमे नया त्वथ रत्नाकरतापि वर्त्तताम् ॥५॥
ग्रन्थं कुमारशक्त्याख्यां करे धृत्वा धरापतेः ॥
कुमारः संशयक्रौञ्चविच्छेदं हि विधास्यति ॥६॥
स्मृतिरहत्यभिदं नहि भाषया लिखितमप्ययमान्यमदूषणम् ।
नहि मणो र्महिमा मलिनांवरेप्वपि निबन्धनतः परिहीयते ॥७॥

यस कुमारशक्ति नामको धर्मशास्त्रग्रन्थमा विद्वान् पण्डित श्री प्रेमनिधि पन्तले यो ग्रन्थ रचना गर्दा विभिन्न धर्मशास्त्रहरूका ग्रन्थ जस्तै मनुस्मृति, याज्ञवल्क्यस्मृति, कालमाधव पुरूषार्थचिन्तामणि पाराशरस्मृति, कालतत्वविवेक, आपस्तम्वधर्मसूत्र,, द्वैतनिर्णय इत्यादि र आगमहरूमा शिवरहस्य, विष्णुरहस्य, तत्वविवेक, पुराणहरूमा कालिकापुराण, ब्रह्मपुराण, मत्स्यपुराण, भविष्यपुराण, गरूडपुराण, मार्कण्डेयपुराण, ब्रह्मवैवर्तपुराण, स्कन्दपुराण, विष्णु धर्मोत्तर बृहस्पतिरहस्य आदि सबै पुराण र धर्मशास्त्रहरू समेतबाट संग्रह गरी निर्णयात्मक धर्मशास्त्र खडा गरेका छन् ।

सर्वप्रथम यस कुमारशक्ति ग्रन्थमा- सुवासिनी स्त्रीले पतिआज्ञा विना उपवासादि व्रत बस्न निषेध गरिएको निर्णय लेखी 'भार्या च पतिमुद्दिश्य व्रतेषु समुपोषिता ॥ पुण्यं शतगुणं यायादिति वौधायनोऽव्रवीत्' इत्यादि प्रमाण देखाउनु भै नवरात्र व्रतको कर्मकाल, समय कर्तव्याकर्तव्यको निर्णय गरी चैत्र शुक्ल प्रतिपदा र आश्विन शुक्ल प्रतिपदादेखि प्रातःकालमा आरम्भ गरी क्रमश द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी तिथीहरूमा भगवतीलाई चढाउनें सौभाग्यलङ्काहरूको संक्षिप्त सामान विल्वपत्र निमन्त्रणाको विधानको उल्लेख गरी सप्तमीको नवपत्रिका प्रवेशको समय प्रातःकाल सूर्योदयकाल निर्णयगरी महाअष्टमीको दिन कालरात्री, भद्रकालीपूजाको विशेष विभिन्न तर्क वितर्क देखाई निर्णय गरेको छ । वलिदान विषयको विशेष प्रकार समेत देखाएको छ ।

नवमीको दिन सूर्योदय कालमा हुने विशेष पूजा र वलिदानको विवरणको उल्लेख गरी नवरात्रको नक्त व्रत रात्रीभोजनको निर्णय गरी षोडशोपचारको पूजाक्रम र पूजाविधि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवतीलाई चढाउउने आसन जलअर्घ कर्मपात्रोदक पञ्चामृत चन्दन अक्षता सिन्दूर अवीर जौतिल सौभाग्यफूल माला अङ्गपूजा धूप, दीप, दान, प्रदक्षिणा नमस्कार इत्यादिको उल्लेख छ । विजया दशमीलाई शमी दिने–शब्दले उल्लेख गरी "प्रातःकाले विसर्जनं कुर्यात्" भन्ने वचन देखाई प्रातःकालमा नै दुर्गा भगवतीको विशेषपूजा गरी निम्न प्रकारको स्तोत्र पाठ गरी विसर्जन गर्ने भन्ने लेखेको छ । ती स्तोत्र यस प्रकारको छ–

दुर्गां शिवां शान्तिकरीं व्रह्माणीं ब्रह्मणः प्रियाम् ॥
सर्वलाकप्रणोतृं च प्रणमाभि सदा शिवाम् ॥१॥
मङ्गलां शोभनां शुष्कां निष्कलां परमां कलाम् ॥
विश्वेश्वरी विश्वमातां चण्डिकां प्रणमाम्यहम् ॥२॥
ईशानमातरं देवीमीश्वर (व्रह्माणः) प्रियाम् ॥
प्रणतोऽग्मि सदा दुर्गां संसारार्णवतारिणीम् ॥३॥
य इदं पठति स्तोत्रं श्रृणुयाद्वापि मानवः ॥
स मुक्तस्सर्वपापेभ्यो दुर्गया सह मोदते ॥४॥

उपर्युक्त स्तोत्रपाठ गरेर वाजागाजा शङ्ख घण्ट डमरूको आवाजबाट विसर्जन गर्नु पर्दछ भन्ने निर्णय गरेको छ ।

यस्तै कृष्ण जन्माष्टमीको व्रत र कर्मकालको निर्णय गरेको छ ।

एकादशीव्रत विषयमा शुद्धा एकादशी विद्धा एकादशी उभय विद्धा एकादशीको विभिन्न प्रकारका तर्क वितर्कबाट निर्णय गरी स्मार्तहरूले लिने व्रतविषय जस्तै वैष्णवहरूले लिने व्रतविषयको निर्णय गरेको छ । यस्तै शिवरात्रीव्रतविषयको निर्णय गरेको छ ।

फाल्गुनी पूर्णिमा (होली) र चीरदाहको विषयमा भद्रा समाप्त भएपछि मात्र चीरदाह गर्ने भन्ने निर्णयको उल्लेख छ ।

यस्तै प्रस्तुत पुस्तकमा श्रावणी कर्म उपाकर्मको विस्तृत छलफल देखाई कर्मकालको निर्णय गरेको छ ।

विद्वान् श्री प्रेमनिधि पन्तले दुर्गा अष्टमी श्रवण (वामन) द्वादशीको कर्मकाल दीपावली लक्ष्मीपूजा गाईपूजा गोवर्धनपूजा वलिपूजा यमद्वितीया भातृपूजाको समेत सरल तरिकाबाट निर्णय गरी प्रष्ट पार्नु भै ग्रन्थ उपसंहारको अन्तिम वाक्यमा यस प्रकारले उल्लेख गर्नु भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाषाणादपि पीयूषधारापारेयमागता ॥
यल्लीलालवमात्रेणे वन्दे लम्वोदरं हितम् ॥१॥
एषा कुमारशक्ते निर्णयधारा गता पारं ॥
श्रीपृथ्वीपतिशाहः करोतु नितरामिमां हारम् ॥२॥
स्मृतिन्यायमीमांसकाद्यर्थतत्वं ।
विदित्वैव भो भो प्रधाना बुधानाम् ॥
इमां भूषयध्वन्तथा दूषयध्वं ॥
परित्यज्य मीमांसकादेस्तु रित्तिम् ॥३॥
कला स्समुन्मूलयति प्रकामं ।
समापि संभूषयितुः समग्राः ॥
किन्दूषकाणान्तु कला विनाशे ।
विचारलेशोऽपि कुमारशक्तेः ॥४॥
कस्तूरीतिलकायितं हि गगनं यस्या इमासुत्तमां
श्री पृथ्वीपतिशाहकीर्तिममितां स्कन्दे समादाय या
धावन्ती त्रिजगत्प्रयाति सहसा तामश्रमैस्तन्वतो
योऽजश्रं शरणं विचित्रकृतये कृष्णाय तस्मै नमः
इत्थं श्रीमदपारभूसुचरद्दौर्गत्यदोषात्यय
प्रागल्भ्य द्युमणिद्युतेः क्षितिपतेः पृथ्वीपतेः प्रीतये
श्रीमत्प्रेमनिधि द्विजो वितनुते यां सन्मनस्संशय
च्छेदेककुमारशक्तिममलां धारादिमास्या गता ॥६॥

इति श्रीकूर्माचलाखण्डलद्वारगीर्वाणगुरू– श्रीप्रेमनिधिषण्डितनिर्मितायां कुमारशक्तौ प्रथमधारा सम्पूर्णम् शुभमस्तु संवत १८८२ काश्यां लिखितम् महादेववेन शुभम् ।

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख, राष्ट्रिय अभिलेखालय र नेपाल

- बलरामदास डंगोल

अभिलेख शब्द अभि उपसर्ग लागेको लिख् धातुबाट बनेको हो । साधारण बोलचालमा प्राचीन भाषामा लेखिएका लेखौटहरू (हस्तलिखित ग्रन्थ, शिलापत्र, तामापत्र, ताडपत्र, काष्ठपत्र, भुजापत्र, कागजपत्र आदि)लाई नै अभिलेख भन्ने चलन छ । अँग्रेजीमा अभिलेखलाई आर्काइभस् (Archives) भनिन्छ । अर्काइभस् शब्दको उत्पत्त ग्रीक शब्द आर्चीयन (Archeion) बाट भएको छ । यही ग्रीक आर्चीयन शब्दको क्रमिक विकास लैटिन भाषामा आर्चीभियम (Acrhivium) हुन गयो । आर्चीभियम भन्नाले त्यो ठाउँ जहाँ सार्वजनिक वा सरकारी कागजातहरू राखिन्छन् भन्ने बुझिन्छ । लैटिन शब्द आर्चीभियमलाई फ्रांसेली भाषामा पहिले लार्चाइभ (Larchive) एक वचनमा प्रयोग गरिन्थ्यो । पछि यसलाई लेस आर्चाइभस (Les archives) भनी बहुवचनमा प्रयोग गरिन थाल्यो । फ्रांसेली लेस् आर्चाइभस शब्दबाट नै अँग्रेजीमा आर्काइभस् बहुवचनमा प्रयुक्त हुन थाल्यो । अर्काइभस शब्दले तीन किसिमको अर्थ बुझाउँछ । पहिलो अर्थमा ती सरकारी कागजातहरू, दोस्रो अर्थमा त्यो भवन जहाँ यी सरकारी कागजातहरू राखिएका हुन्छन् र तेस्रो अर्थमा त्यो प्रशासनिक व्यवस्था जसले यी कागजातहरूको सुरक्षाव्यवस्था गर्दछ ।

साधारण बोलचालमा अभिलेख भन्नाले रेकर्डको बोध गराउँछ । त्यसैले रेकर्ड भनेको के हो ? यसको उत्पत्ति कसरी भयो ? रेकर्ड शब्दको उत्पत्ति लैटिन भाषाको रेकर्डरी (Recordari) बाट भएको हो जसको शाब्दिक अर्थ हुन्छ–ध्यानपूर्वक संझनु (Memory) लैटिन शब्द कोर (Cor) को अर्थ हुन्छ मुटु (Heart) जो स्मरण शक्तिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूल थलो मानिन्छ (Seat of memory) त्यसैले कुनै पनि विषयलाई चिरकालसम्म स्मरण राख्नको निम्ति कुनै लेखोटको रूपमा सञ्चय गरी राख्नुलाई नै रेकर्ड भनिन्छ ।

अति प्राचीनकाल लेखनकलाको विकास हुनुभन्दा अघि कुनै पनि घटनालाई रेकर्ड गरी राख्नु पर्‍यो भने त्यस घटनलाई कण्ठस्थ गरी पुस्ता दरपुस्तासम्म राख्ने चलन थियो । यसको ज्वलन्त उदाहरणको रूपमा वेदलाई लिन सकिन्छ । त्यसैले वेदको अर्को नाम श्रुति पनि हो । वेदलाई सयकडौं वर्षसम्म कण्ठस्थ पारेर रेकर्डको रूपमा राखियो । लेखनकलाको विकास हुनु भन्दा अघि मानिसहरूले कुनै पनि घटनालाई चिह्न, तस्वीर आदिको रूपमा माटो, चट्टान, गुफा आदिमा कुँदेर पनि राख्न थाले । जुन देशको सभ्यता जति पुरानो हुन्छ त्यस देशको रेकर्ड बन्दोबस्त पनि त्यति नै घतलाग्दो हुन्छ ।

अभिलेख शब्दले रेकर्डको बोध गराए तापनि सबै रेकर्डहरूलाई अभिलेख भन्न मिल्दैन । कुनै पनि रेकर्डलाई अभिलेखको संज्ञा दिन त्यसमा केही विशेषताहरू हुनुपर्छ । अभिलेख भन्नाले ती पुराना सकारी कागजातहरू बुझिन्छन्, जसलाई दैनिक प्रयोगमा नचाहिने भनी अलग्ग छुट्याइन्छ । अभिलेखहरू जुन संस्था वा विभागले अभिलेखालयमा सुरक्षित राख्न जम्मा गरेको हुन्छ । त्यसमा त्यो संस्था वा विभागको पूर्ण स्वामित्व हुन्छ । यसमा कसैले कुनै किसिमको केरमेट गर्न हुँदैन र आवश्यकता परेको खण्डमा यसको प्रामाणिकताबारे कुनै पनि अदालतमा प्रमाणित गर्न सक्नुपर्छ । अर्थात् यसको प्रामाणिकता माथि कुनै किसिमको शङ्का उपशङ्का हुनु हुँदैन ।

अभिलेखालयको संस्थागत विकास संभवतः सर्वप्रथम प्राचीन ग्रीसमा भयो । इशा पूर्वको पाँचौं तथा चौथो शताब्दीति ग्रीकबासीहरू आफ्ना महत्वपूर्ण रेकर्डहरू मेट्रनको मन्दिर (Temple of Metreon-mother of gods)मा राख्ने गर्थे । यहाँ तिनीहरूले सन्धिपत्र, सदनको कारबाई सम्बन्धी कागजातहरू, सदनबाट पारित गरिएका नियम कानूनहरू विशिष्ट लेखकहरूका पाण्डुलिपिहरू तथा ओलम्पिक विजेताहरूको नामावली आदि राख्ने गर्दथे ।

आधुनिक कालमा संभवतः १३०२ ई. मा इटालीको बोलंग (Bologna) भन्ने शहरमा प्रथम अभिलेख विशेषज्ञको नियुक्ति भएको थियो । अभिलेख संरक्षणको विचार इटालीबाट वेलायतमा आयो । एडवर्ड प्रथम (१२७२-१३०७ ई.) ले लण्डनको टावरमा रेकर्ड अफिसको स्थापना गर्‍यो । एजिजावेथ प्रथम (१५५८-१६०३ ई) ले १५७८ ई. मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्टेट पेपर अफिस (State Paper Office) को स्थापना गरिन् । १७८९ ई. मा फ्रान्समा राज्य क्रान्ति भएपछि नेशनल एसेम्वलीले १२ सेप्टेम्बर १७९० ई.को एउटा कानून अनुसार आर्काइभस नेशनल अफ् पेरिस (Acrhives Nationales of Paris) को स्थापना गऱ्यो । बेलायतमा १४ अगष्ट १८३८ ई.मा पब्लिक रेकर्ड अफिस (Public Record Office) खडा भयो भने संयुक्त राज्य अमेरिकामा १९ जुन १९३४ ई. मा मात्र राष्ट्रिय अभिलेखालय खडा भयो ।

यसरी आधुनिक कालमा व्यवस्थित ढङ्गबाट रेकर्ड राख्नु पर्छ भन्ने भावना बेलायतबाट भारत आयो । भारतको दिल्लीमा राष्ट्रिय अभिलेखागार स्थापना हुनु भन्दा अगाडि अँग्रेज सरकारले १८९१ ई. मा इम्पीरियल रेकर्ड विभाग (Imperial Record Department) को कलकत्तामा स्थापना गरेको थियो र १९३७ ई. मा मात्र यसलाई कलकत्ताबाट दिल्लीमा पूर्ण रूपमा स्थानान्तरण गरियो । आधुनिक अभिलेखालयको विचारधाराको विकास नेपालमा १९६७ ई. २०२४ वि.सं.) मा मात्र हुन सक्यो । त्यसैले गर्दा यसको विकास नेपालमा अझै व्यवस्थित ढंगबाट हुन सकेको छैन र जनमानसमा यो अझै पनि व्याप्त हुन सकेको छैन ।

राष्ट्रिय अभिलेखालय

२०२४ सालमा जन्मेको राष्ट्रिय अभिलेखालय आज १६ वर्षबाट १७ मा पाइला टेक्दैछ । कुनै पनि संस्थाको इतिहासमा १६ वर्षको उमेर कलिलै मान्नुपर्छ । त्यसैले राष्ट्रिय अभिलेखालयले आफ्नो मूल उद्देश्य अझै पहिल्याउन सकेको छैन । यसले अभिलेखको गारेटो अझै ठम्याउन सकेको छैन । उचित संरक्षण तथा निर्देशनको खाँचो यसलाई छ । यो आफ्नो मार्गमा अझै अलमलिएर बसेको छ । त्यसैले अभिलेखालयको वर्तमान स्वरूप अभिलेखालयको मूल उद्देश्यमूलक हुन सकेको छैन । वर्तमान समयमा यहाँ सरकारी अभिलेखको वाहुल्यको सट्टा हस्तलिखित ग्रन्थको प्रधानता छ । राष्ट्रिय अभिलेखालयको कागजातहरू राख्ने वर्तमान हल (८०'x५५') को ७ भाग मध्ये ६ भागमा हस्तलिखित ग्रन्थहरू राखिएका छन् । हस्तलिखित ग्रन्थहरूको आफ्नै महत्व हुन्छ । यी ग्रन्थहरूको अध्ययनबाट तात्कालिक धार्मिक, आर्थिक तथा सामाजिक विश्वास तथा धारणाको बोध हामीलाई हुन्छ । तर आधुनिक परिभाषामा यी अभिलेखहरू होइनन् फेरि पनि यी ग्रन्थहरूको आफ्नै किसिमको ऐतिहासिक महत्त्व रहेको छ । किनभने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी ग्रन्थहरूको सहायताबाट मध्यकालिक राजाहरूका नाम तथा तिनीहरूका शासनकाल आदिको अध्ययन गर्न सहायता पुगेको छ ।

शिलालेखका उतारहरू

नेपाललाई देवभूमि, तपोभूमि भनिए तापनि ऐतिहासिक दृष्टिकोणबाट नेपालको विक्रम पूर्वको इतिहास अझै स्पष्ट हुन सकेको छैन । शाक्यमुनि गौतम बुद्धको जन्म नेपालमा भएको भन्ने ऐतिहासिक रूपबाट प्रमाणित भए तापनि बौद्ध कालिक कुनै पनि अभिलेख आजसम्म प्राप्त हुन सकेको छैन । आजसम्ममा नेपालमा पाइएको सबैभन्दा पुरानो अभिलेख मौर्यवंशी राजा अशोकको लुम्बिनी शिलालेख भेटिए तापनि नेपाली राजाहरूको कुनै पनि शिलालेख विक्रम सम्वत् ५२१ भन्दा अघिको भेटिएको छैन । यस अभिलेखालयको संग्रहमा रहेका शिलालेखका उतारहरू निम्न बमोजिम छन् ।

शिलालेखको संख्या

कान्तिपुरको –

लिच्छविकालको	५३
संवत भएको मल्लकालको	३९१
संवत नभएको मल्लकालको	१९०
शाहकालको संवत भएको	५२३
संवत नभएको शाहकालको	४४
तिब्बी लिपिको	१२
	१२११

भक्तपुरको–

लिच्छविकालको	११
मल्लकालको	२७३
शाहकालको	१२१
	४०५

ललितपुरको–

लिच्छविकालको	३१
संवत भएको मल्लकालको	६६४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संवत नभएको मल्लकालको ———	२१७
संवत भएको शाहकालको ———	२३७
संवत नभएको शाहकालको ———	२३
उपत्यका बाहिरका ———	१३५
	१३०७

शिलालेखको उतारको साथ साथै भेट्टिएसम्मका तामापत्रका मूल प्रति (१३३) तथा उतारहरू पनि यहाँ राखिएका छन् । शिलालेख तथा तामापत्र पछि मध्यकालिक इतिहासको निर्माणमा ताडपत्रमा लेखिएका तमसूकहरूको पनि आफ्नै किसिमको महत्त्व छ । यस्ता तमसुकहरूको संख्या यहाँ १०७७ छन् ।

आधुनिक अभिलेख

विक्रमको उन्नाइसौं शताब्दीमा नेपालको छिमेकी मुलुकहरूसँग सम्बन्धबारे प्रकाश छर्ने केही ऐतिहासिक चिठ्ठीहरूको सङ्कलन यहाँ भएको छ । यस्ता चिठ्ठीपत्रहरूको संख्या ८०२ छन् । चिठ्ठीपत्रहरूको सङ्कलनको अलावा शाहकालिक लालमोहर ७३५ तथा वही, स्याह श्रेस्ता, लालमोहरका नक्कलहरू २२८ आदिको पनि सङ्कलन गरिएको छ । धेरैजसो यी लालमोहरहरू कौसी तोषाखानाको सौजन्यताबाट प्राप्त हुन आएका हुन् । सामान्य प्रशासन मन्त्रालयको सौजन्यताबाट जंगी तथा निजामती कर्मचारीहरूको नोकरी विवरण रेकर्ड वि.सं. १९०५ देखि १९९४ सालसम्मको किताब थान ६९९ को सङ्कलन पनि यहाँ गरिएको छ ।

वि.सं. २०३० मा परराष्ट्र मन्त्रालयमा राखिएका पुराना ऐतिहासिक कागजातहरूको लगत तयार पार्ने काम तथा ती कागजातहरूको सूक्ष्म छविकरण लिने कार्यको थालनी भएको थियो । तीन महिनासम्ममा जम्मा १७४४ थान कागजातहरूको लगत तथा सूक्ष्म छविकरण गर्ने कार्य सम्पन्न भयो । तर कतिपय कारणहरूले गर्दा यो कार्य बीचैमा अधुरो रह्यो । अतः हाल अभिलेखालयमा परराष्ट्र मन्त्रालयका यी कागजातहरूका सूक्ष्म छविकरण प्रति ८ रिलमा सुरक्षित राखिएका छन् । २०३४-०३५ सालमा नेपाल-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना अन्तर्गत गुठी संस्थान अन्तर्गत रहेका कागजातहरूको सूक्ष्म छविकरण गर्ने कार्यको थालनी भयो । यो काम पनि अधुरो नै रह्यो । यस बीचमा जम्मा २३६ थान कागजातहरूको सूक्ष्म छविकरण हुन सक्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आधुनिक अभिलेख तथा नेपाल

आधुनिक युगमा अभिलेख विज्ञानको महत्व दिन पर दिन बढ्दै गएको छ । विकसित मुलुकहरू आधुनिक अभिलेखको संरक्षण, सम्वर्धन तथा प्रबर्धन आदिमा बढो महत्त्व दिंदै आइरहेका छन् तर नेपालमा भने यो अझै प्रिय तथा प्राथमिकताको विषय हुन सकेको छैन । त्यसैले यसको संरक्षण तथा सम्वर्धनमा गतिशीलता आउन सकेको छैन । नेपालमा अभिलेख नभएका होइनन् तर संरक्षणको अभावमा यी अभिलेखहरू मासिएका छन् तथा मासिँदै गइरहेका छन् । मल्लकालिक अभिलेखहरू (सरकारी कागजात) बडो सीमित मात्रामा पाइनुलाई यसको ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । आधुनिक अभिलेखको वाहुल्य श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको एकीकरणबाट शुरू हुन्छ । २०३० सालको सिंहदरबार अग्निकाण्डले आधुनिक अभिलेखलाई कति क्षति पुऱ्यायो यो आज पनि मूल्याङ्कन गर्नुपर्ने विषय भएको छ । अभिलेखलाई वर्तमान निर्माणको प्रस्तावना (What is past is prolouge) भन्ने चलन भएकोले हामीले भएका अभिलेखहरूको संरक्षण गर्ने तर्फ समयमा नै पाइला चाल्न जरूरी भैसकेको छ ।

नेपालको वैदेशिक नीतिमा प्रशस्त प्रकाश छर्ने किसिमका अझै पनि अन्दाजी ४०० पोकाहरू परराष्ट्रय मन्त्रालयमा राखिएका छन् । यी कागजातहरूको रासायनिक संरक्षण, सूचीकरण तथा सूक्ष्म छविकरण हुनु अति आवश्यक छ । परराष्ट्र मन्त्रालयमा रहेका कागजातहरू जस्तै गुठी संस्थान, गृह मन्त्रालय, अर्थ मन्त्रालय तथा त्यस अन्तर्गत रहेका अधिराज्यभरिका कार्यालयहरूमा रहेका कागजातहरूको समयमा नै संरक्षण हुनु जरूरी भैसकेको छ । यी कागजातहरूको संरक्षणको निम्ति एउटा राष्ट्रिय स्तरमा नीति निर्माण हुनु वाञ्छनीय भएको छ सो नीति निर्धारण गर्दा निम्न बुँदाहरूमा ध्यान दिइनु पर्छ ।

१) वर्तमान राष्ट्रिय अभिलेखालयलाई आफ्नो काम कर्तव्यप्रति जागरूक गराउने र यसलाई सुदृढ गर्न कतिपय कदमहरू चाल्ने ।

२) २०२७ सालको 'कागज धुल्याउने नियम' त्यति प्रभावकारी माध्यम नभएकोले अभिलेख संरक्षण सम्बन्धी कानून पारित गर्ने । (कागज धुल्याउने नियम परिशिष्ट १ मा छ ।)

३) नेपाल अधिराज्यलाई पाँच विकास क्षेत्रमा विभाजन गरे अनुसार प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय अभिलेखालयको स्थापना गर्ने तर्फ विचार गर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) राष्ट्रिय अभिलेखालयको विभिन्न मन्त्रालयसँग सीधा सम्पर्क विस्तार गर्ने ।

५) वर्तमान राष्ट्रिय अभिलेखालयको वार्षिक लक्ष्य तथा प्रगति नाप्ने कुनै मापदण्ड छैन । हालसम्म यसको आर्थिक गतिविधि साधारण बजेट अन्तर्गत सीमित रहेको छ । यसको पनि वार्षिक लक्ष्य र प्रगति निर्धारित हुनुपर्छ । अतः अभिलेखालयलाई पनि विकास बजेट अन्तर्गत समावेश गरिनुपर्छ । विकास बजेट अन्तर्गत अभिलेखहरूको संकलनमा वृद्धि (स्वदेश तथा विदेशमा रहेका अभिलेखहरूको संकलन गर्ने काम) अभिलेखहरूको रासायनिक संरक्षण, सूक्ष्म छविकरण, जनशक्तिको विकास आदि कार्यहरू गराउन राष्ट्रिय अभिलेखालयलाई सक्षम गराउनु पर्छ । यी उपरोक्त सिद्धान्त लागू गराउन सकेमा हामीले हाम्रो भविष्यका सन्तति प्रति न्याय गरेको मान्न सकिन्छ ।

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुठीसंस्थान अन्तर्गत भद्रकालीस्थित गुठी लगत तथा तहसील कार्यालयमा रहेका कागजातहरूको सूचीपत्र

नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना अन्तर्गत आर्थिक वर्ष (२०३४-०३५) मा गुठी संस्थान अन्तर्गत भद्रकालीस्थित गुठी लगत तथा तहसील कार्यालयका कागजातहरूको माइक्रोफिल्म लिने कार्य भएको थियो । यस कार्य अन्तर्गत जम्मा २३६ थान कागजातहरूको माइक्रोफिल्म गरियो । तर क्र.सं. १४० देखि १६१ सम्ममा जम्मा २२ थान कागजातहरू प्राविधिक गडबढीले गर्दा प्रष्ट आउन सकेन । अतः रिल नं. २ मा रहेका क्र.नं. १४० देखि १६१ सम्मका कागजातहरू पुनः माइक्रोफिल्म गर्नुपर्ने भएको छ । २३६ थान कागजातहरूको माइक्रोफिल्म भए तापनि यस अभिलेखालयमा २१४ थान कागजातहरूको माइक्रोफिल्म मात्र पढ्न योग्य छन् । यी कागजातहरू नेपालको धार्मिक रीतिरिवाज परम्परामा चाख राख्ने विद्यार्थीहरूका लागि उपयोगी हुनेछ भनेर नै यहाँ सोको सूचीपत्र यथावत् प्रकाशन गरिएको छ ।

कागजातहरूको संक्षिप्त विवरण

क्रमाङ्क -१

भंज्याङ जितपुरको मन्जेश्वरीको पूजा गर्ने स्थिति नभएकोले अब्रदेखि ती देवीको पूजा नित्य नैमित्तिक चलाई दुनियाँले चढाएको भेटी दक्षिणा खानु भन्ने श्री ५ सुरेन्द्रको अन्तमुनि गोभाजुका नाउँमा भएको रुक्का ।

पत्र–२ मिति– वि.सं. १९०५ लि-देवनागरी आ– २७x२० रि.नं. १/२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -२

हनुमान् ढोकाका हनूमान स्थापना प्रति मंगलबार ब्राह्मणभोजन गराउने, लिङ्गजात्रा, कुण्डजात्रा, तीर्थजात्रामा चडाएको भेटी लिने, पशुपति माहास्नानको सुपारी बाँड्ने र त्रैलोक्यमोहन नारायणको पुजाहारी काम पनि दिई श्री ५ राजेन्द्रले बालगोपाल झालाई गरिदिएको रूक्का ।

पत्र–२ मिति– वि.सं. १८७६ लि–देवनागरी आ– २७x१८ रि.नं. १/२

क्रमाङ्क -३

भादगाउँका जगन्नाथको नित्य पूजा चलाई बाँकी, आयस्ता भोग गर्नु भन्ने श्री ५ सुरेन्द्रको राजमानका नाउँमा भएको रूक्का ।

पत्र–२ मिति– वि.सं. १९०७ लि–देवनागरी आ– १८.५x१७.५ रि.नं. १/३

क्रमाङ्क -४

नवयोगिनीको पुजाहारीको काम श्रीकृष्ण झाबाट खोसी गुरू कृष्णराम मिश्रलाई दिई श्री ५ राजेन्द्रले गरिदिएको रूक्का ।

पत्र–२ मिति– वि.सं. १८९३ लि–देवनागरी आ– २६x१७.७ रि.नं. १/४

क्रमाङ्क -५

त्रिपुरसुन्दरी देवीले भादगाउँको तलेजुको अध्यन्तर पूजा चलाउनका लागि भादगाउँको जग्गा गुठी राखेकी थिइन् । तिनै जग्गाको श्री ५ राजेन्द्रबाट यो लालमोहर भएको हो ।

पत्र–२ मिति– वि.सं. १८८२ लि–देवनागरी आ– ८२x५५.४ रि.नं. १/५

क्रमाङ्क -६

जङ्गबहादुरले थापाथलीमा जङ्गानन्दप्रकाशेश्वर स्थापना गरेर त्यसको नित्य पूजाका लागि गुठी खेत राख्नलाई राजाबाट दिएका खेतको विवरण । राजा राजेन्द्रको लालमोहर ।

पत्र–२ मिति– वि.सं. १९०३ लि–देवनागरी आ– ६९.६x३९.५ रि.नं. १/६

क्रमाङ्क -७

मटिहानीका लक्ष्मीनारायण स्थापना २०१ विघा जग्गा गुठी रहेको, सो जग्गाको तावापत्र भएको छैन भनी महत्त्व रामरक्षादासको विन्तिपत्र पढ्दा श्री ५ सुरेन्द्रले सो जग्गाको तावापत्र गरी यो लालमोहर भएको हो । यस बेला राजाको उमेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उमेर ५१ वर्षको छ । यसमा मार्फत् रणोद्दीप र धीरशमशेर छन् ।

पत्र–२ मिति– वि.सं. १९३६ लि-देवनागरी आ– ७०x२० रि.नं. १/७

क्रमाङ्क -८

भोजपुर लिङ्लामा ब्रह्माचारीले षडानन्द सीतारामको मन्दिर स्थापना गरी पूजा चलाउन समेत गुठी राखेका थिए । सो मन्दिर रहेको जग्गा फूलबारी र खेत पनि सरकारबाट लालमोहर गराई देवताका नाउँमा पक्का दर्ता गराएका हुन् । यो लालमोहर हुँदा राजा पृथ्वीविरविक्रम ११ वर्षका थिए । यस अतिक्ति गुठीको तावापत्र पनि भएको थियो ।

पत्र–२ मिति– वि.सं. १९४२ लि-देवनागरी आ– १०३x२३ रि.नं. १/८

क्रमाङ्क -९

सं. १९३३ मा पत्थरघट्टामा जङ्गबहादुर परलोक हुँदा निजकी पत्नी हिरण्यकुमारी पनि सती गइन् । जङ्गबहादुरका नाममा सिमरौन गढका जङ्गमुक्त रामचन्द्र र हिरण्यकुमारीका नाममा हिरण्यजानकी लक्ष्मणको स्थापना गरी वारा जिल्लामा २०२ विघा जग्गा गुठी राखिएको थियो । जीतजङ्गका नाउँमा सो लालमोहर हुनुपर्थ्यो उनी परदेश गएकोले हाल तिम्रा नाउँमा भएको छ भनी पृथ्वीवीरविक्रमले देवशम्शेरका नाउँमा गरिदिएको सो जग्गाको लालमोहर यो हो ।

पत्र–३ मिति– वि.सं. १९४४ लि-देवनागरी आ– २८४x२३ रि.नं. १/२३

क्रमाङ्क -१०

कविन्द्रनाथ हरिसिद्धि चाँगुनारायणका सबै कामदारहरूले खाईपाई आएका जग्गाको रैवन्दि १८६१ मा भएको थियो । त्यो जग्गामा केही जग्गा पल्टनको खान्कीमा रह केही जग्गा विर्तामा पर्न गएकामा त्यसको साटो भर्ना गरी राजेन्द्रले गरिदिएको रैवन्दिको लालमोहर यो हो ।

पत्र–२ मिति– वि.सं. १८२० लि-देवनागरी आ– ६५७x२३ रि.नं. १/१०

क्रमाङ्क -११

राजा राजेन्द्र र युवराज सुरेन्द्रले काशीम महादेव स्थापना गराई पूजा चलाउन सालको २५८५ आम्दानी हुने जग्गा पर्सा जिल्ला गुठी रोखेको कुरा यो लालमोहरमा उल्लिखित छ ।

पत्र–२ मिति– लि-देवनागरी आ– ४१.६x२१ रि.नं. १/११

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -१२

खुरकोटमा श्रीकान्त देवकोटा जैसीका पुर्खाले सदावर्त चलाई केही जग्गा खाई आएका थिए । निजका भाइहरूले हामी पनि सदावर्त चलाई उद्रेको खान पाउने हो भनी उजुर गर्दा श्री ५ राजेन्द्रले श्रीकान्तलाई सदावर्त चलाउने र जग्गाको अधिकार पनि थामी गरिदिएको लालमोहर ।

पत्र–१ मिति– वि.सं. १८७९ लि-देवनागरी आ– ३४.४x२१ रि.नं. १/१२

क्रमाङ्क -१३

प्यूठानका क्षेत्रपाल भुमेलाई जग्गा गुठी राखी गणपति आचार्यलाई पूजाको काम र सो जग्गाको आयस्ता सुम्पी श्री ५ राजेन्द्रले गरिदिएको लालमोहर ।

पत्र–२ मिति– वि.सं. १८९५ लि-देवनागरी आ– ३३.८x२१ रि.नं. १/१३

क्रमाङ्क -१४

गोरखा दरौंदीका दोभानमा स्थापना गरेका महादेवको गुठी अहिले जफत भएको र सो फोई वदनसिंह बस्नेतको नाउँमा भएको राजेन्द्रको लालमोहर ।

पत्र–२ मिति– वि.सं. १८९५ लि-देवनागरी रि.नं. १/१४

क्रमाङ्क -१५

निगालेनीमा पाटी बनाई त्यसको संभार र बटुवालाई पानी खुवाउन समेत गुठी जग्गा राखी श्री ५ राजेन्द्रले कं. नरसिंह थापालाई सो काम सुम्पी गरिदिएको लालमोहर ।

पत्र–२ मिति– वि.सं. १८८६ लि-देवनागरी आ– ३३x२०.२ रि.नं. १/१५

क्रमाङ्क -१६

गुह्येश्वरीमा पूजा हुँदा विदेशी बाजा बजाउँथे । देवी बाजा पनि बजाउनु पर्छ भनी जङ्गबहादुरले विन्ति गर्दा श्री ५ राजेन्द्रले गुजराती बाजा र स्वदेशी पञ्चै बाजा बजाउन कुस्ले र दमाई १४ जना राखी यिनका जागीरलाई जग्गा दिएको कुरा सो जग्गाको लगत यस लालमोहरमा परेको छ ।

पत्र–१ मिति– वि.सं. ११०३ लि-देवनागरी आ– १३४x२६ रि.नं. १/१६

क्रमाङ्क -१७

सल्यानका भैरवको पूजाका लागि जग्गा गुठ राखेर राजेन्द्र विक्रमले गरिदिएको रूक्का ।

पत्र–२ मिति x लि-देवनागरी आ– ३४x२०.२ रि.नं. १/१७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -१८

श्री ५ राजेन्द्रले चैनपुका बागदल कार्कीका नाउँमा गरेको रूक्का पाटी संभार गर्न पानी राख्ने गूठका लागि जग्गा दिएको कुरा यसमा छ ।

पत्र–२ मिति– वि.सं. १८९५ लि-देवनागरी आ– १९x१७ रि.नं. १/१८

क्रमाङ्क -१९

शंखेश्वर महादेवको पूजा चलाई पार्टीको गूठ जानी ४० मुरी भादाको षेत भोग गर भन्ने रणबहादुर शाहको वंशीधर पांडेलाई गरिदिएको लालमोहर ।

पत्र–२ मिति– वि.सं. १८४५ लि-देवनागरी आ– २१.४x१८.४ रि.नं. १/१९

क्रमाङ्क -२०

श्री ५ राजेन्द्रले वनस् खाण्डी बाबाको पूजाको लागि सप्तरीको ६० विघा जग्गा गुठी राखी यो लालमोहर गरिदिएको हो ।

पत्र–२ मिति– वि.सं. १८८५ लि-देवनागरी आ– २८x२६.४ रि.नं. १/२०

क्रमाङ्क -२१

भोटानका लामा ल्यामवुमको गुठी जग्गा १२ सालमा जफत् भै रैकरमा निजको विन्तिपत्र अनुसार सो जग्गा....श्री ५ सुरेन्द्रले यो लालमोहर गरिदिएका हुन् । गाउँ घरको उठतिको लगत पनि यसमा छ ।

पत्र–२ मिति– वि.सं. १९१८ लि-देवनागरी आ– ६८x२०.४ रि.नं. १/२१

क्रमाङ्क -२२

वाणालिङ्ग स्थापना गरी त्यसको नित्य नैमित्तिक पूजा चलाउन र पाटी पौवा फुलबारी समेत बनाउन भनी श्री ५ राजेन्द्रले भवानी भन्सारीलाई १५० विघा जग्गा दिई गरिदिएको लालमोहर ।

पत्र–१ मिति– वि.सं. १८९२ लि-देवनागरी आ– ३५x१९.४ रि.नं. १/२२

क्रमाङ्क -२३

तनहुँका बडा दशैं चैते दशैं र नित्य नैमित्तिक पूजाका लागि राखिएको जग्गा अन्त, दरी, वा त्यसको सत्ता अरू जग्गा राखी श्री ५ राजेन्द्रले गरिदिएको लालमोहर ।

पत्र–२ मिति- १८९७ लि-देवनागरी आ– ४४.४x२१.३ रि.नं. १/२३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -२४

राजेन्द्रको जेठी रानीले २५ रोपनी जग्गाको गौचर राखिन् । राजाबाट त्यसै वापत यो लालमोहर भएको हो ।

पत्र–२ मिति– वि.सं. १८९८ लि-देवनागरी आ– ४३.५x१९.६ रि.नं. १/२४

क्रमाङ्क -२५

कालिका देवीको पुजाहारी श्रीकान्तबाट खोसी राधाकृष्ण रेग्मीलाई दिई श्री ५ सुरेन्द्रले गरिदिएको रूक्का ।

पत्र–२ मिति– वि.सं. १९०६ लि-देवनागरी आ– ३१x२१ रि.नं. १/२५

क्रमाङ्क -२६

खाँचिको कालिकाको नित्य नैमित्तिक पूजा चलाई जग्गाको भोग गर भन्ने श्री ५ सुरेन्द्रको हरि शर्मा साहूका नाउँका रूक्का ।

पत्र–२ मिति– वि.सं. १९०६ लि-देवनागरी आ– ३८x१८.५ रि.नं. १/२६

क्रमाङ्क -२७

वेहेरेश्वर महादेव र गोल्मा देवीको पुजाहारीमा जयदेव उपाध्यायलाई खोसी हरिकृष्ण अधिकारीलाई बहाल गरी श्री ५ बाट भएको यो रूक्का ।

पत्र–२ मिति– वि.सं. १९०४ लि-देवनागरी आ– २६.२x१८.१ रि.नं. १/२७

क्रमाङ्क -२८

दाङकी अम्बेश्वरी माईको पूजा जयकृष्ण रानाले वाहुन पूजाहारी राखी पूजा गरिएकोमा १९०३ मा अमृतनाथ जोशीलाई सो काम दिएकोमा फेरि साविक बमोजिम गर्नु भन्ने श्री ५ सुरेन्द्रको रूक्का ।

पत्र–२ मिति– वि.सं. १९०५ लि-देवनागरी आ– ३१.७x२० रि.नं. १/२८

क्रमाङ्क -२९

तनहुँमा दशैं पूजा र हरिहर देवीको पूजा समेत अहिमान मगरले गर्दै आएका थिए । निजलाई खोसी जीवनाथ उपाध्यायलाई सो काममा वहाल गरी यो रूक्का श्री ५ राजेन्द्रले गरिदिएका हुन् ।

पत्र–२ मिति- १९०० लि-देवनागरी आ– २४.४x१७ रि.नं. १/२९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -३०

पशुपतिलाई गुठी राखेको जग्गा जङ्गबहादुरका किनुवा विर्ता बीच परेकाले त्यसको सट्टा अर्को जग्गा गुठी राखी श्री ५ सुरेन्द्रले यी लालमोहर गरिदिएका हुन् ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ३४x२३.६ रि.नं. १/३०

क्रमाङ्क -३१

टेकू दोभानका गुलाव धाईले गंगेश्वर महादेव स्थापना गरेकी थिइन तिनका नित्य नैमित्तिक पूजाका लागि श्री ५ गिर्वाण युद्ध विक्रमबाट जग्गा गुठी राखी यो लालमोहर भएको हो ।

पत्र–२ मिति– वि.सं. १८७२ लि–देवनागरी आ– ३४x१९ रि.नं. १/३१

क्रमाङ्क -३२

तलेजुको गुठी जग्गा जङ्गबहादुरको किनुवा विर्ता बीच पर्न जाँदा त्यसको सट्टामा ठिमीमा गुठी राखी श्री ५ सुरेन्द्रले यो लालमोहर गरिदिएका हुन् ।

पत्र–२ मिति– वि.सं. १९०१ लि–देवनागरी आ– ३५x२४ रि.नं. १/३२

क्रमाङ्क -३३

तलेजुलाई पवित्रारोहणका लागि गुठी रहेको जग्गा जङ्गबहादुरका किनुवा विर्ता बीच पर्दा त्यसको सट्टा ठिमीमा जग्गा किनी श्री ५ सुरेन्द्रबाट यो लालमोहर भएको हो ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ३५.४x२३.४ रि.नं. १/३३

क्रमाङ्क -३४

तलेजुको गुठी रहेको जग्गा जङ्गबहादुरका किनुवा विर्ता बीच परेकोले त्यसको सट्टामा ठिमीमा जग्गा किनी सो गुठी सट्टा राखेकोले श्री ५ सुरेन्द्रले यो सट्टाको लालमोहर गरिदिएका हुन् ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ३४.४x२४ रि.नं. १/३४

क्रमाङ्क -३५

अघि जयप्रकाश मल्लले अभ्यन्तर पूजाका लागि गुठी राखेका थिए । सो जग्गा जङ्गबहादुरका विर्ता बीचमा पर्न जाँदा त्यसको सट्टा ठिमीमा जग्गा गुठी राखी श्री ५ सुरेन्द्रले यो लालमोहर गरिदिएका हुन् ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ३६.९x२४ रि.नं. १/३५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -३६

श्री ५ सुरेन्द्रकी जेठ बडामहारानीले बज्रयोगिनीको आभ्यन्तर पूजाका लागि राखेका जग्गा आम्दानी त्यसको खर्चको विवरण समेत यस लालमोहरमा वर्णन छ । पुजाहारी ब्राह्मण गोभाजु दुवै थरी छन् । यस आभ्यन्तर पूजा वैशाख शुदि ८ माघ शुदि ८ मा हुन्थे । यस अतिरिक्त बज्रयोगिनीमा गणेश, योगेश्वर वासुकि नेमुनि ऋषिका स्थान रहेका छन् ।

पत्र–२ मिति– वि.सं. १९०५ लि–देवनागरी आ– ४२३x२२ रि.नं. १/३६

क्रमाङ्क -३७

श्री ५ सुरेन्द्र विक्रम शाहकी बडामहारानीले दक्षिणकालीलाई आभ्यान्तर पूजाका लागि चढाएको जग्गाको आम्दानी खर्चको विवरण समेत भएको लालमोहर ।

पत्र–२ मिति– वि.सं. १९०५ लि–देवनागरी आ– २२७x३१.३ रि.नं. १/३७

क्रमाङ्क -३८

श्री ५ सुरेन्द्रको रूक्का । तलेजुलाई दमनारोहणका लागि गुठी राखेको जग्गामा छाउनी बनेकाले सो जग्गाको सट्टा लुभुमा गुठी राखी राजाले यो रूक्का गरिएको हो ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ३०.६x१९ रि.नं. १/३८

क्रमाङ्क -३९

भादगाउँका तलेजुलाई आभ्यन्तर पूजाका लागि गुठी राखी आफै राजा राजेन्द्र विक्रम शाहले गरेको लालमोहर । यसमा माघ शुद्धि ७ मा तलेजुको पूजाको सर्जामको विवरण दिइएको छ र गुठी जग्गाको आम्दानी पनि खुलेको छ । आम्दानी गुठियार जिम्मा रहने र सो बाँकी आम्दानीबाट परेको बखत खर्च गर्न भनिएको छ ।

पत्र–२ मिति– वि.सं. १८९१ लि–देवनागरी आ– १७८.५x९९.४ रि.नं. १/३९

क्रमाङ्क -४०

श्री ५ सुरेन्द्रले गरिदिएको लालमोहर । तलेजुको शिवरात्री पूजाका लागि रहेको गुठी जङ्गबहादुरका किनुवा विर्ताका बीचमा पर्न जाँदा निजबाट सुना विर्ता किनाई गुठी सट्टा गरिदिएको लालमोहर हो ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ३६.२x२३.२ रि.नं. १/४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -४१

श्री ५ सुरेन्द्रले गरिदिएको लालमोहर । अघि प्रताप मल्लले तलेजु भवानीमा लक्ष्यदीप र आभ्यन्तर पूजाका लागि गुठी राखेका थिए । सो जग्गा जङ्गबहादुरका विर्ताका बीचमा पर्‍यो भनेर त्यसको सट्टा अरू जग्गा गुठी राखी सट्टाको लालमोहर यो हो । यस बेला राजा २४ वर्ष पुगेका देखिन्छन् ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ३४x२३.८ रि.नं. १/४१

क्रमाङ्क -४२

श्री ५ सुरेन्द्रले गरिदिएको लालमोहर । तलेजुको पुरानो गुठी जग्गा जङ्गबहादुरका किनुवा विर्ताका बीचमा पर्न जाँदा त्यसको सट्टाको जग्गाको लालमोहर गरिदिएको कुरा यसमा वर्णन छ ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ३६.५x२३.७ रि.नं. १/४२

क्रमाङ्क -४३

श्री ५ सुरेन्द्रले गरिदिएको लालमोहर । अघि महेन्द्र मल्लले तलेजुलाई गुठी राखेको जग्गा जङ्गबहादुरका विर्ताका बीचमा पर्न जाँदा सो गुठी जग्गाको पञ्चकिर्ती मोल जङ्गबहादुरले तिरेर ठिमीमा जग्गा किनी तलेजुलाई साविक बमोजिम जग्गा आम्दानी पुर्‍याई सट्टाको लालमोहर गरिदिएको कुरा यसमा उल्लिखित छ ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ३५.५x२४ रि.नं. १/४३

क्रमाङ्क -४४

श्री ५ सुरेन्द्र विक्रम शाहले गरिदिएको लालमोहर । कुमारी गुठी जग्गा जङ्गबहादुरको विनुवा विर्ताका बीचमा पर्न गएकाले जङ्गबहादुरबाट त्यसको पञ्चकिर्ती मोल लिई अर्को जग्गा कुमारीलाई गुठी राख्दा गुठी सट्टाको लालमोहर गरिदिएको ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ३६x२४ रि.नं. १/४४

क्रमाङ्क -४५

श्री ५ सुरेन्द्र विक्रम शाहकी जेठी वडामहारानीले पशुपतिनाथमा रूद्र पाठ पूजा र ब्राह्मण भोजन समेत गराउनलाई गुठी राखेका जग्गाको चार किल्ला र आम्दानी खर्चको विवरण खुलेको छ । यो रूद्री र ब्राह्मण भोजन विशेष पर्व शिवरात्री र वैशाख पूर्णिमामा गर्ने कुरा परेको छ ।

पत्र–२ मिति– वि.सं. १९०८ लि–देवनागरी आ– ८७x२८ रि.नं. १/४५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -४६

श्री ५ सुरेन्द्र विक्रम शाहले गरिदिएको लालमोहर । डा. भक्तवीर कुँवर राणाले पशुपति नजिकै स्थापना गरेका शान्तबालेश्वर र हेमभक्तेश्वरको नित्य नैमित्तिक पूजा र वर्षवन्धन समेतका लागि गुठी जग्गा रोको कुरा यसमा उल्लिखित छ ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ४३x३० रि.नं. १/४६

क्रमाङ्क -४७

श्री ५ सुरेन्द्र विक्रम शाहले गरिदिएको लालमोहर । डा. भक्तवीर कुँवर राणको आमा शान्तकुमारी, शान्तबालेश्वर र हेमभक्तेश्वर नित्य नैमित्तिक पूजा वर्षवन्धन समेतका लागि गुठी राखिदिएको जग्गाको कुरा यसमा उल्लिखित छ । यस साल राजाको उमेर २४ वर्षको छ ।

पत्र–२ मिति– वि.सं. १९०९ लि–देवनागरी आ– ४३x३० रि.नं. १/४७

क्रमाङ्क -४८

श्री गिर्वाणयुद्ध विक्रमले विभिन्न ६ गुम्वाको थमौती गरिदिएको लालमोहर । यसमा भोटानका राजालाई सम्बोधन गरिएको छ ।

पत्र–२ मिति– वि.सं. १९५८ लि–देवनागरी आ– ३१x१८.८ रि.नं. १/४८

क्रमाङ्क -४९

अछाम जिल्लाका वन्डाली कुमारी देव देवीका गुठीको बन्दोबस्त सम्बन्धी बेहोरा भएको सदर दफ्तरखानाका नाउँको २ छापे पुर्जी ।

पत्र–२ मिति– वि.सं. १९४२ लि–देवनागरी आ– १३३x२२४ रि.नं. १/४९

क्रमाङ्क -५०

पश्चिम विजय गर्न जाने भारदारले डडेलधुराका उग्रतारा देवीको स्थापना शरणागत भन्ने मन्त्रले चण्डी पुटित पाठलाई स. ६१ दक्षिणा दिई आएका रहेछन् । पछि अड्डाका हाकिमले १५ पल्टनले ४६ उठाई सो काम साविक बमोजिमै चलाई आएको सो काम मेरा जिज्यू ब्राज्येका पालादेखि हाकिमलाई दिएको र हाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि मैले गर्दै रहेको हुँदा मेरा नाउँमा लालमोहर गराई पाऊँ भन्ने रामचन्द्र जोशीको निवेदन अनुसार गराई दिनु भन्ने दुई छापे पुर्जी ।

पत्र–२ मिति– वि.सं. १९४२ लि-देवनागरी आ– ९९x२५ रि.नं. १/५० क्रमाङ्क -५१

हेटौंडामा जान गाडा जान हुने गरी कर्रा खोलामा काठे पुल बनाई हेटौंडामा बाटो समेत बनाएको हुँदा त्यसको हेरचाह मरमतबाट बचेको खाने गरी जङ्गबहादुरले महारूद्र सत्रलाई पर्सामा २०० विघा जग्गा गुठ विर्ता दिएकोमा पछि चितौनमा सो जग्गाको सट्टा दिएपछि पुरानो जग्गा मालमा रैकर सरह दर्ता गर्दै भन्ने पर्सा मालका हाकिमका नाउँको २ छापे पुर्जी ।

पत्र–२ मिति– वि.सं. १९३८ लि-देवनागरी आ– १०३x२४ रि.नं. १/५१ क्रमाङ्क -५२

पुल बनाउँदा पशुपति महास्नान गुठी जग्गामा खोलो फर्काइएछ । त्यसको सट्टा दिँदा गोरखनाथ गुठीको जग्गा परेछ । पछि मृगस्थलीका महन्त वंशनाथको उजुरी पर्दा गोरखनाथको गुठी जग्गा त्यही थामी महास्नान गुठी जग्गा अन्यत्र मिलाइदिनु भन्ने सदर दपतरखानाका नाउँमा १ छापे पुर्जी ।

पत्र–२ मिति– वि.सं. १९५० लि-देवनागरी आ– ५६x१४.५ रि.नं. १/५२ क्रमाङ्क -५३

त्रिवेणी धाईलाई गोविखोलानिर घरवारी वक्स भएको रहेछ । सो जग्गामा पशुपतिको गुठी जग्गा सन्नि सर्पन पर्दा निजकी बुहारीले सट्टा गरी सन्नि सर्पन मिलाई पाउँ भनेकोमा मिलाइदिनु भन्ने दफ्तरखानाको नाउँमा १ छापे पुर्जी ।

पत्र–२ मिति– वि.सं. १९४२ लि-देवनागरी आ– २१x३३ रि.नं. १/५३ क्रमाङ्क -५४

रणोद्दिप सिंह र धीर शम्शेरको २ छापे रूक्का- हेटौंडामा गाडा आउन जान हुने गरी कर्रा नदीको काठे पुल र हेटौंडामा पाटी बनाई त्यसको मरमत गरी आएको आयस्ता खानु भनी जङ्गबहादुरले महारूद्र खत्रीका नाउँमा २०० विघा जग्गा पर्सामा दिएकोमा पछि सो जग्गाको साटो चितौनमा राम्रो जग्गा सट्टा विर्ताको लालमोहर भएकोले सो जग्गा सट्टा गरी छुट्याइदिनु भन्ने चितौनका अड्डाका हाकिमका नाउँको यो पत्र हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र–२ मिति– वि.सं. १९३८ लि-देवनागरी आ– ११७x२३.६ रि.नं. १/५४
क्रमाङ्क -५५

रणोद्दिप र धीर शम्शेरको २ छापे रूक्का – सदर दफ्तरखानाका नाउँमा जङ्गबहादुरले कर्रा नदीमा काठे पुल र हेटौंडामा चौकी बस्ने पाटी बनाउन ल्याएको थियो । सो पाटी पुल मरमत गर्ने भनी पर्सा जिल्लामा २०० विघा जग्गा गुठी राखी मे.ज. महारूद्र खत्रीलाई यो अधिकार सुम्पेका थिए । पछि सो जग्गा आवाद हुन सकेन, आयस्ता आएन, चितौनमा सट्टा जग्गा पाउँ भन्ने निजको निवेदन अनुसार जग्गा सट्टा उति नै दिई उनका छोराहरूका नाउँमा लालमोहर गरिदिनु भन्ने व्यहोरा छ ।

पत्र–२ मिति– वि.सं. १९३८ लि-देवनागरी आ– १७८x२३.६ रि.नं. १/५५
क्रमाङ्क -५६

हिटीचोक सदावर्त गुठीका जग्गाको बन्दोबस्त सम्बन्धी मिसील भएको कागज (शिरमा वीर शम्शेरको ठूलो छाप छ)

पत्र–२ मिति– वि.सं. १९५१ लि-देवनागरी आ– २५६x२६ रि.नं. १/५६
क्रमाङ्क -५७

तराई बरेबामा वौधिमाई हनुमानको पूजा चलाई जग्गाको पैदावार खानु भनी जंगबहादुरका पालामा १९१० मा सनद भएको १९ सालमा जफत भई सो गुठी खान भोग्न नपाएको पुजाहारी मेरा बाजे दुर्गा पाँडे परलोक भए पनि मैले पूजा चलाएको छु सो गुठी जग्गा २५ विघा गुठीमै राखी पाउँ भन्ने मुनि पाँडेको निवेदन अनुसार गरिदिनु भन्ने दफ्तरखानाका नाउँमा (१) विन्तिपत्र (२) रणोद्दिपको पुर्जी (३) टिकट ३ भएको खाम ।

पत्र–२ मिति– वि.सं. १९४१ लि-देवनागरी आ– १००x२०.१ रि.नं. १/५७
क्रमाङ्क -५८

पूर्व दिपाले भंज्याङ्गमा धनवीर राईले पौवा बनाएको, त्यसमा झारू बडारू गर्न, बटुवालाई पालो ख्वाउन, गर्मीमा सर्वत ख्वाउन समेत भनेर ६० मुरी खेत सरकारबाट १८९२ मा गुठी राखेको त्यस गुठी सम्बन्धी घट बढ हुँदा यो पूर्जी भएको हो ।

पत्र–२ मिति– वि.सं. १९५० लि-देवनागरी आ– ८६x२१ रि.नं. १/५८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -५९

श्री ५ साहिला बडामहारानीले रामचन्द्रलाई गुठी राख्न छुट्याएका चार हजार रू. को जग्गा किनी श्री ५ तर्फका गुठी अड्डा दाखिल गर्ने सम्बन्धमा सदर दफ्तरखानाको नाउँको पुर्जी । शिरमा वीरको छेउमा देव चन्द्र. हरूका औंठी छाप छन् ।

पत्र–१ मिति– वि.सं. १९५२ लि-देवनागरी आ– १७३x२३.७ रि.नं. १/५९

क्रमाङ्क -६० 'क'

बाटो कुलो बनाउँदा पर्न गएका देगुतलेका गुठी जग्गाको सट्टा भर्ना नहोउन्जेल कौशी तोषाखानाबाट नगदै दिनु भन्ने जङ्गबहादुरले भनेकाले २७ सालदेखि सोही बमोजिम चलिआएको जग्गा सट्टा पाएको छैन भन्ने गुठियारको भनाइ बमोजिम जग्गा सट्टा मिलाईदिनु भन्ने दफ्तरखानाका नाउँमा १ छापे पुर्जी ।

पत्र–१ मिति– वि.सं. १९५० लि-देवनागरी आ– १००x२३.७ रि.नं. १/६०

क्रमाङ्क -६० 'ख'

पाल्पाका अम्बरनारायण विष्णुपादुकाका गुठीको जग्गाको आय व्ययको विवरण सहितको दुई छापे रूक्का ।

पत्र–१ मिति– वि.सं. १९४४ लि-देवनागरी आ– २४१x२४ रि.नं. १/६०

क्रमाङ्क -६१

श्री ५ साहिला बडामहारानीबाट १९४८ मा आफू बिरामी हुँदा वाग्मती पारीका रामचन्द्रलाई नित्य नैमित्तिक पूजा चलाउन चार हजारको जग्गा किनी गुठी राख्ने संकल्प भएको र सो जग्गा किनी गुठी राख्न दफ्तरखानाका नाउँमा पहिलै पुर्जी भएकोमा १८२६ को मात्र जग्गा खरीद भएको बाँकीको बाँकी नै हुँदा फेरि यो पुर्जी गरी जग्गा किनी श्री ५ तर्फका गुठी अड्डा दाखिल गर्नु भन्ने भएको छ ।

पत्र–१ मिति– वि.सं. १९५५ लि-देवनागरी आ– १८१x२३ रि.नं. १/६१

क्रमाङ्क -६२

सदर दफ्तरखानाका नाउँमा वीरको पुर्जी उनको दिवंगत पुत्रीको नाममा रिडीमा स्थापना गरेका शिवजीलाई नित्य नैमित्तिक पूजा चलाउन र दिनको रू. -।५० को चामल सदावर्त लाउन पनि आठ हजारको जग्गा पाल्पामा किनेको र त्यसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लगत समेत यसमा परेको छ ।

पत्र–१ मिति– वि.सं. १९५१ लि-देवनागरी आ– ९१x२४ रि.नं. १/६२
क्रमाङ्क -६३

वीरनारायणको गुठी जग्गा सट्टापट्टा सम्बन्धी कुरा परेको यो पुर्जी सदर दफ्तरखानाका नाउँमा वीरले गरिदिएको हो । शिरमा वीर र छेउमा देव, चन्द्र, भीमका ससाना औंठी छाप छन् ।

पत्र–१ मिति– वि.सं. x लि-देवनागरी आ– १००x२.६ रि.नं. १/६३
क्रमाङ्क -६४

श्री ५ साहिला बडामहारानीले हस्पिटलको खर्च चलाउन भनी मोरङ्गको ६००० आम्दानी हुने जग्गा गुठी राखेकोले सो जग्गा एकै चाकलो पारी किल्ला कोहला गरी हस्पिटल गुठी दर्ता गर्नु भन्ने सदर दफ्तरखानाका नाउँको वीरशम्शेरको पुर्जी । शिरमा उनैको हस्ताक्षर सही छ ।

पत्र–१ मिति– वि.सं. १९५२ लि-देवनागरी आ– २१.७x२४ रि.नं. १/६४
क्रमाङ्क -६५

जुम्लाका देव देवीका गुठी जग्गाको लगत लिई सो गुठीका महन्त पुजाहारीकै नाउँमा लालमोहर गराइदिनु भन्ने सदर दफ्तरखानाका नाउँको पुर्जी । शिरमा वीर बायाँ देव, चन्द्रको औंठी छाप छन् ।

पत्र–१ मिति– वि.सं. १९५३ लि-देवनागरी आ– २८x२२ ८ रि.नं. १/६५
क्रमाङ्क -६६

सदर अफ्तरखानाका नाउँमा वीर शम्शेरको पुर्जी । ४२ साल पर्वमा परेका जङ्गबहादुरका छोरा बुहारीका जग्गा वीरले स्थापना गरेका शिवालयमा गुठी राख्न भनी लालमोहर गराउने कुरा यसमा परेको छ । पुराना र जग्गावाल र जग्गाको फेहरिस्त पनि यसमा परेको छ ।

पत्र–१ मिति– वि.सं. १९४५ लि-देवनागरी आ– ८३x२२.७ रि.नं. १/६६
क्रमाङ्क -६७२

श्री ३ बडामहारानी सिकिस्त विरामी भै आर्यघाट लाने बेलामा हस्पिटल बनाउन भनी नयाँ मुलुकमा एक हजार विघा जग्गा संकल्प भएको छ । सो जग्गाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लालमोहर गराई गुठी अड्डामा बुझाउनु भन्ने वीरशम्शेरको सदर दफ्तरखानाका नाउँमा पुर्जी । शिरमा वीरको हस्तसही छ ।

पत्र–१ मिति– वि.सं. १९४९ लि-देवनागरी आ– १८.५x२४.५ रि.नं. १/६७

क्रमाङ्क -६८

चौताराकी देवीलाई गुठी जग्गा राखी गरिएको कागज । यो पुर्जी रणोद्दिप सिंहले सदर दफ्तरखानाका नाउँमा गरेको हो ।

पत्र–१ मिति– वि.सं. १९३७ लि-देवनागरी आ– ३३x२०.५ रि.नं. १/६८

क्रमाङ्क -६९

जुम्ला सिजाका देवीथानमा वेद पाठ गर्ने गुठी सम्बन्धी कागज । यो पुर्जी रणोद्दिप सिंहले सदर दफ्तरखानाका नाउँमा गरेको हो ।

पत्र–१ मिति– वि.सं. १९३९ लि-देवनागरी आ– ५७x४३ रि.नं. १/६९

क्रमाङ्क -७०

वि.सं. १९४८ मा श्री ५ लाई आराम नहुँदा वागमती पारीका रामचन्द्रको नित्य नैमित्तिक पूजाका लागि गुठी राख्न ४,०००।-रू. पर सारेको थियो । सो रूपियाँले जग्गा खरीद गरी गुठी बन्दोबस्त अड्डामा बुझाइदिनु भन्ने सदर दफ्तरखानाका नाउँमा पुर्जी । शिरमा वीरशमशेको छेउमा देव. चन्द्रका ससाना छाप छन् ।

पत्र–१ मिति– वि.सं. १९५१ लि-देवनागरी आ– ७८x२३.५ रि.नं. १/७०

क्रमाङ्क -७१

सदर दफ्तरखानाका नाउँमा श्री ३ वीरको पुर्जी । वीरको जेठी छोरी परलोक भएकोले उनका नाममा शिवलाय बनाई नित्य नैमित्तिक पूजा चलाउन भनी बुटौल माझ खण्डमा साढे तीन सय जति आम्दानी हुने जग्गा गुठी राखियो । सो जग्गा नाप जाँच गराउने बेहोरा पनि यसमा परेको छ । रिडीमा शिवालय स्थापना गरियो । रू. ५०।-को चामल सदावर्त लाउने कुरा छ ।।

पत्र–१ मिति– वि.सं. १९५२ लि-देवनागरी आ– ४५x२४ रि.नं. १/७१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -७२

टुकुचा पारीको ५ रोपनी खेत पशुपति गुठीमा दर्ता भएको खेत पनि सो जग्गामा घर बनाउन पाउँ, त्यसको सट्टा सवाई बढाई गोकर्णमा मेरो विर्ता खेतबाट दिन्छु भन्ने पं. रघुनाथ प्याकुरेलको रिपोटमा सट्टापट्टाको सनद दिने काम गर भन्ने दफ्तरखानाका नाउँमा पुर्जी । शिरमा रणोद्दिप र बायाँतर्फ षड्गहरूको ससाना छाप छन् ।

पत्र–१ मिति– वि.सं. १९४१ लि-देवनागरी रि.नं. १/७२

क्रमाङ्क -७३

जमलको पशुपतिको ४ रोपनी गुठी खेत वीरशम्शेरको गिर्दा भित्र परेकाले त्यसको सवाइ बढाई सट्टा जग्गा राणाजीका बढी जग्गाबाट जसजसका नाउँमा सनद गराउनु पर्छ गराउनु भन्ने दफ्तरखानाका नाउँमा पुर्जी । शिरमा वीरशमशेर र छेउमा देवशमशेरका ससाना छाप छन् ।

पत्र–१ मिति– वि.सं. १९५२ लि-देवनागरी आ– २५x२२.७ रि.नं. १/७३

क्रमाङ्क -७४

गुह्येश्वरीका स्थानमा कसाही कुस्लेहरूले भोगको भात खाने व्यवस्था सम्बन्धी व्यहोरा यसमा छ । शिरमा 'वीरशमशेर' र छेउमा दुईवटा ससाना छाप छन् । दफ्तरखानाका नाउँमा भएको पुर्जी यो हो ।

पत्र–१ मिति– वि.सं. १९५३ लि-देवनागरी आ– ३६.४x२२ रि.नं. १/७४

क्रमाङ्क -७५

पहाड वन्दोवस्त लगत फाँट अड्डाका नाममा पुर्जी । शिरमा 'चन्द्र' बायाँ 'भीम' भन्ने साना छाप छन् । सिन्धु (पूर्व १ नं.) को खोला देवी (पद्मा लक्ष्मीदेवी) को गुठ लगत खडा गर्ने र सरकारबाट सनद गरी देउ भन्ने कुरा यसमा छ ।

पत्र–१ मिति– वि.सं. १९८६ लि-देवनागरी आ– १०८.४x२३.५ रि.नं. १/७५

क्रमाङ्क -७६

गुह्येश्वरीका स्थानमा अधिदेखि ४ जना कसाही टहलुवा रही खान्कीमा जग्गा पाई आएका थिए । १८५९ मा यिनका नाममा लालमोहर भएको थियो । पछि तिनमा १ जना बात लागि वेपत्ता भएकोमा अर्को भर्ना गरियो । १८८५ मा अर्को

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि अपुताली पर्दा त्यसका ठाउँमा मैले काम गरी आएको छु, भन्ने कुलमान कसाहीले बिन्ति गर्दा त्यसका नाउँमा लालमोहर गराइदिनु भन्ने वीरशम्शेर र खड्गशम्शेरको रूक्का दस्तखत ।

पत्र–१ मिति– वि.सं. १९४२ लि-देवनागरी ८६x२१ रि.नं. १/७६

क्रमाङ्क -७७

शिरमा रणोद्दिपको र बायाँ जितजङ्गका ठूला छाप छन् । दफ्तरखानाको नाउँमा भएको पुर्जी हो । कर्णेल जितमान सिंह अधिकारीले आफूले स्थापना गरेका शिवालयमा गुठी राख्न जग्गा पाउँ भनेकोमा २ खेत बाझो जग्गा दी आधी सरकार दाखिल गराई आधी गुठी राख्न दिनु भन्ने व्यहोरा यसमा परेको छ । मुकाम वर्दाहा छ । (किनारामा लेखिएका) रणवीर जङ्ग पु.क.ज. केदार नरसिंह उ.क.ज. र जनरल वीरशम्शेर मार्फत् वडापत्र भएको कुरा छ ।

पत्र–१ मिति– वि.सं. १९४१ लि-देवनागरी आ– २४x२४ रि.नं. १/७७

क्रमाङ्क -७८

शिरमा 'वीर' बायाँ 'खड्ग' छाप सानो छ । दफ्तरखानाका नाउँमा पुर्जी अघौंमा स्थापना गरेका लक्ष्मीनारायणलाई गुठी राख्न ५० मुरी बाँझो जग्गा दिई २५ सरकार दाखिला गराई २५ गुठी राख्न दिनु भनी गजकेशर बस्नेतका नाउँमा दिएको पुर्जी यो हो ।

पत्र–१ मिति– वि.सं. १९४२ लि-देवनागरी आ– २१x२२ रि.नं. १/७८

क्रमाङ्क -७९

टुकुवा पारीपट्टिको जग्गा अधिग्रहण गरेको व्यहोरा । १ रोपनी अब्बल जग्गाको मोल रू. २०० तोकिएको छ । गुठी जग्गा सट्टा दिने व्यवस्था पनि गरिएको छ । वीरशम्शेर र देवशम्शेरको छाप दस्तखत परेको छ ।

पत्र–१ मिति– वि.सं. १९४८ लि-देवनागरी आ– १४९x२३.५ रि.नं. १/७९

क्रमाङ्क -८०

वीरशम्शेरले पशुपतिको गुठियारका नाउँमा गरेको रूक्का । श्री ५ बाट विर्ता बक्स हुँदा पशुपतिको गुठी जग्गा पनि पर्न जाँदा सो गुठी अन्यत्र सट्टा गराई यो रूक्का गरिएको हो । वीरको शिरमा देवशम्शेरको बायाँतर्फ ठूला छाप छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र–२ मिति– वि.सं. १९४८ लि–देवनागरी रि.नं. १/८०
क्रमाङ्क -८१

श्री ३ महाराज वीरशम्शेरको रूक्का । अधिग्रहण गरेको जग्गाको मुआब्जा दिने व्यहोरा । जग्गाको र कुतको परिमाण समेत खुलेको । अघि हस्पिटलको जग्गा अधिग्रहण गर्दा दिएको मोल अनुसार दिने व्यवस्था छ । १ रूखको मोल ५ दिने कुरा छ । नारायण स्थान शोभा भगवतीका गुठी जग्गाको जस्तै सट्टा दिने व्यवस्था पनि छ ।

पत्र–१ मिति– वि.सं. १९४८ लि–देवनागरी आ– ३००x२४ रि.नं. १/८१
क्रमाङ्क -८२

ह्मेपीदेवीको देवालय धर्मशाला आफ्नै खर्चले बनाएँ, गुठी राख्न साव गास पुगेन १ खेत पाउँ भन्ने मखन टोलका कालु हलुवाईको रिपोट । बाझो जग्गा आवाद गर्दा आधी सरकारको आधी आवाद गर्नेको हुने हुँदा २ खेत आवाद गर्नलाई १ खेत सरकार दाखिल गरी १ खेत गुठी राख्न दिनु भन्ने रणोद्दिप सिंहको सदर दफ्तरखानाका नाउँमा पुर्जी ।

पत्र–१ मिति– वि.सं. १९३९ लि–देवनागरी आ– ५६x२३ रि.नं. १/८२
क्रमाङ्क -८३

गोठका डिठ्ठा हस्तवीर गुरूङले मेरा जागीरको जगज्जङ्गको वसाहा गुठमा परेको छ । वाली पाइन भन्ने निवेदन गर्दा जग्गा जाँची जाहेर गर्नु भन्ने रणोद्दिपको दफ्तरखानाका नाउँका रूक्का ।

पत्र–१ मिति– वि.सं. १९४१ लि–देवनागरी आ– ५९x२४ रि.नं. १/८३
क्रमाङ्क -८४

भद्रकालीस्थानमा भजन गर्दा चाहिने धूप बत्तीका लागि गुठी राख्नलाई बाँझो प्रति जग्गा ५० रोपनी आवाद गराई २५ रोपनी सदर दफ्तरखाना दाखेल गराई २५ रोपनी गूठमा लगत गर्नू भन्ने रणोद्दिपसिंहको दफ्तरखानाका नाउँको पूर्जी ।

पत्र–१ मिति– वि.सं. १९४० लि–देवनागरी रि.नं. १/८४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -८५

साहिला बडामहारानी विरामी हुँदा बाग्मती पारीका रामचन्द्रलाई गुठी राख्न र जग्गा किन्न ४,००० रू संकल्प भएको थियो । मुल्की खानाबाट सो रूपियाँ झिकी जग्गा किन्नु र गुठी राख्नु भन्ने सदर दफ्तरखानाका नाउँमा पुर्जी ।

पत्र–१ मिति– वि.सं. १९४९ लि-देवनागरी आ– २८x२३ रि.नं. १/८५

क्रमाङ्क -८६

सदर दफ्तरखानाका नाउँमा पुर्जी । शिरमा वीरशमशेरको छाप छ । बायाँतर्फ देवशम्शेर, भीमशम्शेर र अरू पनि छाप छन् । तल अड्डाका कारिन्दाका छाप छन् । बनेपाको चण्डेश्वरीका स्थान नेरको धारापाटी भत्के विग्रेको बनाई बाँकी रहेको आयस्ताले वैशाख पूर्णिमामा सर्वत दान गर्नेछु भन्ने भाजु श्रेष्ठको निवेदन अनुसार ६ रोपनी बाँझो जग्गा गुठी राखिदिनु र त्यसको लालमोहर समेत गराइदिनु भन्ने कुरा यसमा वर्णित छ ।

पत्र–१ रि.नं. १/८६

क्रमाङ्क -८७

हाडिगाउँका चोक्टेनारायणका नाउँमा गुठी दरिएको जग्गा मेरो घरको सन्नि सर्पन परेबाट सवाई बढाई त्यही अर्को जग्गा सट्टा दिन्छु भन्ने महेन्द्र कार्कीको विन्तिपत्र बमोजिम सट्टा जग्गाको लालमोह गराइदिनु भन्ने वीरशम्शेरको दफ्तरखानाका नाउँको पुर्जी ।

पत्र–१ मिति– वि.सं. १९३५ लि-देवनागरी आ– २४x२१ रि.नं. १/८७

क्रमाङ्क -८८

दफ्तरखानाका नाउँमा वीरशम्शेरले गरेको पूर्जी । बोडे जाने बाटोमा रहेको धारापाटीको गुठी जग्गा मोहिले हिनामिना गरेकोले सो जग्गा र रैकर जग्गा नाप जाँच गरी छुट्याइदिनु भन्ने कुरा यसमा उल्लिखित छ ।

पत्र–१ मिति– वि.सं. १९४६ लि-देवनागरी आ– ४३.५x२४.५ रि.नं. १/८८

क्रमाङ्क -८९

पशुपतिनाथ अगाडि स्थापना गरेका ठूलो वसाहालाई मनोहराले छाडेको ५० रोपनी गुठी राख्न भनी संस्थापक जगत्जङ्गका नाउँमा गूठ विर्ताको लालमोहर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गराइदिनु भन्ने रणोद्दिप र धीरको दुई छापे पुर्जी ।

पत्र–१ लि-देवनागरी आ– १२७x२३.६ रि.नं. १/८९

क्रमाङ्क -९०

घण्टाघर पूर्वपट्टि टुकुचा फाँटको जग्गा वीरशम्शेरलाई बक्स हुँदा सो जग्गा तलेजु गुठीको भएकोले त्यसको सट्टा अर्को जग्गा गूठमा राख्दा गरेको मोठबन्दीको कागज ।

पत्र–१ मति– वि.सं. १९५६ लि-देवनागरी आ– ८७x२३.५ रि.नं. १/९०

क्रमाङ्क -९१

श्री ५ सुरेन्द्र विक्रम शाहले गरिदिएको लालमोहर । जेठा बडामहारानीले तलेजुको पूजा र पोशाक फेर्ने भनी पालुङटारका गुठी राखेका हुन् । सो जग्गाको चार किल्ला खुलेको छ । आम्दानी र पूजा खर्चको विवरण पनि खुलेको छ ।

पत्र–१ लि-देवनागरी आ– १२९.६x२९.७ रि.नं. १/९१

क्रमाङ्क -९२

श्री ५ सुरेन्द्रको रूक्का । पूर्व राँगा शेलीका सिद्ध गौमा रूजानमा गुठी राखी त्यसको नित्य नैमित्तिक पूजामा गंगादत्तलाई अधिकार दिएको कुरा यसमा छ ।

पत्र–१ मिति– वि.सं. १९०६ लि-देवनागरी आ– २७x१९ रि.नं. १/९२

क्रमाङ्क -९३

भादगाउँ इन्द्रायणीको गुठी राख्नलाई ५० मुरी माटोको खेत विराई त्यसको उब्जाले पूजा चलाई बाँकी भोग गर भन्ने श्री ५ को रयमानसिंहका नाउँमा रूक्का । राजाको उमेर ३४ छ ।

पत्र–१ मिति– वि.सं. १९०३ लि-देवनागरी आ– २७x२० रि.नं. १/९३

क्रमाङ्क -९४

श्री ५ बाट पौवाको हेरचाहका निमित्त गुठी राख्न भनी भक्ति थापालाई जग्गा दिएको रूक्का ।

पत्र–१ मिति– वि.सं. १८७२ लि-देवनागरी आ– १९x१५ रि.नं. १/९४

क्रमाङ्क -९५

पूर्व रोसी खोला छेउ पाटी बनाउन जग्गा दिएको रूक्का ।

पत्र–१ मिति– वि.सं. १८७२ लि-देवनागरी रि.नं. १/९५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -९६

ठैवोका गुठियारलाई गुठी जग्गा थमौती गरिदिएको श्री ५ को रूक्का । यसमा गुठीका पाटीमा बस्ने कानफट्टा (गोरखनाथी) लाई पनि साविक बमोजिम दिई बाँकीले गूठ चलाई खानु भन्ने छ ।

मिति– वि.सं. १८८२ लि-देवनागरी आ– ४२x२२.७ रि.नं. १/९६

क्रमाङ्क -९७

बज्रयोगिनीको हाम्रा माहिला जिज्यू बाजेले राखेको गुठीको काम गर भन्ने श्री ५ को, शत्रु भञ्जनलाई गरेको रूक्का ।

पत्र–१ मिति- वि.सं. १८७३ लि-देवनागरी आ– १६.३x१६.३ रि.नं. १/९७

क्रमाङ्क -९८

त्रिपुरसुन्दरीदेवीले त्रिपुरेश्वर महादेवलाई दिएका गुठी जग्गा मध्ये नुवाकोटको जग्गा खोलो लागेकाले तिनको सट्टा कीर्तिपुरका जग्गा गुठी राख्दा भएको लालमोहर ।

पत्र–१ लि-देवनागरी आ– ३४x२० रि.नं. १/९८

क्रमाङ्क -९९

पचलीघाटमा स्थापना गरेका जयेश्वर महादेवलाई गुठी राख्न श्री ५ बाट एक खेत दिँदा भएको लालमोहर ।

पत्र–१ मिति– वि.सं. १८७८ लि-देवनागरी आ– ३३x२१ रि.नं. १/९९

क्रमाङ्क -१००

शिवानन्द वैद्यले आर्यघाटमा स्थापना गरेका माधव नारायणका नित्य नैमित्तिक पूजाको लागि राख्न श्री ५ बाट जग्गा दिँदा भएको लालमोहर ।

पत्र–१ मिति– वि.सं. १८७६ लि-देवनागरी आ– २३x१६ रि.नं. १/१००

क्रमाङ्क -१०१

चाँगुनारायणको पुजाहारीको वहाली गरिदिएको लालमोहर ।

पत्र–१ मिति– वि.सं. १८७..... लि-देवनागरी २५x१७ रि.नं. १/१०१

क्रमाङ्क -१०२

मछिन्द्रनाथ गुठीमा बाँडाले अधिकार पाएकोमा निजलाई खोसी गोभाजुलाई नै लालमोहर गरिदिएको ।

पत्र–१ मिति– वि.सं. १९७६ लि-देवनागरी २०x१७.७ रि.नं. १/१०२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -१०३

देउघाटमा कालिदास लामिछानेले देवघाटेश्वर महादेव स्थापना गरेर त्यहाँ नैमित्तिक पूजाका लागि गुठी राख्न जग्गा पाउँ भनी निजले निवेदन दिएकोमा, २० मुरी पाखो र १०० मुरी खेत गुठी राख्न जग्गा दिनु भन्ने वीरशम्शेर र देवशम्शेरले दफ्तरखानाका नाउँमा गरिदिएको २ छापे रूक्काका कागज ।

मिति– वि.सं. १९४४ लि-देवनागरी आ– २९४x२१.६ रि.नं. १/१०३

क्रमाङ्क -१०४

श्री ३ महाराजका नारायणहिटी दरबारदेखि उत्तरको गौचर जग्गा गिर्दा भित्र परेकाले त्यसको सट्टा स्वयंभु दक्षिणका गौचरमा मिल्ने गरी सट्टा जग्गा मिलाइदिनु भन्ने दफ्तरखानाका नाउँमा पुर्जी ।

पत्र–१ मिति- वि.सं. १९४३ लि-देवनागरी आ– १५.२x२२ रि.नं. १/१०४

क्रमाङ्क -१०५

(१) टुकुचा पारीको गौचर गोठमा परेकाले त्यसको स्वयम्भुनेर समय खुवाउने ठाउँमा सट्टा मिलाइदिनु भन्ने सदर दफ्तरखानाका नाउँमा पुर्जी ।

(२) सो जग्गा अन्त सट्टा दिनु भन्ने पुर्जी ।

पत्र–१ मिति– वि.सं. १९४३ लि-देवनागरी आ– १६.५x२२.५/२.१३x२१ रि.नं. १/१०५

क्रमाङ्क -१०६

जनकपुरमा रामचन्द्रको मन्दिर बनाई मे.ज. वीरजङ्ग राणाकी आमाले गुठी राख्नलाई रौतहटको आफ्नो जग्गाबाट सप्तरीको पिडारी मौजा सट्टा पाउँ भनी निवेदन गरेकोमा सो मौजा पाठशालालाई दिएको रहेछ तापनि गुठी राख्न दिनु भन्ने सदर दफ्तरखानाका नाउँमा पुर्जी ।

पत्र–१ मिति– x लि-देवनागरी आ– ६५.४x२१ रि.नं. १/१०६

क्रमाङ्क -१०७

पशुपतिनाथको गुठी जग्गा दरबारका गिर्दा भित्र पर्ने जाँदा त्यसको सट्टा भर्ना मिलाई गरिदिएका वीर, देव.को छुई छापे रूक्का ।

पत्र–१ मिति– वि.सं. १९५० लि-देवनागरी आ– १३९x२३.२ रि.नं. १/१०७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -१०८

जगन्नाथको गुठी जग्गामा दपोट पर्दा गुठियारलाई जिताई टेकु दोभान जगन्नाथको पर्वपूजा चलाई गुठी विर्ता जानी भोग गर भनी गुठी विर्ता जग्गामा साध सिमाना उठती अङ्क समेत खोली लालमोहर पनि गराई दिनु भन्ने भीमशम्शेर जुद्धशम्शेरको विर्ता फाँटमा पुर्जी ।

पत्र– १ मिति– वि.सं. १९८८ लि-देवनागरी आ– २९३x२३३ रि.नं. १/१०८

क्रमाङ्क -१०९

भीशमम्शेरको विर्ता फाँटका नाउँमा पुर्जी । वि.सं. १९३७ मा युवराज त्रैलोक्यकी रानी रणोद्दिपका साथ तीर्थ गएकी थिइन् । त्यसबेला रामेश्वरमा दैनिक १ आवृत्ति रूद्री, हण्डी समेतको वार्षिक २३।२।३ तेइस रूपियाँ छ आना सात दाम पठाउने र पण्डाद्वारा सो काम चलाउन बन्दोबस्त गरेर आएकी थिइन् । सो आम्दानीलाई वारा जिल्लामा ७॥१ सात विघा सोह्र कट्टा जग्गा गुठी राखेकी थिइन् । ४२ साल वर्षपछि सो खर्च पठाउन छाडियो । पछि चन्द्रशम्शेरले सो कुरा बुझ्दा विदेशीका नाउँमा हाम्रा सरकारको जग्गा लालमोहर गरी पठाउनु हुँदैन त्यसकारण सो जग्गा हस्पिटलका नाउँमा गरी त्यही खर्च गर्नु भनेछन् । भीमशम्शेर राजा भएपछि रामेश्वरका हालवाला पण्डाले विन्तिपत्र गर्दा ४२ सालदेखि आजसम्म रूद्र गरे नगरेको प्रमाण नभएकोले सो आम्दानी हस्पिटलैमा खर्च गर्ने र यो सालदेखिको आम्दानी पण्डालाई पठाउने भनी बन्दोबस्त गरेको व्यहोरा यसमा परेको छ । शिरमा भीमशम्शेरको हस्तसही छ ।

पत्र–१ मिति- वि.सं. १९८७ लि-देवनागरी आ– ८६x२४.४ रि.नं. १/१०९

क्रमाङ्क -११०

जङ्गबहादुरका भाइ ज. जयबहादुर कुँवर राणाले मृगस्थलीमा इन्द्रेश्व जगदीश्वर महादेव र गोकर्णमा स्थापना गरेका जयभक्तेशवर महादेवको नित्य नैमित्तिक पूजा सदावर्त चलाउन भनी आफ्नै तर्फबाट जग्गा किनी गुठी राखी सुस्थितिका लागि वि.सं. १९०६ मा श्री ५ सुरेन्द्रबाट गुठी विर्ता लालमोहर गराई पोता रकम समेत माफ गरिएका थिए । यसै गूठ जग्गा केही हरिहर भवनमा पर्दा त्यसको सट्टामा १९७८ मा त्रिभुवनबाट उनैका सन्तानलाई अर्को लालमोहर भएको छ । यही गूठ विर्ता सम्बन्धी कागजको मिसिल यसैमा संलग्न भएका अठाह कागज छन् । गूठ विर्ताको लालमोहर १९०६ सट्टा गर्दा त्रिभुवनबाट भएको लालमोहर १९७८, पहिलेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुठीमा जस्तै सट्टा गूठ विर्तामा पनि पोता माफ पाउँ भन्ने वृ.क. धनविक्रम राणाको १९८१ को विन्तिपत्र । त्यसमा बुझ बुझारथ तोक सम्बन्धी कागज १९०१, १९८२ मोठवन्दि बमोजिम साध सिमाना खोली माटो उठति समेत अङ्क खोली सट्टाका लालमोहरमा जो चाहिने व्यहोरा थपी इन्द्रेश्वर जगदीश्वरको पोतमाथि विर्ता र जयेश्वरको गुठीको चाहिँ पोता विर्ता गरी जयबहादुरको सन्तान ले.क. भानुविक्रम बृ.क. धनविक्रम ले क. दुर्गाविक्रम राणाका र मे.क. झुलेन्द्र विक्रम राणाहरूका नाउँमा पोत माफिको र पोता विर्ताको छुट्टा छुट्टै लालमोहर गराई दिनु भन्ने श्री ३ चन्द्र र चीफ भीमको विर्ताबाट अड्डाका हाकिमका नाउँमा रूक्का दस्तखत भएको कागज १९८३ ।

पत्र– १ मिति– वि.सं. १९७८ लि–देवनागरी रि.नं. १/११०

क्रमाङ्क –१११

मृगस्थलीमा कृष्णभक्तेश्वर लीलाभक्तेश्वर रेणुकाभक्तेश्वर चन्द्रभक्तेश्वर रामभक्तेश्वर ५ शिवालय र गौरीघाटमा बुद्धिभक्तेश्वर पद्मभक्तेश्वर रामभक्तेश्वर देवभक्तेश्वर ४ शिवालय गरी ९ शिवालयको स्थापना भई यिनको गुठी राखिएका थिए । यिनैका नित्य नैमित्तिक पर्वकाल वर्षबन्धन पूजा र शिवरात्री अरू कामको समेत साल बसाल खर्चको विवरण यसमा प्रस्तुत छ । यस अतिरिक्त मे.ज. रामकृष्णबहादुर राणाको औंसे औंसी श्राद्ध खर्च पनि दिइएको छ । घाटमा नुहाउनेलाई आगो ताप्न भनेर प्रमुख प्रमुख घाटमा वाल्न पराल किन्ने खर्च पनि तोकिएको छ । सतावर्तका लागि हण्डी खर्च छुट्याएको छ । किरातेश्वर महादेव स्थापनामा जोगी वैरागी १० जनालाई सधैं भोजन दिने व्यवस्था पनि छ । यो वर्ष कामको लागि नगदी जिन्सी खर्चको विवरण तालिका यसमा छ ।

पत्र–१७ आ– ३३x२४ रि.नं. १/१११

क्रमाङ्क –११२

जङ्गबहादुरले थापाथलीमा जङ्गनन्दप्रकाशेश्वर देउपाटनमा जगनन्दभोलेश्वरको स्थापना र अरू देवताको पनि यसमा प्रतिष्ठा गरी तिनको सम्पूर्ण पूजा सम्भारका लागि गुठी राखेका थिए । ती गुठी ४६ देखि अमानतबाट चल्ने भई दानपत्र बमोजिमका लगत गुठी अड्डाबाट तयार भए पछि चन्द्रशम्शेरका पालामा सनदले थप भएका समेत घटी बढी सबै दुरूस्त पारी खर्चको विवरण तालिका दुरूस्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तयार पारी चीफ भीमशम्शेरको एक छापे सही भएको यो खर्च विवरण तालिका हो । यसमा श्री ५ को सरकारका गुठी अड्डाको हाकिम कारिन्दाका नाउँमा सम्बोधन भएको छ । निजहरूले यही तालिका बमोजिम गुठीको खर्च चलाउनुपर्छ भनिएको छ । नित्य नैमित्तिक पूजालाई पनि पर्व पर्व र वर्षबन्धन पूजालाई पनि अरू देवताको पूजालाई पनि भनी खर्चको लगत दिइएको छ । जगनन्द प्रकाशेश्वरको आषाढ शुद्धि ३ मा जन्मोत्सव, ब्राह्मण भोजन हुन्थ्यो । १९४७ देखि त्यो खर्चले फागुन शुद्धि १२ मा जङ्गबहादुरले श्राद्ध गर्न भनिएको र श्राद्ध खर्चको लगत दिइएको छ । बाग्मती किनारामा विष्णु पादुका जगनन्द नन्दजितेश्वरको र नन्दमुक्तेश्वर द्वीपमुक्तेश्वर, जगत्मुक्तेश्वर, जगनन्दमुक्तेश्वरको नित्य नैमित्तिक पूजाको खर्च पनि छुट्याएको छ । पुलको मरमत वर्षबन्धनले खर्च पनि छुट्याएको छ । १ दिनको २७० का दरले वर्ष दिनको सिधा सदावर्त हण्डीको खर्च पनि उल्लिखित छ । यस अतिरिक्त घाटमा भजन गर्नेको खर्च, वैरागी अखण्डको ठाकुरजीका भोगको खर्च, कालमोचन घाटमा नुहाउनलाई आगो ताप्न बाल्ने पालको खर्च पूर्णेश्वर पाठशालामा भात खाने गरीब गुरूवाको खर्च र शिवरात्रीमा आएका फकीर जोगीहरूलाई चाहिएको भोजन खर्च समेत छुट्याएको छ । थापाथली गुठी सदावर्तको विशेष शिवरात्रीमा गर्नुपर्ने व्यवस्था खर्चको विवरण पनि उल्लिखित छ ।

पत्र– १ मिति– लि-देवनागरी आ– ३२.५x२३.५ रि.नं. १/११२

क्रमाङ्क -११३

जङ्गबहादुरको बडामहारानीले गोकर्णमा स्थापना गरेका गदाधरजीका मन्दिरमा नित्य नैमित्तिक पूजा पाठ सदावर्त समेतका लागि नगदी जिन्सी खर्चको विवरण ।

पत्र–७ लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/११५

क्रमाङ्क -११४

सल्यानी महारानी तोरणदेवीले मृगस्थलीमा स्थापना गरेका नरेन्द्रेश्वर महादेवको सबै किसिमका पूजा पाठमा लाग्ने नगदी जिन्सी खर्चको विवरण तालिका ।

(नरेन्द्रदेव त्रैलोक्यनाथका भाइ र तोरणदेवी यिनैकी रानी सल्यानी राजाकी छोरी हुन् ।)

पत्र–१५ लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/११४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -११५

धीरशम्शेरले नारायणहिटीमा धीरनारायणको स्थापना गरी गुठी राखेका थिए । १९४६ देखि अमानतबाट गुठी चल्ने भए । दानपत्र शिलापत्र बमोजिम आम्दानी खर्चका लगत किताब खडा भए । यसै अनुसार नारायणस्थानमा नित्य नैमित्तिक पर्व वर्षबन्धन पूजा पाठ पुराणहरूमा लाग्ने खर्च नगदी जिन्सीको विवरण ।

लि-देवनागरी रि.नं. १/११५

क्रमाङ्क -११६

कृष्णबहादुर कुँवर राणाकी कान्छी रानीले टेकु दोभानमा स्थापना गरेका राधाकृष्ण मन्दिरको नित्य नैमित्तिक पर्वपूजा वर्षबन्धनपूजा र अरू कामको खर्च विवरण तालिका ।

पत्र–८ लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/११६

क्रमाङ्क -११७

देवशम्शेरकी जेठी महारानी कर्मकुमारी देवीले मृगस्थलीमा स्थापना गेका कर्मभक्तेश्वर शिवालयको नित्य नैमित्तिक पर्व वर्षबन्धनपूजा र पाठपुराण लाग्ने खर्चको विवरण ।

पत्र–४ मिति– लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/११७

क्रमाङ्क -११८

मे.ज. वीर जङ्गबहादुर राणाकी आमाले कालमोचनघाटमा स्थापना गरेका नारायण स्थानमा नित्य नैमित्तिक पूजा पर्वपूजा वर्षबन्धन पाठ पुराणको खर्च विवरण तालिका ।

पत्र–३ मिति– लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/११८

क्रमाङ्क -११९

(१) मैयाँ महारानीले निबुबाटारमा बनाएको सत्तल पौवाको गुठीको आम्दानीको विवरण ।

(२) श्री ३ रणोद्दिपकी बडामहारानीले चाँगुनारायण र गौरीघाटको लागि गुठी राखेका जग्गाको आम्दानीको विवरण किताब ।

(३) श्री ३ बडामहारानी (चन्द्र पत्नी) ले गोकर्णमा स्थापना गरेका गुठी राजाधरका गुठी जग्गाको आम्दानी विवरण ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(४) क. वीरभद्र राणाहरूले आर्यघाट पारी स्थापना गरेका वीर महेश्वर र वलम्बुमा स्थापना गरेका वीरू विनायकको, आर्यघाट पुलको समेत गुठी जग्गाको आम्दानी विवरण किताब ।

(५) प.क.ज जगतजङ्गकी रानी नन्दकुमारीले आर्यघाटमा सैनी पोल्ना निमित्त राखेका दाउरा गुठी जग्गाको आय विवरण ।

(६) साहिला कं. इनचीफ ज. की रानीले मृगस्थलीमा थापेका डम्बरमुक्तेश्व गुठीका आय विवरण ।

(७) सल्याणी महारानी तोरणदिव्येश्वरीले मृगस्थलीमा थापेका नरेन्द्रेश्वरको गुठी जग्गाको आय विवरण ।

(८) देवशम्शेरकी महारानी कर्मकुमारीले मृगस्थलीमा थापेका कर्ममुक्तेश्वरको आय ।

(९) आर्यघाट पारीका १५ शिवलायका गुठी जग्गाको आय विवरण ।

(१०)बडा कजेनी गणेशकुमारीले मृगस्थलीमा गोरखनाथ जिर्णोद्धार गुठीको आय विवरण ।

(११)क. चीफ कृष्णबहादुर राणाले पशुपतिमा राखेका सुनका जलहरीको गुठीका आय विवरण ।

(१२)रणोद्दिपका रानीले बनाएका चाँगु धाराको गुठी आम्दानी विवरण ।

(१३)कालमोचन घाटका नारायण गुठी जग्गाको आय विवरण ।

(१४)कालमोचनमा गोरखपुरे महारानीले थापेका गोपालजी गुठीको आय विवरण ।

(१५)वालनरसिंह कुँवर र रक्षकुमारी देवीले मृगस्थलीमा स्थापना गरेका रक्षेश्वर रणवालेश्वर शिवालयका गुठ जग्गाको आय विवरण ।

पत्र–१९ मिति– वि.सं. १९६४ लि–देवनागरी आ– २८.५x४३.३ रि.नं. १/११९

क्रमाङ्क –१२०

(१) भीमशम्शेरले गुठी तहसील अड्डाका नाउँमा गरिदिएको एक छापे लगतहरू । गौरीघाट र मृगस्थलीमा स्थापना गरेका नौवटा शिवालयका गूठ जग्गाको आम्दानी विवरण यस लगतमा उल्लिखित छ ।

(२) जङ्गबहादुरले थापाथलीमा स्थापना गरेका जङ्ग नन्दप्रकाशेश्वरको गुठी जग्गाको आम्दानी विवरण ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(३) प.क.ज. जितजङ्गले राजराजेश्वरीघाटमा स्थापना गरेका जितजङ्ग प्रकाशेश्वरको गुठी जग्गाको आयस्ताको विवरण ।

(४) रामकृष्ण कुँवरले मृगस्थलीमा स्थापना गरेका रामकृष्णेश्वर महादेवका गुठी जग्गाको आम्दानी विवरण ।

पत्र–३२ मिति– वि.सं. १९६४ लि-देवनागरी आ– २९x४९ रि.नं. १/१२० क्रमाङ्क -१२१

भीमशम्शेरको एक छापे लगत । १९६४ देखि अमानत चलेको साहिला कम्याण्डर इन चीफ जनरलकी रानीले मृगस्थलीमा स्थापना गरेका डम्बरमुक्तेश्वर महादेवको गुठीको आय व्यय विवरण ।

पत्र–३ मिति– वि.सं. १९६ (१९६४) लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/१२१ क्रमाङ्क -१२२

जङ्गबहादुरका हिरण्यकुमारी आदि रानीहरूले पशुप्रतिमा स्थापना गरेका विभिन्न पन्ध्र शिवालयहरूको खर्च १९४६ देखि अमानतबाट चल्ने भएको हुँदा गुठी अड्डाको सहीछाप लगत बमोजिम खर्च गर्नुपर्दा सोको खर्च फाँटबारीको लगत किताब ।

पत्र–८ मिति– वि.सं. १९६४ लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/१२२ क्रमाङ्क -१२३

चीफ भीमको गुठी खर्च अड्डाका नाउँमा भएको १ छापे । श्री ३ रणोद्दिपले पशुपति दक्षिणमा स्थापना गरेका रामभक्तेश्वर महादेवका गुठीको व्यय विवरण किताब । यस अतिरिक्त महारानीहरूले स्थापना गरेका अरू शिवालय जात्रा बागद्वारपूजा आदिको खर्चको विवरण पनि परेको छ ।

पत्र–१४ मिति– वि.सं. १९६_ (१९६४) लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/१२३ क्रमाङ्क -१२४

चीफ साहेव भीमशम्शेरले गुठी खर्च अड्डाको नाउँमा गरेको १ छापे । श्री ३ रणोद्दिपकी महारानीले राखेका चाँगुनारायण गौरीघाट गुठीको खर्चको फाँटबारी समेत भएको लगत किताब ।

पत्र–९ मिति– वि.सं. १९६_ (१९६४) लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/१२४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -१२५

चीफ भीमशम्शेरले गुठी खर्च अड्डाका नाउँमा गरेको एक छापे । गोरखपुरबाट विहे गरी ल्याएकी महारानीले कालमोचनघाटमा स्थापना गरेका गोपालजीको गुठी खर्चको फाँटबारी किताब

पत्र–१ मिति– वि.सं. १९६४ लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/१२५

क्रमाङ्क -१२६

जङ्गबहादुर कुँवर राणाहरूले स्थापना गरेका जङ्गहिरण्यहेमनारायण, जङ्गहिरण्यहेमसरस्वती, जङ्गहिरण्यहेमलक्ष्मीहरूको नित्य नैमित्तिक पूजा पर्व पर्वको पूजा वर्षबन्धन र पुजाहारी सुसारे चौकीदार बाजा बजाउने झारू बडारू कामदारहरूको बाली खर्च समेत सबै चाहिने खर्च १९३१ मा जङ्गबहादुरले खड्गनिशाना सहीछाप गरिएको सनद बमोजिम खर्चको विवरण तालिका । यो लगत चीफ भीमशम्शेरले तयार गरेको हो ।

पत्र–८ मिति– वि.सं. १९६... लि-देवनागरी आ– ३३.४x२५ रि.नं. १/१२६

क्रमाङ्क -१२७

मैयाँ महारानीले निवुवाटारमा पौवा बनाई गुठी राखेकी थिइन् । त्यसमा हुने खर्चको विवरण ।

पत्र–२ लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/१२७

क्रमाङ्क -१२८

श्री ३ देवशम्शेरले जैसीदेवलमा देवयोगेश्वर महादेवको स्थापना गरेका थिए । उनी निकालिएपछि १९५८ मा सो देवालयको गुठी, गुठीअड्डाबाट चल्ने भयो । त्यसको खर्चको विवरण ।

पत्र–२ लि-देवनागरी आ– ३३x२५ रि.नं. १/२८

क्रमाङ्क -१२९

जङ्गबहादुरकी बडामहारानीले हेटौंडामा पाटीपौवा बनाइन् । त्यसमा वर्षबन्धन व्राह्मण भोजन र शिवरात्रीमा आउने जाने जोगी अतिथि कंगालहरूलाई हण्डी बाँड्न पनि बन्दोबस्त भएकोले त्यसको खर्चको विवरण ।

पत्र–३ लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/१२९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -१३०

बडावजेनीले गोरखनाथमा गुठी राखेको, सो गुठी १९४६ देखि अमानतबाट चल्ने भएकोले सनद बमोजिम खर्च गर्नुपर्ने लगत गुठी अड्डाबाट खडा भएको । सो नगदी जिन्सी खर्चको विवरण तालिका ।

पत्र–३ मिति– वि.सं. १९६... लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/३०

क्रमाङ्क -१३१

धीरशम्शेरहरूले मृगस्थलीमा स्थापना गरेका धीरभक्तेश्वर र इन्द्रभक्तेश्वर चन्द्रभक्तेश्वर नन्दभक्तेश्वरहरूको नित्य नैमित्तिक वर्ष पर्वको पूजा ब्राह्मणभोजन सदावर्त वर्षबन्धन आदिमा हुने दानपत्र बमोजिमको नगद जिन्सी खर्चको विवरण तालिका ।

पत्र–९ लि-देवनागरी आ– ३३.४x२४.४ रि.नं. १/१३१

क्रमाङ्क -१३२

श्री ३ बडामहारानी नन्दकुमारीले पशुपति आर्यघाटमा दाउरा गुठी राखेकी थिइन् । सी पोल्दा यो गुठीका दाउरा पोल्न पाइन्थ्यो र जाडो महिनामा आर्यघाट, गौरीघाटमा नुहाउने लोग्नेमान्छे स्वास्नीमान्छेलाई आगो ताप्न पराल किनिन्थ्यो । गुठी जग्गाको दानपत्र बमोजिमको खर्चको विवरण ।

पत्र–२ लि-देवनागरी आ– ३३x२४.४ रि.नं. १/१३२

क्रमाङ्क -१३३

मृगस्थलीमा रामकृष्णले स्थापना गरेका रामकृष्णेश्वर गुठी १९६४ देखि अमानतबाट चल्न लागेको । सो गुठीको दानपत्र बमोजिमको लगत खडा भयो । सो बमोजिम नित्य नैमित्तिक पर्वपूजा वर्षबन्धन सदावर्त र अरू कामको समेत नगदी जिन्सी खर्चको तालिका ।

रि.नं. १/१३३

क्रमाङ्क -१३४

सरदार वीरबहादुर राणाले पशुपति आर्यघाटमा वीरभद्रेश्वर महादेवको र वलम्बुमा वीरविनायक गणेशको स्थापनागरी गुठी राखेका थिए । पछि सो गुठी जग्गा गुठी अड्डाका अधीन भएको सो अड्डाबाट ती देवालयको नित्य नैमित्तिक पूजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूजा आदिको खर्च चलाउने कुरा यसमा उल्लिखित छ । सो खर्च तालिका पनि यहाँ दिइएको छ ।

पत्र–६ मिति– वि.सं. १९६... लि-देवनागरी आ– ३३x२५ रि.नं. १/१३४
क्रमाङ्क -१३५

जङ्गबहादुरले मृगस्थलीमा स्थापना गरेका विश्वरूपको नित्य नैमित्तिक पूजा आदिको खर्च चलाउने लगत । यसमा सबै खर्चको विवरण उल्लिखित छ ।

पत्र–६ मिति– वि.सं. १९६... लि-देवनागरी आ– ३२x२३.३ रि.नं. १/१३५
क्रमाङ्क -१३६

जीतजङ्गप्रकाशेश्वर समेत १५ शिवालयको गुठी लगत । १९४२ मा जङ्गका खलकको सत्यानाश भएपछि निजहरूका गुठी अमानतबाट चल्ने हुँदा दानपत्र शिलापत्र तांवापत्र सनद बमोजिमको खर्च गुठीअड्डाबाट चल्ने भयो । चीफ भीमशम्शेरको एक छापे लगत खडा भयो । यसमा पशुपतिका १५ शिवालयको आय व्यय विवरण उल्लिखित छ ।

पत्र–१३ मिति– वि.सं. १९६... लि-देवनागरी आ– ३३x२५ रि.नं. १/१३६
क्रमाङ्क -१३७

श्री ३ रणोद्दिपका समयमा बनेको चाँगुनारायणस्थानको धाराको खर्च विवरण किताब ।

पत्र–४ मिति– वि.सं. १९६४ लि-देवनागरी रि.नं. १/१३७
क्रमाङ्क -१३८

बालासिंह कुँवर रक्षकुमारी देवीले मृगस्थली र आर्यघाटमा स्थापना गरेका रक्षेश्वर र रणबालेश्वर महादेवको नित्य नैमित्तिक पूजाको खर्चको विवरण । वि.सं. १९०३ मा भएको दानपत्र बमोजिमको खर्चको उल्लेख यस लगतमा छ ।

पत्र–६ मिति– वि.सं. १९६... लि-देवनागरी आ– ३३x२५.३ रि.नं. १/१३८
क्रमाङ्क -१३९

(१) चीफ भीमशम्शेरले गुठी तहसील अड्डाका नाउँमा गरेको एक छापे लगत । श्री ३ रणोद्दिपले पशुपति दक्षिणमा थापेका रामभक्तेश्वरका गुठीका जग्गाको आय विवरण भएको लगत किताब ।

(२) धीरशम्शेरले नारायणहिटी पोखरी पश्चिममा थापेका धीरनारायणका गुठीका जग्गाको आम्दानी विवरण तालिका ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) श्री ३ बडामहारानी (भीमकी) बज्यैले हेटौँडामा बनाएको चौघडा सत्तल पौवाको गुठीका जग्गाको आम्दानी विवरण तालिका ।

४) जंगबहादुरले कालमोचनघाटमा स्थापना गरेका जंगहिरण्यहेमनारायणका गूठ जग्गाका आय विवरण ।

५) श्री ३ सरकारका जगेडा गुठी जग्गाका आम्दानी विवरण तालिका ।

६) धीरशम्शेरले मृगस्थलीमा थापेका धीरभक्तेश्वरका गुठीका आय विवरण ।

७) जङ्गबहादुरले मृगस्थलीमा थापेका विश्वकपको गुठी जग्गाको आय विवरण ।

८) काहिला क. इनचीफ कृष्णबहादुरकी कान्छी रानीले टेकु दोभानमा स्थापना गरेका राधाकृष्णका गुठी जग्गाका आम्दानी विवरण तालिका ।

पत्र–३२ मिति– वि.सं. १९६४ लि-देवनागरी आ– ४२x२.४ रि.नं. १/१३९

(क्रमाङ्क १४० देखि १६१ सम्मका रील प्राविधिक गडबडीले गर्दा पढ्न नसकिने भएको हुनाले समावेश भएको छैन ।)

क्रमाङ्क -१६२

मत्स्यनारायणको गुठी चलाई पूजा खर्च र बाँकीले मन्दिर धर्मशाला मरमत गर्न बाँकी बुझाउन पर्दैन, आफै चलन गर्नु भन्ने जंगबहादुरले सनद गरिदिएकोमा पछि रणोद्दिप र जगत्शम्शेरले पनि बक्यौता माफी गरी निज डिल्लीबहादुर विष्टका छोरालाई थमौती गरिदिएको २ छापे रूक्का ।

पत्र–१ मिति– वि.सं. १५३५ लि-देवनागरी आ– ६७x२६ रि.नं. ३/१

क्रमाङ्क -१६३

पूर्व खोटांग खुटेश्वर महादेवको मन्दिर गुठी खेत समेत १९०४ सालको बाढीले लगेको र पछि खेत बगर बिराउँदा पनि पूजा खर्चबाट बाँकी आय सरकारमा बुझाउनु पर्दा मन्दिर बन्न सकेन मिन्हा पाउँ भन्ने देवीदत्त ओझाको निवेदन पर्दा मन्दिर पाटी नबनुन्जेल कुनै कसर नलाउनु भन्ने गुठी कचहरीका नाउँमा रणोद्दिपको पुर्जी ।

पत्र–१ मिति– वि.सं. १९३६ लि-देवनागरी आ– ३६x२३ रि.नं. ३/२

क्रमाङ्क -१६४

दरबार अगाडि इन्द्रजात्रामा खट बाँधी निकाल्ने इन्द्र काठको हुँदा जीर्ण भएका छन् । गुठीको बचत ९ सालदेखि ३६ सालतक गुठीअड्डामा भएकोले जिर्णोद्दार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्न पाउँ भन्ने गुठियार त्रिरत्नमुनि बज्राचार्यले निवेदन गर्दा सो मूर्ति तामाको बनाई सुनको लेप गर्नु, मूर्ति झिक्दा पुरश्चरण राख्दा प्रतिष्ठा गर्नु सो कामको लागि खर्च निकासा दिनु भन्ने रणोद्दिप र धीरशम्शेरको २ छापे पुर्जी गुठी कचहरीका नाउँमा भएको पत्र ।

पत्र–१ लि-देवनागरी आ– ५९x२५ रि.नं. ३/३

क्रमाङ्क -१६५

देवताको गुठी गहना चोरी दवाई खाएकोमा मुद्दा परी कसुरदारबाट असुल उपर दण्ड समेतकै रू. बाट साविक बमोजिम बनाउन लगाउनु भन्ने रणोद्दिप र धीरशम्शेरको २ छापे पुर्जी, गुठी कचहरीका नाउँमा भएको पत्र ।

पत्र–१ मिति– वि.सं. १९३६ लि-देवनागरी आ– ८१x२३ रि.नं. ३/४

क्रमाङ्क -१६६

हाडनातामा विग्रेकासँग लपस दपस गरिन्, गुठी दवाई खाइन्, भन्ने मुद्दामा पछि उजुरवालाले सावित गर्न नसकी कायलनामा गर्दा छिनिएको मुद्दाको मिसिल । १. रणोद्दिप र जगत्शम्शेरको २ छापे पुर्जी । २. कायलनामा २। ३. विन्तिपत्र १

पत्र–४ मिति– वि.सं. १९३४-३५ लि-देवनागरी आ– ३२x२८ रि.नं. ३/५

क्रमाङ्क -१६७

बुढानीलकण्ठको गुठी वैरागीहरूबाट झिकी वाहुनलाई दिई नित्य नैमित्तिका पूजा चलाई भत्के बिग्रेको जीर्णोद्धार गरी खानु भन्ने श्री ५ सुरेन्द्रको लालमोहर । गुठीजग्गाको आम्दानीको विवरण पनि खुलाएर दिएको छ ।

पत्र–१ मिति– वि.सं. १९३४ लि-देवनागरी आ– ९१x२०.५ रि.नं. ३/६

क्रमाङ्क -१६८

देव देवताको गूठमा रहेका भाडावर्तन गरगहना सबै गुठियारहरूबाट तायदात गरी बुझी लिई भण्डारघर बनाई राख्नु भन्ने गुठी कचहरी अड्डाका नाउँमा रणोद्दिप र जगत्शम्शेरको पूर्जी ।

पत्र–१ मिति– वि.सं. १९३४ लि-देवनागरी आ– २२x२१ रि.नं. ३/७

क्रमाङ्क -१६९

हिटीचोक सदावर्त गुठीमा चोरी भएकोले चोरी गर्ने टहलुवाको तायदात गरी लिएको धनमाल असुल गर्ने सम्बन्धमा भएको जङ्गबहादुर कृष्णबहादुरको २ छापे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सनदमा तायदाती हुँदा भेटेका ७ थान तमसुक ।

पत्र–१ मिति– वि.सं. १९७१ लि-देवनागरी आ– ९३x२१ रि.नं. ३/८
क्रमाङ्क -१७०

तलेजुको आभ्यन्तरपूजा गुठी, घिउगुठी, खीरगुठी साविक बमोजिम चलाई श्री ५ को सरकारलाई बुझाउने दस्तुर रू. १८३ को किस्ताबन्दी खोली गुठियार धर्मसिंहका नाउँमा गरिदिएको जङ्गबहादुर बमबहादुरको २ छापे सनद ।

पत्र–१ लि-देवनागरी आ– ४४x२६.७ रि.नं. ३/९
क्रमाङ्क -१७१

अघिदेखि चलि आए बमोजिम तलेजुका ५ गुठी चलाउनु, ४ किस्ता गरी सलामी दस्तुर श्री ५ को सरकारमा बुझाउनु भन्ने धर्मसिंह गुठियारका नाउँमा जङ्गबहादुर, कृष्णबहादुरको २ छापे सनदपत्र ।

पत्र–१ मिति– वि.सं. १९१५ लि-देवनागरी आ– ६७x२० रि.नं. ३/१०
क्रमाङ्क -१७२

गोकर्णेश्वर महादेवका पुजाहारी मोर (मूल) भट्टले आम्दानी मात्र खाई भत्के बिग्रेको नहेरेकोले निजलाई खोसी अमानतबाट चलाउनु भन्ने र यस अतिरिक्त ठेगदार जिम्मा रहेका शिवरात्रीगुठी, आरतीगुठी, पञ्चामृतगुठी पनि अमानतबाट चलाउनु भन्ने श्री ५ तर्फका गुठीअड्डाका नाउँमा वीरशम्शेरको पुर्जी ।

पत्र–१ लि-देवनागरी आ– १४३x२३ रि.नं. ३/११
क्रमाङ्क -१७३

विष्णुमतिपुलको गुठी पहिले घनानन्दले, अनि समरजङ्ग पल्टनले चलाई आएकोमा अब उप्रान्त श्री ५ तर्फका गुठी अड्डाले चलाउनु भन्ने वीरशम्शेर, देवशम्शेरको सनदपत्र ।

पत्र–१ मिति– वि.सं. १९५१ लि-देवनागरी आ– २०.६x२३ रि.नं. ३/१२
क्रमाङ्क -१७४

कडेल चोकको मन्दिरको पूजा सुसारे खान्की हृदयमानबाट खोसी सेती धाइका छोरीलाई थामी दिई गरेको सनदपत्र । सो खान्की पहिले सेतीका छोरा दीपबहादुरलाई नै दिएको, निज नाबालक भई काम गर्ने हृदयमानले सहयोग मात्र गरेको निजले जग्गा दर्ता गरी खान पाउँदैन भन्ने बेहोरा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र–१ मिति– वि.सं. x लि-देवनागरी आ– २१x२२ रि.नं. ३/१३
क्रमाङ्क -१७५

पशुपति महास्नान गुठीजग्गाको पोता असूल गर्ने सम्बन्धमा व्यवस्था गर्न गरिएको वीरशम्शेर, देवशम्शेरको पूर्जी ।

पत्र–१ मिति– वि.सं. १९५२ लि-देवनागरी आ– ३४x२१ रि.नं. ३/१४
क्रमाङ्क -१७६

इन्द्रजात्रामा गणेश, भैरव, कुमारीको रथ तानेर कृतिमुख भैरवका स्थानमा रथ पुग्दा रथ तान्ने खेतालाले खाज खान पाउने, तल्ला टोलमा रथ तान्ने खेतालाले भने केही खान पाएका छैनन् भन्दा कुमारीगुठीबाट खाजा खान खर्च दिनु भन्ने गुठी खर्च अड्डाका नाउँमा वीर, देवको पुर्जी ।

पत्र–१ मिति– वि.सं. १९५२ लि-देवनागरी आ– २९x२४ रि.नं. ३/१५
क्रमाङ्क -१७७

तेजशम्शेरको विवाहमा भेला भएका भजनमण्डली, नाटकमण्डलीमा त्रिपुरेश्वरको नाटक राम्रो भएकोले अब उप्रान्त यो मण्डलीलाई हाम्रा उर्दीले सामेल हुँदा रोजको २५ रूपियाँ ठेक्का गरिदिनु भन्ने वीरशम्शेर, देवशम्शेरको गुठी बन्दोबस्त अड्डाका नाउँमा पुर्जी ।

पत्र–१ लि-देवनागरी आ– २३.३x२४.३ रि.नं. ३/१६
क्रमाङ्क -१७८

देउपाटन जयवागीश्वरी नेरको मठको अधिदेखिको गुठीजग्गा केही जग्गा गोकर्णका गिर्दा भित्र पर्दा पनि साविक बमोजिम गुठी चलाई आएको, चलाउँछु भन्ने सो मठका महन्तको कबुलियत कागत ।

पत्र–१ मिति– वि.सं. १९५३ लि-देवनागरी आ– २६x२१.४ रि.नं. ३/१७
क्रमाङ्क -१७९

प्रतापमल्ल, पार्थिवेन्द्रमल्लहरूले तलेजु भवानीलाई राखेको घिउगुठी, खीरगुठी, आदिको पहिलेको रीत बमोजिम चलाई गुठी आम्दानी किस्ताबन्दी बुझाउने व्यवस्था बाँधी श्री ३ जङ्ग र वमबहादुरको २ छापे सनद गुठियार धर्मसिंहका नाउँमा भएको ।

पत्र–१ मिति– वि.सं. १९१२ लि-देवनागरी आ– ४३.३x३० रि.नं. ३/१८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -१८०

कम्याण्डर इन चीफको गुठी अड्डाका नाउँमा पूर्जी । गुठी मौज्दातले जग्गा किन्नु भन्ने सनद भएकोमा जग्गा पनि नमिलेको राख्न पनि बढी रू. भएकोले यो रू. र रूख काटेको जरिवाना समेत रू. भण्डार दाखिल गर्नु भन्ने कुरा यसमा उल्लिखित छ ।

पत्र–१ मिति– वि.सं. १९५७ लि-देवनागरी आ– ५०x२४.६ रि.नं. ३/१९

क्रमाङ्क -१८१

चाँडो मुद्दा किनारा गरिदिनु भन्ने धनकुटा गौडाका नाउँमा वीरशम्शेर र देवशम्शेरको २ छापे प्रमाङ्गी ।

पत्र–१ मिति– वि.सं. १९५१ लि-देवनागरी आ– ५०x३४.३ रि.नं. ३/२०

क्रमाङ्क -१८२

(१) श्री ५ गुठी बन्दोबस्त अड्डाका नाउँमा पुर्जी ।

(२) एग्रीकल्चर अफिसको पुर्जी ।

(३) देगुतले गुठीका मोहीको मुचुल्का ।

(४) थापाथली रसद गोदामको भरपाई ।

(५) गुठी बन्दोबस्तको पुर्जी ।

(६) गुठी बन्दोबस्तबाट भएको खर्च ।

पत्र–६ मिति– वि.सं. १९८२ लि-देवनागरी आ– ९०.५x२३.६ रि.नं. ३/२१

क्रमाङ्क -१८३

(१) मुमा माहिली बडामहारानीको त्रिपुरेश्वरको बगैंचा सरकारले लिएर त्यसको सट्टा पकनाजोलमा जग्गा दिई गरिदिएको दुई छापे सनद ।

(२) गुठी बन्दोबस्तको पर्चा १ ।

(३) गुठी बन्दोबस्तको पुर्जी १ ।

(४) लगत जाँचको भरपाई ।

(५) गुठी तहसिलको भरपाई १ ।

पत्र–१ मिति– वि.सं. १९९५ लि-देवनागरी आ– २०४.५x२६.६ रि.नं. ३/२२

क्रमाङ्क -१८४

(१) वुषु धाई रत्नकुमारीको श्राद्धका लागि गुठी राखी गरिदिएको दुई छापे सनद ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(२) सो गुठी गुठीअड्डाका नाउँमा दर्ता गर्ने गरी गरिएको सनद ।

(३) गुठीअड्डाको पुर्जी ।

(४) गुठीअड्डाको पर्चा ।

(५) गुठीजाँचको भरपाई ।

पत्र–५ मिति– वि.सं. १९९५ लि-देवनागरी आ– १२०.५x२४.४ रि.नं. ३/२३
क्रमाङ्क -१८५

(१) पर्ती जग्गाको लगत कृषिपरिषद्मा पठाइदिनु भन्ने गुठीअड्डाका नाउँमा दुई छापे आदेश ।

(२) गुठीअड्डाले यसै सम्बन्धमा खडा गरेको पर्चा ।

पत्र–२ मिति– वि.सं. १९९४ लि-देवनागरी आ– २८.६x२६ रि.नं. ३/२४
क्रमाङ्क -१८६

(१) श्री ३ जुद्धको गुठीअड्डाका नाउँमा मेरो वेरूजुमा मेरो ठूलो छाप चीफको हस्ताक्षरबाट काम गर भन्ने आदेश ।

(२) गुठीअड्डाबाट भएको पर्चा ।

पत्र–२ मिति– वि.सं. १९९५ लि-देवनागरी आ– २६.५x१८.८ रि.नं. ३/२४
क्रमाङ्क -१८७

गोठमा परेको गौचरको जग्गा स्वयम्भू समय् खाने ठाउँमा सट्टा राखिदिनु भन्ने सदर दफ्तरखानाका नाउँमा वीरशम्शेरको पुर्जी ।

पत्र–१ मिति– वि.सं. १९४३ लि-देवनागरी आ– २२.३x१६.६ रि.नं. ३/२६
क्रमाङ्क -१८८

श्री ५ को सरकारतर्फका जग्गामा ठेक्का बन्दोबस्त गर्नु भन्ने गुठीबन्दोबस्त अड्डाका नाउँमा २ छापे सनद ।

पत्र–१ लि-देवनागरी आ– २८.२x२०.५ रि.नं. ३/२७
क्रमाङ्क -१८९

खोकना सिद्धिकालीको मन्दिर गुठियारबाटै जीर्णोद्धार गर्न लाउनु । गुठियारले बनाउनु नपर्ने, सरकारैले बनाउनु पर्ने भए प्रमाणसाथ जाहेर गर भन्ने गुठीवन्दोबस्त अड्डाका नाउँमा २ छापे पुर्जी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र–१ मिति– वि.सं. १९६१ लि-देवनागरी आ– २६x२५ रि.नं. ३/२८
क्रमाङ्क -१९०

पशुपति महास्नान आदि पाँच गुठी त्रिसाला ठेक्का लाउनु भन्ने २ छापे सनद ।

पत्र–१ मिति– वि.सं. १९६५ लि-देवनागरी आ– ७६.५x२४.५ रि.नं. ३/२९
क्रमाङ्क -१९१

कुमारीको घर जीर्णोद्धार गर्ने रूपैयाँ निकासी दिई छेभडेलमार्फत् बनाउनु भन्ने चन्द्र, भीमको २ छापे सनद ।

पत्र–१ मिति– वि.सं. १९६१ लि-देवनागरी आ– २५.५x२३.४ रि.नं. ३/३०
क्रमाङ्क -१९२

पुरानो बक्यौता ताकेता गरी असुल गराउनु भन्ने सदर कुमारीचोक श्रेस्ताअड्डाका नाउँमा २ छापे सनद ।

पत्र–१ मिति– वि.सं. १९६२ लि-देवनागरी आ– १४६.३x२५ रि.नं. ३/३१
क्रमाङ्क -१९३

गुठीअड्डाबाट तलब खानेहरूबाट उठेको चुमावन गुठी जगेडा दाखेल गर्नु भन्ने आदेश बमोजिम त्यसको पहाड मधेश सबैतिरको लगत खडा गर्नु भन्ने चन्द्र, भीमको २ छापे सनद ।

पत्र–१ लि-देवनागरी आ– ४२.५x२३ रि.नं. ३/३२
क्रमाङ्क -१९४

त्रिपुरेश्वर तलेजु रामायणका भट्ट, भण्डारी गैह्रबाट उठेको चुमावन गुठी जगेडा भण्डार दाखेला गर्नु, पशुपतिको भट्ट, भण्डारीबाट उठेको पशुपतिगुठी दाखेल गर्नु भन्ने चन्द्र, भीमको २ छापे सनद ।

पत्र–१ मिति– वि.सं. १९६० लि-देवनागरी आ– ३८.५x२३.५ रि.नं. ३/३३
क्रमाङ्क -१९५

(१) नक्सालका भीमेश्वर र पञ्चकुमारी सत्तल भत्के बिग्रेको छ भन्ने कुरा जाहेर हुँदा त्यसको लगत इष्टमेट गरी छेभडेलबाट खर्च गरी जीर्णोद्धार गराउनु भन्ने गुठी बन्दोबस्त अड्डाका नाउँमा २ छापे सनद ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(२) इष्टमेटको लगत दिन ठेकदारलाई पठाइदिनु भन्ने लगतअड्डाको गुठीबन्दोबस्त अड्डाका नाउँमा पुर्जी ।

पत्र–२ लि-देवनागरी आ– ५५.५x२४.८ रि.नं. ३/३४

क्रमाङ्क -१९६

(१) मनकामनागुठीको जगेडा रू. १२७५ खर्च गरी बुढी खोला बगर बिह्राई गुठीको जग्गा बढाउने भनेकोमा बक्यौताबाट बिराउनु सो रू. सदर मुल्कीखाना दाखेल गर्नु भन्ने २ छापे सनद ।

(२) मनकामनाको सो जगेडा रूपैयाँबाट भत्के बिग्रेको पाटी पौवा बनाएकोले अब बाँकी १३४ मात्र छ भन्ने कुरा जाहेर हुँदा त्यति मात्र दाखेल गर्नु भन्ने २ छापे सनद ।

पत्र– २ लि-देवनागरी आ– ७३x२५ रि.नं. ३/३५

क्रमाङ्क -१९७

पशुपति महास्नानगुठी र कुमारीगुठीको खर्च गरी बाँकी बुझाउने गरी बेखासिंहले ठेक्का लिएकोमा निजबाट आएको रू. आम्दानी बाँधी लगत तयार भएपछि स्याहामा आम्दानी बाँध्नु भन्ने २ छापे सनद ।

पत्र–१ लि-देवनागरी आ– ६०.५x२४.३ रि.नं. ३/३६

क्रमाङ्क -१९८

साविक खरदार गुणराजले सनद बमोजिम बुझाउनु पर्ने नबुझाएको रिपोर्ट जाहेर हुँदा तपसिलका कुरामा तपसिल बमोजिम गर्नु भन्ने गुठीबन्दोबस्त अड्डाका नाउँमा चन्द्रशम्शेरको एक छापे सनद ।

पत्र–१ लि-देवनागरी आ– २०३x२३.७ रि.नं. ३/३७

क्रमाङ्क -१९९

जुन अड्डाको काम हो उसै अड्डामा टिपोट, विन्दिपत्रहरू पठाउनु भन्ने गुठीकचहरीका नाउँमा पुर्जी ।

पत्र–१ लि-देवनागरी आ– २३.३x२६.५ रि.नं. ३/३८

क्रमाङ्क -२००

बारा जिल्लाको कर्कच मठमा महन्त खान्कीमा गोविन्ददासलाई भर्ना गरी वर्षको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रू. ५०० अस्पातल खर्च वापत गुठीअड्डामा दाखेल गरी खर्च चलाई भोग गर भन्ने सनद ।

पत्र–१ मिति– वि.सं. १९५० लि-देवनागरी आ– ४२.५x२४.२ रि.नं. ३/३९

क्रमाङ्क -२०१

महाकालस्थान वरिपरि फोहर मैला गर्न नदिन हण्डी २ दिई पाले राख्नु भन्ने सनद ।

पत्र– १ लि-देवनागरी आ– २४.५x२३ रि.नं. ३/४०

क्रमाङ्क -२०२

पनौती ख्वाकु मठको आम्दानी खर्च अमानतबाट पूजा खर्च चलाई शेष बाँकी अस्पताल खर्चमा लाउनु भन्ने गुठीबन्दोबस्तका नाउँमा भएको सनदपत्र ।

पत्र–१ लि-देवनागरी आ– ५७x२३ रि.नं. ३/४१

क्रमाङ्क -२०३

(१) टिकट दस्तुर सम्बन्धमा गुठीबन्दोबस्तका नाउँमा भएको सनद ।

(२) पाटन मत्स्येन्द्रनाथको गुठी अमानतबाट चलाउँदा मसलन्द खर्च पावत भएको सनद ।

पत्र–२ मिति– वि.सं. १९५० लि-देवनागरी आ– ३६x२५ र ६७x२२.५ रि.नं. ३/४२

क्रमाङ्क -२०४

(१) रू. १ देखि माथि बुझाउनेसँग टिकटदस्तुर लिई रसिद दिनु भनी टिकटदर समेत खोली गुठीअड्डाका नाउँमा भएको सनदपत्र ।

(२) दफ्तरखाना कुमारीचोकबाट गुठीवन्दोबस्तका नाउँका टिकट राख्नु भन्ने सम्बन्धमा पत्र ।

पत्र–२ लि-देवनागरी आ– ५६x२७ र २४x२२ रि.नं. ३/४३

क्रमाङ्क -२०५

श्री ५ बडामहारानी विरामी भै आर्यघाट लाँदा अस्पताल बनाउन नयाँ मुलुकमा एक हजार विघा जग्गा गुठी राखेको, सो जग्गाको असुल तहसील गरी दाखेल गर्नु भन्ने गुठीअड्डाका नाउँमा भएको सनदपत्र ।

पत्र–१ लि-देवनागरी आ– ११८x२२ रि.नं. ३/४४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -२०६

१९०९ मा गुठीकचहरी खडा भई राजगुठी ठेक्कामा चलाउन थालियो । चाँगुका १७ गुठी ठेक्का लागेकोमा १३ गुठी ठेकेदारले चलन गर्न पाएको र बाँकी ४ गुठियारले चलन गर्न नदिएका हुनाले ठेकेदारलाई २३८ रूपैयाँ मिन्हा दिनुभन्ने गुठीबन्दोबस्तका नाउँमा भएको सनदपत्र ।

पत्र– १ मिति- वि.सं. १९५० लि-देवनागरी आ– १९०x२३.३ रि.नं. ३/४५

क्रमाङ्क -२०७

रतवाडाका शिवालय सत्तल भत्के बिग्रेकोले यो जीर्णोद्धार कार्यका लागि महोत्तरी गुठीमालबाट ३७०० दिनु भन्ने गुठीबन्दोबस्त अड्डाका नाउँमा २ छापे सनद ।

पत्र–१ लि-देवनागरी आ– ८५x२२.२ रि.नं. ३/४६

क्रमाङ्क -२०८

यो यो काममा यो यति खर्च गर्नु भन्ने सनद सवालको र रकमीले गरे खाए सरकारको नोक्सानी देखिन पर्न जाने रू. दा. सनद सवालको १ प्रति नक्कल कुमारी चोकमा बुझाइदिनु भन्ने गुठी बन्दोबस्त नाउँमा २ छापे सनद ।

पत्र–१ मिति– वि.सं. १९४४ लि-देवनागरी रि.नं. ३/४७

क्रमाङ्क -२०९

पशुपति महास्नान नित्य पूजा भोग चढाउँदा र गुह्येश्वरीको पूजाको दूध, दही, चिनीमा पनि घटाई कपट गरी दिन्छन् भन्ने जाहेर हुँदा गुठीकचहरीका ख. दुर्गाप्रसादले मैना मैनामा जाँची जाहेर गर्नु भन्ने २ छापे सनद ।

पत्र–१ मिति– वि.सं. १९४६ लि-देवनागरी आ– २३x२२.२ रि.नं. ३/४८

क्रमाङ्क -२१०

रौतहटको गुठी जग्गामा स्वरूप गिरीले काम गर्दा बाँकी लागी सोमा धनजमानिले लेखिदिएको वासुकीडोल खेत ३ देवप्रीति गरी बाँकी आम्दानी अस्पताल बनाउन जगेडामा दाखेल गर्नु भन्ने गुठीबन्दोबस्तका नाउँमा २ छापे सनद ।

पत्र–१ मिति– वि.सं. १९५० लि-देवनागरी आ– १.११x२५ रि.नं. ३/४९

क्रमाङ्क -२११

पशुपति महास्नान गुठीको कामकाज गर्ने द्वारे सु. ईश्वरीप्रसाद घोरासैनीलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खान्की रू. १५ मा धान ९ मुरी थपिदिनु भन्ने सनद ।

पत्र– १ मिति- वि.सं. १९४९ लि-देवनागरी आ– ३०.५x१९ रि.नं. ३/५०
क्रमाङ्क -२१२

पलांचोक भगवतीको गुठीको लगत ल्याउ भनी चौतारा अड्डाबाट पत्राउ गर्दा भगवतीका पुजाहारी थकाली वागले ज्यादै बुढो हुँदा उहाँ जान सक्तिनँ यहींबाट लगत बुझाउन पाउँ भन्दा लगत यहीं लिइदिनु, थप आम्दानी पछि उहाँबाट बाँध्नु भन्ने गुठीबन्दोबस्त अड्डाका नाउँमा गरिदिएको २ छापे सनद ।

पत्र–१ मिति– वि.सं. १९४९ लि-देवनागरी आ– ५४x२५ रि.नं. ३/५१
क्रमाङ्क -२१३

दक्षिणकालीको पूजा चलाई सालको १०० रू. गुठीमा बुझाई आएकोमा अब उप्रान्त पूजा चलाई शेष भोग गर्नु गुठीकचहरीले टन्टा नगर्नु भन्ने खड्गसिंह बस्नेतका नाउँमा भएको सनद । खड्गसिंहका बाबुहरू कोतपर्वमा परेका थिए ।

पत्र–१ लि-देवनागरी आ– ६७x२४ रि.नं. ३/५२
क्रमाङ्क -२१४

चन्द्र र भीमको गुठीअड्डाका नाउँमा भएको सनद । श्री ५ को सरकारतर्फका असूल तहसील सम्बन्धी बेहोरा छ ।

पत्र–१ मिति– वि.सं. १९६२ लि-देवनागरी आ– ६७x२५ रि.नं. ३/५३
क्रमाङ्क -२१५

८१ वर्षको बूढा जुजुमणि श्रेष्ठलाई एक हण्डी दिनु भन्ने गुठीबन्दोबस्त तहसील अड्डाका नाउँमा २ छापे सनद ।

पत्र–१ मिति– वि.सं. १९६२ लि-देवनागरी आ– २३x२१ रि.नं. ३/५४
क्रमाङ्क -२१६

गुठीको ठेकेदार महावीर खत्रीले बाँकी बुझाउन नसक्दा श्री ५ को सरकारको गुठी बन्दोबस्त अड्डाबाट कारवाही भएको मिसिलमा तोक आदेश सम्बन्धी सनदपत्रहरू ।

पत्र–८ मिति– वि.सं. १९३८ लि-देवनागरी आ– ३८.६x२४.५, २८x१०, १६.५x१४, १०९x२४, ४५x२४.५, ३८x२१.६, २०.५.x१९.७, २२x२१, रि.नं. ३/५५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमाङ्क -२१७

विस्केटको लिङ्गो उभ्याउँदा पर्वपूजा भोजमा खर्च गर्न गुठी रहेको सो गुठी सरकार लागे पनि ५ रोपनी जग्गा आफै गुठी राखी काम चलाउँदै आएकोमा नपुग हुँदा जाहेर गरेका छौं भन्ने गुठियारको भनाइ अनुसार आम्दानी खर्च के कति हुँदो रहेछ जाहेर गर्नु भन्ने रणोद्दिपसिंहको आदेशपत्र ।

पत्र–१ लि-देवनागरी आ– २१.२x१० रि.नं. ३/५६

क्रमाङ्क -२१८

चतुराली पौवा जीर्णोद्धार ठेक्काबाट गराउनु ठेक्का नलागे अमानतबाट गराउनु भन्ने गुठीबन्दोबस्त अड्डाका नाउँमा २ छापे सनद ।

पत्र–१ मिति– वि.सं. १९६२ लि-देवनागरी आ– ६३.२x२१ रि.नं. ३/५७

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सद्धर्मपुण्डरीकसूत्र

– जनकलाल शर्मा

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव तथा श्री ५ वडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारका बाहुलीमा जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपति ली स्यान न्यान तथा श्रीमती लिन च्या मईले केही समय पहिले सरकारहरूकै मैत्रीपूर्ण निमन्त्रणामा नेपालको सद्भावनापूर्ण भ्रमणमा पाल्नुभएका समय चढाउनुभएको 'सद्धर्म पुण्डरीक सूत्र' नामको १३७ पाता भएको हस्तलिखित ग्रन्थ भएको प्रतिलिपि (फोटोस्ट्याट कपी) नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ । यो पुस्तक नारायणहिटी राजदरबारको च.नं. ४६१/०४० मिति चैत्र १३ गते २०४० को पत्रका साथ महानिर्देशक श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभागका नाउँमा उसै दिन अर्थात् २०४०।१२।१३।२ कै दिन आएको थियो । यसलाई पुरातत्त्व विभागले उसै मितिमा राष्ट्रिय अभिलेखालयमा पठायो । राष्ट्रिय अभिलेखालयले यसलाई २०४०।१२।१३।२ कै दिन आफ्नो जिन्सी खातामा आम्दानी बाँध्यो ।

पुस्तकको विवरण

ग्रन्थनाम	–	सद्धर्मपुण्डरीकसूत्र
पत्रभेद	–	ताडपत्रको अफसेट फोटो आधुनिक कागजमा
पत्रसंख्या	–	१३७
लिपि	–	नेवारी भुजिंमोल
आकार	–	३"X२३" इन्ची

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसंख्या – ५५१०
पंक्ति – ६
राष्ट्रिय अभिलेखालयको दर्ता – छैठौं लगतसंख्या – १५१८
पुस्तकको अवस्था – सुन्दर तथा पूर्ण
विषय – महायान बौद्ध दर्शन
लेखक (लिपिकर्ता) – अमात्य श्री गुणाकरजीव भल्लोक
समय – नेपाल सम्वत् २०२

यो ग्रन्थ महायानी बौद्ध दर्शनशास्त्रको हो र यसमा जम्मा २६ अध्याय छन् जसलाई परिवर्त्त पनि भनिन्छ । यी अध्याय वा परिवर्त्त यस प्रकार छन् ।

	विषय	पत्र
१.	निदान परिवर्त्त	१०
२.	उपाय कौशल्य परिवर्त्त	१८
३.	औपम्य परिवर्त्त	२९
४.	आधिमुक्ति परिवर्त्त	३५
५.	ओषधी परिवर्त्त	४१
६.	व्याकरण परिवर्त्त	४४
७.	पूर्वयोग परिवर्त्त	५७
८.	पञ्चभिक्षु शतव्याकरण परिवर्त्त	६१
९.	आनन्द राहुलाभ्यां अन्याभ्यां च द्वाभ्यां भिक्षुसहस्राभ्यां व्याकरण परिवर्त्त	६३
१०.	धर्मभाणक परिवर्त्त	६७
११.	स्तूपसंदर्शन परिवर्त्त	७६
१२.	उत्साह परिवर्त्त	७८
१३.	सुखविहार परिवर्त्त	८४
१४.	बोधिसत्त्व पृथिवीविवरसमुद्गत परिवर्त्त	९०
१५.	तथागतायुष्प्रमाण परिवर्त्त	९३
१६.	पुण्यपर्याय परिवर्त्त	९८
१७.	अनुमोदना पुण्यनिर्देश परिवर्त्त	१०१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१८. धर्मभाणकानुशंसा परिवर्त्त — — — — १०६
१९. सदाऽपरिभूत परिवर्त्त — — — — ११०
२०. तथागताध्यभिसंस्कार परिवर्त्त — — — — ११२
२१. धारणी परिवर्त्त — — — — ११४
२२. भैषज्यराज पूर्वयोग परिवर्त्त — — — — १२०
२३. गद्गदस्वर परिवर्त्त — — — — १२५
२४. समन्तसुख परिवर्त्त — — — — १२८
२५. शुभव्यूहाज पूर्वयोग परिवर्त्त — — — — १३३
२६. समन्तभद्रोत्साहन परिवर्त्त — — — — १३६

नेपाल सम्वत् २०२ चैत्रशुक्ल पूर्णिमा, बृहस्पतिवार, हस्तनक्षत्रका दिन राजा शंकरदेवका पालामा, इन्द्रमूल स्थानमा बस्ने अमात्य परमोपासक श्री गुणाकर भल्लोकले आफैंले लेखेको (सारेको) हो भन्नी अन्तिम पत्रको पुष्पिकामा उल्लेख गरेको कुरा निम्न प्रकार छ ।

"संवत् आ २ चैत्रशुक्ल दिवा पूर्णमास्यां । बृहस्पति वार दिने । हस्त नक्षेत्रे । परम भट्टारक महाराजाधिराज परमेश्वर श्रीमत् शंकरदेवस्य विजयराज्ये प्रवर्तमाने । देय धर्मोयं प्रवरमहायानयायिनी श्री चक्रवाटी महादेवी महाविहार्य शाक्यभिक्षुणीयमेन्द्रनाथाय दत्तं पुण्यं तदवत्त्वाचार्योपाध्याय माता पितृ स्वजन वान्धव प्रमुखैरनुत्तररोज्ञानफलावाप्त यति ॥ ये धर्मा हेतुप्रभवा हेतुन्तेषां तथागता ह्यवदत्तेषां च यो निरोध एवंवादी महाश्रमणः । श्री इन्द्रमूल स्थानाधिवासी अमात्य परमोपासक श्री गुणाकरजीव भल्लोकेन स्वयं लिखितमिति ॥"

यस बाहेक पनि यस पुस्तकका विषयमा अनेक सूचना प्रस्तुत गर्न सकिन्छ । तर ती सबैको व्याख्या यो सानो रचनामा संभव छैन । यति हुँदा हुँदै पनि पाठक समक्ष केही विवरण प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

सद्धर्मपुण्डरीक नामक ग्रन्थको परिचय

हिन्दूका लाग 'गीता', ईसाईका लागि 'बाइबिल' र मुसलमानका लागि 'कुरान' भनेपछि कुनै परिचय दिनु आवश्यक छैन । त्यसै प्रकार बौद्ध समाजका लागि 'सद्धर्मपुण्डरीक' को पनि परिचय दिइरहनु आवश्यक छैन । यदि यसप्रकारको प्रसिद्ध ग्रन्थ यो हो भने यसको परिचय यहाँ किन आवश्यक पऱ्यो भन्ने प्रश्न पनि कसैले उठाउन सक्तछ । आजको धार्मिक समन्वयको जमानामा बौद्ध बाहेकका अन्य समाजले पनि एकले अर्काको धर्मप्रति समान आस्था राखेर तिनका धर्मग्रन्थको अध्ययन-अध्यापन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्ने प्रचलन भएको कुरा सर्वविदित छ । त्यसै कारण सद्धर्मपुण्डरीक सूत्र जस्तो प्रसिद्ध बौद्ध धार्मिक ग्रन्थको पनि परिचय दिनुपर्ने नितान्त आवश्यक यहाँ पर्न आयो । अतः त्यसै विषयमा पाठक समक्ष केही विचार राख्ने प्रयत्न यहाँ गरिन लागिएको हो । धर्म निरपेक्ष साम्यवादी राष्ट्र महान्‌जनगणतन्त्र चीनका राष्ट्रपतिले हिन्दू राष्ट्रका राष्ट्रनायक श्री ५ महाराजाधिराजका बाहुलीमा सद्धर्मपुण्डरीक जस्तो प्रसिद्ध बौद्ध धार्मिक ग्रन्थ चढाउनुले पनि यस कुरालाई पुष्टि गर्दछ । यस्तो उदाहरण नेपालमा मात्र होइन अन्यत्र पनि पाइन्छ ।

१९५६ ईश्वीको कुरा हो । स्वतन्त्र गणतन्त्र भारतका प्रथम प्रधानमन्त्री स्वर्गीय पण्डित जवाहरलाल नेहरूलाई सर्वोच्च सोभियत संघ रूसको मन्त्रिपरिषद्‌का अध्यक्ष (The Chairman of the Council of Ministers of the USSR) एन. ए. वुल्गानिन (Mr. N.A. Bulganian) तथा रूसको सर्वोच्च सोभियतका अध्यक्ष मण्डलका सदस्य (Member of the Presidium of the Supreme Soviet of the USSR) एन.एस.खु, शचेव, (N.S. Khrushchev) भारतको मैत्रीपूर्ण भ्रमणमा आएका समय उक्त नेताद्वयले सद्धर्मपुण्डरीक सूत्रको पाण्डुलिपीको सूक्ष्मछविको प्रति (The Microfilm Copy) दुवै देशको मित्रताका लागि हस्तान्तरण गरेका थिए । उक्त सद्धर्मपुण्डरीक सूत्रको काशागर पाण्डुलिपिलाई Saddharmapundrikasutra Kashgar Manuscript का नामले डा. लोकेश्चन्द्रले सम्पादन गरेर १९७६ ईश्वीमा जापानको रेयुकाइ, टोकियो (Tokyo, The Reiyukai) बाट प्रकाशमा ल्याइसकेका छन् । यिनै सब कारणले गर्दा हामीले पनि यहाँ त्यसको परिचय दिन लागेका छौं । रूसले भारतलाई दिएको पाण्डुलिपीको प्रतिलिपि मध्यएशियाको हो भने चीनले नेपाललाई दिएको ग्रन्थको प्रतिलिपि मध्यकालमा देपालमै लेखिएर नेपालबाटै कुनै समय चीन लगिएको हो । त्यसैकारण हाम्रा लागि यसको अझै बढी महत्व छ ।

नेपालको पाण्डुलिपी चीनमा कसरी पुग्यो त्यसमा पनि विचार गर्नु आवश्यक छ । चीनमा सद्धर्मपुण्डरीकको अध्ययन गर्ने प्रथा धेरै पुरानो हो । चीनमा सद्धर्मपुण्डरीकको अध्ययन हुन थालेको डेढ हजार वर्षभन्दा पनि बढी हुन लाग्यो । प्रस्तुत ग्रन्थका आठ-नौ प्रकारका चीनी अनुवादको उल्लेख यत्र तत्र पाइन्छ । यसको अध्ययन-अध्यापनको प्रथा नएको भए यतिका अनुवादको उल्लेख त्यहाँ पाइनु संभवै थिएन । तर दुर्भाग्यको कुरा हो आज (१) धर्मरक्षकृत अनुवाद (२) कुमारजीवकृत अनुवाद र (३) ज्ञानगुप्तकृत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुवाद मात्र हामीलाई उपलब्ध छन् । यी तीन बाहेक अरू अनुवाद उपलब्ध छैनन् । यिनमा धर्मरक्षको अनुवाद सर्वाधिक प्राचीन हो । धर्मरक्षले यसको अनुवाद २८६ ईस्वीमा गरेका थिए । उनी पश्चिमी चीनका निवासी त्सिन (Tsin) वंशका हुन् र यिनको जन्म कान-सू (Kain-Su) प्रान्तमा भएको थियो । यिनले चीनको पश्चिमी भागमा बसेर करीब छत्तीस भाषाको अध्ययन गरेका थिए । कालक्रम अनुसार दोस्रो अनुवाद कुमारजीवको हो । यिनले ४०२ ईश्वीमा सद्धर्मपुण्डरीकको अनुवाद समाप्त गरेका थिए । यिनको अनुवाद तिब्बती संस्करणको पाण्डुलिपी आधारित थियो । कुमारजीवको जन्म त्शीन (Tshin) वंशमा भएको थियो र उन्नी कूच (Kuch) का प्रसिद्ध बौद्ध भिक्षु थिए । यिनले अनेक बौद्ध ग्रन्थको अनुवाद चीनी भाषामा गरेका छन् । सद्धर्मपुण्डरीकको तेस्रो अनुवाद ज्ञानगुप्त एवं धर्मगुप्तको हो । यो अनुवाद ६०१ ईस्वीमा भएको थियो । ज्ञानगुप्त एवं धर्मगुप्तको अनुवाद गर्ने आधार नेपालबाट लगिएको पाण्डुलिपि थियो त्यसै नेपाली पाण्डुलिपिबाट त्यो अनुवाद चीनी भाषामा गरेका हुन् । चीनी परम्पराको विश्वास अनुसार सद्धर्मपुण्डरीक नामक ग्रन्थमा बोधिसत्त्व वसुबन्धुले 'सद्धर्मपुण्डरीक सूत्र शास्त्र' नामक टीका लेखेका थिए जसको अनुवाद बोधिरूचि र रत्नमतिले ५०८ ईश्वीतिर चीनी भाषामा गरेका थिए । यसमा हाम्रा लागि सबभन्दा महत्त्वको कुरा ६०१ ईश्वीमा ज्ञानगुप्त एवं धर्मगुप्तले आफ्नो आधार बनाएको नेपाली पाण्डुलिपि नै हो । यो पाण्डुलिपि अहिले चीनमा उपलब्ध छ वा छैन त्यो त भन्न कठिन छ तर नेपालबाट संग्रह गरेका सद्धर्मपुण्डरीकको अध्ययन गर्ने प्रथा चीनमा पहिलेदेखि नै भएको कुरा यसबाट स्पष्ट हुन्छ । यसै क्रममा अहिले हामीलाई चीनब्राट प्राप्त भएको ग्रन्थ पनि मध्यकालको कुनै समय नेपालबाट गएको हो । यो ग्रन्थ नेपालमै लेखिएको थियो भन्ने पुष्टि त्यसैमा रहेको पुष्पिकाले गर्दछ ।

नेपाली बौद्ध समाजमा यस ग्रन्थका विषयमा कस्तो मान्यता छ त्यस विषयमा पनि विचार गर्नु आवश्यक देखिन्छ । नेपाली बौद्ध धर्ममा ९ प्रमुख ग्रन्थ छन् । जसलाई (१) अष्ट साहस्रिका प्रज्ञापारमिता, (२) सद्धर्मपुण्डरीक, (३) ललितविस्तर, (४) लंकावतार, (५) सुवर्णप्रभा, (६) गण्डव्यूह, (७) तथागतगुह्यक, (८) समाधिराज र (९) दशभूमीश्वर भनिन्छ ।

नेपालमा यिनलाई सामूहिक रूपमा नवधर्म, धर्मपर्याय तथा वैपुल्यसूत्र पनि भनेको पाइन्छ । नेपाली बौद्ध मतावलम्बीहरू यो ग्रन्थलाई ठूलो आदर गर्दछन् र त्यसै प्रकार यिनको पूजा पनि गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सद्धर्मपुण्डरीक प्रादुर्भावको पृष्ठभूमि

भगवान् गौतम बुद्धको महापरिनिर्वाणको लगत्तै पछि काश्यप, उपालि, आनन्द आदि प्रमुख शिष्यहरूले राजगृहमा महाराज अजातशत्रुका संरक्षणमा एउटा ठूलो सभा गरे जसमा बुद्धका समस्त उपदेशलाई संग्रह गरियो । यही संग्रह पालि-त्रिपिटकका नामले प्रसिद्ध भयो । यसको एक शताब्दी पछि यसै प्रकार प्रधान आचार्यहरूको अर्को सम्मेलन वैशालीमा भयो जसमा भिक्षु विनयका विषयमा केही महत्त्वपूर्ण निर्णय गरियो । महाराज अशोकको संरक्षणमा प्रमुख भिक्षु आचार्यहरूको तेस्रो सम्मेलन फेरि पाटलिपुत्रमा भयो जसमा बौद्ध दर्शन सम्बन्धमा पर्न आएका भ्रान्ति निवारण गर्ने काम सम्पन्न भयो । यी तीनै सम्मेलनको फलस्वरूप पालित्रिपिटकको स्वरूप पूरा भयो । त्यस समय संग्रह गरिएको पालि-त्रिपिटक आज पनि अविकल रूपमा उपलब्ध छ । यस साहित्यको आधारमा जुन धर्मको विकास र विस्तार भयो त्यसका नायक स्थविर (वृद्धभिक्षु) हुन्थे, जसले गर्दा यस धर्मको नाम नै 'स्थविरवाद' रहन गयो ।

अशोकपुत्र स्थविर महेन्द्रले यस धर्मलाई लंकामा प्रचार गरे । वर्मा, थाइल्याण्ड, कम्बोडिया र लाओस आदि देशका जनजीवनमा पनि स्थविरवादी धर्मपरम्पराले प्रभाव पार्‍यो र जनताको आध्यात्मिक आदर्शलाई माथि उठायो । कालक्रमको प्रभावले गर्दा भारतमा स्थविरवाद लोप भएर गयो तर यसको प्रभाव भारतेतर देशमा अझै विकसित हुँदै गयो ।

ईशाको प्रथम शताब्दीतिर बौद्ध धर्मको इतिहासमा नयाँ मोड आयो । देशका अनेक मतमतान्तरसित उसको संघर्ष भयो । यस संघर्षको कारणले गर्दा स्थविरवादी धर्मको अनुयायीहरूलाई आफ्नु धर्मको रक्षा गर्न कठिन पर्‍यो । अन्य धर्ममा अलौकिक देवताको भक्ति जस्तै उसले पनि बुद्धलाई स्थविरवादी मानवी स्वरूपबाट माथि उठाएर परमात्माको कोटिमा आसीन गराउनुपर्‍यो र उसले अन्य धर्ममा जस्तै संस्कृत भाषाको माध्यम अपनाएर आफ्ना धर्मग्रन्थको रचना प्रारम्भ गर्नुभयो । महाराज कनिष्कले ईसाको प्रथम शताब्दीमा पुष्पपुर अर्थात् पेशावरमा जुन बौद्ध आचार्यहरूको चौथो सम्मेलन गराएका थिए त्यसमा संस्कृतमा लेखिएका यस्तै बौद्धग्रन्थको संग्रह गरिएको थियो । पालि-त्रिपिटकको छायामा संस्कृत पिटकको निर्माण गरियो । आफ्नु मतलाई ठूलो प्रमाणित गर्ने उद्देश्यले यस नयाँ परम्पराका अनुयायीहरूले आफ्नू नयाँ मतलाई गतिशील अर्थात् 'महायान' र पुरानो वा प्राचीनलाई गतिहीन अर्थात् 'हीनयान' भन्ने नामकरण गरे ।

कनिष्कका समयमा जुन संस्कृत-महायानपिटक संकलित भएको थियो तिनमा आज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धेरैजसो लुप्तप्रायः भइसकेका छन् । चीनी भाषामा त्यसको पूरा अनुवाद भएको थियो भन्ने विश्वास गरिन्छ तर त्यसको संस्कृतमा पुनरूद्धार भएको छैन । आज जति संस्कृत महायान ग्रन्थ हामीलाई उपलब्ध छन् तिनको संख्या पहिले चर्चा गरिए, जस्तै ९ मात्र छन् जसलाई सामूहिक रूपमा नवधर्म, धर्मपर्याय वा वैपुल्यसूत्र भनिन्छ र त्यसै मध्येको दोस्रो सद्धर्मपुण्डरीक पनि एक हो ।

सद्धर्मपुण्डरीक महत्त्वपूर्ण मानिने कारण

यो ग्रन्थ महत्त्वपूर्ण मानिने अनेक कारण छन् । महायान बौद्ध धर्मका जति आफ्ना असल गुण र दोष छन् ती सबैको वर्णन यसमा पाइन्छ । ग्रन्थको प्रारम्भिक गाथामा यसलाई "वैपुल्य सूत्र राज' भनिएको छ जसले 'परमार्थ महापथ' को उपदेशलाई प्रस्तुत गर्दछ । यसै कारणले गर्दा यस ग्रन्थलाई महायान बौद्ध सम्प्रदायमा निकै नै आदरको दृष्टिले हेरिन्छ र सुदूर पूर्वका निकै राष्ट्रमा यसको प्रचार पनि भयो । जापानमा यसको निकै प्रचार छ । एक जना राजकुमारले बौद्ध धर्मको प्रचार त्यहाँ शुरू भएकै समय ईसाको सातौं शताब्दी अर्थात ६१५ ईश्वीमा आफ्नू दरबारका मानिसद्वारा यसको अध्ययन अध्यापन गराएर जापानी जनजीवनलाई यसप्रति आकृष्ट गराएका थिए । त्यसै कारण त आज पनि हेरेर ल्याए जापानमा निचरिन तेन्दाई, १२५२ ईस्वीमा स्थापित भएको होक्केशु (Hokkeshu) आदि अनेक ठूल-ठूला सम्प्रदाय छन् जसले सद्धर्मपुण्डरीकमा भनिएको आदर्शलाई मान्दछन् र तिनको धार्मिक विषयमा आधार ग्रन्थ नै यही हो ।

केही वर्ष अघि फुजीगुरू नामक वृद्धभिक्षु जापानबाट नेपाल आएका थिए जसका अनुयायी चेलाहरू ढ्याँग्रो झस्तो तर एकातिर मात्र छालाले मोहोरेको ढोल बजाउँदै "नम्यो होर गे क्यो" भन्ने मन्त्र पाठ गर्दै बाटो-बाटोमा हिंडेको देखिन्थ्यो तिनै व्यक्तिहरू सद्धर्मपुण्डरीकका अनुयायी हुन् । जापानी भाषामा 'नम्यो होर गे क्यो' को अर्थ हुन्छ– सद्धर्मपुण्डरीकलाई नमस्कार । आज पनि हामी भारतको राजगृहमा गयौं भने त्यहाँ त्यसैप्रकार जापानी बौद्ध भिक्षुहरूले ढोल बजाएर सद्धर्मपुण्डरीकलाई नमस्कार गर्दै गरेको पाउँछौं । राजगृहमा त्यसरी ढोल बजाएर सद्धर्मपुण्डरीकलाई नमस्कार गर्ने पनि कारण छ । भनिन्छ– "भगवान् बुद्धले सद्धर्मपुण्डरीकसूत्रको उपदेश सर्वप्रथम राजगृहको गृद्धकूट पर्वतमा नै दिएका थिए ।" त्यसैकारण जापानी बौद्ध मतावलम्बीहरूले ठूलो धनराशि खर्च गरेर त्यहाँ भव्य स्तूप पनि बनाएका छन् । चीनमा पनि यसै प्रकारका अनेक प्रधान सम्प्रदाय छन् जसले सद्धर्मपुण्डरीकलाई नै आफ्नू सम्प्रदायको आधार मान्दछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहिलेसम्मको चर्चाबाट यै सिद्ध भयो– नवधर्म, धर्मपर्याय वा वैपुल्यसूत्र भित्र गणना हुने नै नौ ग्रन्थ मध्ये 'सद्धर्मपुण्डरीक'को स्थान सर्वोत्कृष्ट छ । पुण्डरीक अर्थात् कमल शुद्धता एवं पूर्णताको प्रतीक हो । जसरी मलिन हिलोमा उत्पन्न भएर कमल हिलोमा लिप्त हुँदैन त्यसै प्रकार बुद्ध पनि यस संसारमा उत्पन्न भएर पनि सांसारिक प्रपञ्च एवं क्लेशबाट सर्वथा निर्लिप्त रहेको पाइन्छ । जसरी कमलको फूल, फूल फक्रिनासाथ परिपक्व हुन्छ त्यसैगरी बुद्धद्वारा उपदिष्ट सत्य पनि समृद्धिका रूपमा तुरून्तै फल दिन अर्थात् जनकल्याण गर्न समर्थ हुन्छ । 'सद्धर्मपुण्डरीक' पहिले भनिए जस्तै बुद्धले राजगृहको गृद्धकूट पर्वतमा भिक्षुहरूलाई दिएको उपदेश हो । महायान-दर्शनको सिद्धान्तसित पूर्ण परिचित हुन यस ग्रन्थको अध्ययन अनिवार्य मानिन्छ । त्यसैकारण त यसका अनुयायीहरू भन्दछन् – "जसरी जलाशयमा समुद्र श्रेष्ठ छ, सबै पर्वतमा सुमेरू श्रेष्ठ छ, सबै नक्षत्रमा चन्द्रमा श्रेष्ठ छ, सबै देवतामा शक्र वा इन्द्र श्रेष्ठ छ तथा सबै श्रावकमा प्रत्येक बुद्ध श्रेष्ठ छन् त्यसै प्रकार सबै धर्म पर्यायमा 'सद्धर्मपुण्डरीक' श्रेष्ठ छ । जसरी सूर्यले अन्धकार नष्ट गर्दछ त्यसैगरी 'सद्धर्मपुण्डरीक'ले अमंगल नाश गर्दछ । जसरी खानेपानीको जलाशयले तिर्खा लागेका प्राणीको रक्षा गर्दछ, जाडोले कठांग्रिएकालाई आगोले न्यानो पार्दछ, सार्थवाहले बनियाँको रक्षा गर्दछ, आमाले आफ्ना नानीको रक्षा गर्दछन् नदी पार गर्न चाहनेलाई नाऊले रक्षा गर्दछ, वैद्यले रोगीको रक्षा गर्दछ, चक्रवर्ती राजा अन्य सामन्तको रक्षक हुन्छ त्यसैप्रकार 'सद्धर्मपुण्डरीक'ले सांसारिक बन्धनमा बाँधिएका प्राणीलाई बन्धनमुक्त पार्दछ । जसरी अन्धकार हटाउन बत्तीको आवश्यक पर्दछ र दरिद्रता हटाउन धनको आवश्यक पर्दछ त्यसैगरी प्राणीलाई मुक्ति दिलाउन 'सद्धर्मपुण्डरीक'को आवश्यकता पर्दछ । त्यसैकारण 'सद्धर्मपुण्डरीक'लाई महत्त्वपूर्ण ग्रन्थ मानिएको हो ।

सद्धर्मपुण्डरीकको भाषा र शैली

सद्धर्मपुण्डरीकको अवलोकन गर्नासाथ त्यसमा दुई स्तरको भाषा प्रयोग भएको हामी पाउँछौं । यसका गाथा (श्लोक) अधिक प्राचीन देखिन्छन् । जसमा प्रयोग भएको भाषा पालि-प्रभावित संस्कृत छ । यल विश्वविद्यालयका प्रसिद्ध अमेरिकी विद्वान् एड्जर्टन (Franklin Edgerton) ले यसको भाषालाई संकर-संस्कृत (Hybrid-Sanskrit) भनेका छन् र त्यस विषयमा उनका व्याकरण, कोष र पाठ्यपुस्तक वा पाठशाला (Reader) पनि प्रकाशित भएका छन् । तर त्यसलाई नयाँ भाषाको संज्ञा दिनु उचित देखिंदैन । कारण आज पनि पालि भाषामा विशेष ज्ञान प्राप्त गरेका लङ्का निवासी बौद्ध भिक्षुहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृत लेख्न वा बोल्न लाग्दा संस्कृतको 'अस्माकम्' का ठाउँमा 'अह्याकम्' र 'युष्माकम्' का ठाउँमा 'तुह्याकम्' प्रयोग गर्दछन् । ठीक यसै प्रकार 'सद्धर्मपुण्डरीक'मा शुद्ध संस्कृत प्रवाह भइरहेका बेला बीच-बीचमा यदाकदा पालिका शब्द प्रयोग भएको हामी पाउँछौं । यसबाट यै निश्चय गर्न सकिन्छ– 'सद्धर्मपुण्डरीकका रचयिता पालि भाषाका राम्रा अभ्यासी थिए ।' पालिबाट संस्कृतमा छायाकरण गर्दा यदाकदा अशुद्धि पनि हुन गएको देखिन्छ त्यो अर्कौ कुरा हो । यसबाट यै अनुमान हुन्छ महायानको प्रसिद्ध ग्रन्थ 'सद्धर्मपुण्डरीक' हीनयानी पालिग्रन्थको प्रबल प्रभाव भएका समय लेखिएको हो । भाषा बाहेक यस ग्रन्थको शैलीमा पनि हीनयानी पालिको प्रभाव परेको देखिन्छ । जसरी पालिको सूत्र 'एवं मे सुतं' बाट प्रारम्भ हुन्छ त्यसै गरी यसमा 'एवं मया श्रुतम्'बाट प्रारम्भ भएको पाउन सकिन्छ । सूत्रको आरोह अवरोहमा पनि साम्य देखिन्छ । शिष्यमण्डलीका अधिकांश नाम पालिबाटै लिइएका छन् । यति हुँदा हुँदै पनि 'सद्धर्मपुण्डरीक'ले स्थविरवादको पालिसूत्र भन्दा अनेक कुरामा आफ्नू बेग्लै अस्तित्व राखेको छ । पालिका बुद्धको स्थान 'गुरू' समान छ जसले केवल मार्गदर्शनसम्म गराउँछ र त्यसलाई अनुशरण गर्ने वा नगर्ने उत्तरदायित्व शिष्यमाथि नै निर्भर गर्दछ । तर यसको विपरीत 'सद्धर्मपुण्डरीक'मा 'बुद्ध' को प्रायः त्यै स्वरूप देखिन्छ जुन स्वरूप अन्य धर्ममा ईश्वरको हुन्छ । ईश्वरले अधम भक्तलाई पनि उद्धार गर्दछन् । 'सद्धर्मपुण्डरीक'मा 'बोधिसत्व' को महत्त्व पालिभन्दा धेरै माथि देखिन्छ । यदाकदा बोधिसत्वको स्थान बुद्ध बराबर अथवा त्यो भन्दा पनि अझै माथि पुगेको देखिन सक्तछ । यसमा बोधिसत्वको पूजा र भक्तिको उपदेश निहित छ । सद्धर्मपुण्डरीकमा अक्षोभ्य र अमिताभ जस्ता बुद्धका नामको उल्लेख मिल्दछ भने त्यो पालिमा पाइँदैन । पालिमा सूत्रपाठ गर्दा विघ्न दूर भएर मंगल हुन्छ भन्ने भावना पाइन्छ भने 'सद्धर्मपुण्डरीक'मा त्यको बदला चमत्कारपूर्ण 'धारणीमन्त्र' प्रकट भएको हामी पाउन सक्तछौं ।

सद्धर्मपुण्डरीकको विशेषता

यस ग्रन्थको प्रधान उद्देश्य हो यानत्रय– 'श्रावकयान', 'प्रत्येक बुद्धयान' र बोधिसत्वयान' का ठाउँमा एउटै यान अर्थात् 'बुद्धयान'को स्थापना गर्नु । अनेक आधिमुक्ति र अनेक धात्वाशय भएका व्यक्तिलाई उपदेश दिन नै यानत्रयको प्रचलन भएको थियो । यी बुद्धका उपायकौशल मात्र हुन् । तीनै यानको पर्यवसान बुद्धयानमा नै हुन्छ । यो बुद्धयान नै सर्वज्ञतापर्यवसायी एवं तथागत ज्ञानदर्शनको प्राप्ति तथा त्यसको सन्दर्शन, अवतारण र प्रतिबोधन गराउने माध्यम हो । बुद्धयान भूत, भविष्य र वर्तमान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीनै कालका तथागतद्वारा स्वीकृत भएको वस्तु हो । जब सम्यक् बुद्ध, भगवान् बुद्ध क्लेश, दृष्टिसंक्षोभ र अकुशलमूलको बाहुल्यद्वारा व्याप्त प्राणीका बीचमा उत्पन्न हुन्छन् त्यस अवस्थामा बुद्धयानको नै अर्थात् जुन एउटै हुन्छ तीनै यानका रूपमा उपदेश गर्दछन् ।

त्यसैकारण सद्धर्मपुण्डरीकमा भनिएको छ– 'बुद्धयान' द्वारा नै निर्वाण प्राप्ति संभव छ अन्य यानद्वारा त्यो संभव छैन । हीनयानका अर्हत् क्लेशावरणलाई नाश गरेर पुद्गलशून्यता त प्राप्त गर्न सफल हुन्छन् तर उनी ज्ञेयावरण हटाएर धर्मशून्यमा प्राप्त गर्न समर्थ हुँदैनन् । यसको परिणामस्वरूप उनलाई निर्वाणको प्राप्ति हुन सक्तैन । त्यसको प्राप्तिका लागि उनले बुद्धयानको शरण लिनै पर्दछ । तर जो पहिलेदेखि बुद्धयानी हुन्छ उसलाई निर्वाण प्राप्तिमा कुनै कठिनाई पर्दैन ।

ग्रन्थको अर्को विशेषता हो अवलोकितेश्वरको अतिशय महिमा एवं अद्भुत करूणाको वर्णन । यस ग्रन्थका अनुसार अवलोकितेश्वरले बोधिप्राप्त गरिसकेको देखिन्छ अर्थात् निर्वाण प्राप्तिको क्षमता उनलाई प्राप्त छ । किन्तु जबसम्म संसारमा एउटा पनि प्राणी दुःखमा निमग्न रहन्छ तबसम्म आफूले निर्वाण प्राप्ति नगर्ने उनको संकल्प देखिन्छ । वास्तवमा भन्ने हो भने अवलोकितेश्वर पनि बुद्ध नै हुन् किन्तु अन्तर यै देखिन्छ– जब अरू बुद्ध यथासमय निर्वाण प्राप्त गर्दछन् यी अवलोकितेश्वर संसारका प्राणीप्रति ठूलो करूणा भएको हुनाले आफू निर्वाणमा प्रवेश नगरी अलग्ग रहन्छन् ।

अवलोकितेश्वरको नाम लिनासाथ मानिसका सबै विघ्नबाधा दूर हुन्छन् । उदाहरणका लागि– ठूलो अग्निकाण्ड हुँदा, वेगवान् खोलामा बग्दा, मृत्युदण्डको सजाय पाउँदा, काराबास पर्नुपर्दा, डाकूको हातमा पर्दा, समुद्र यात्रामा आँधी-बेहरी आउँदा पनि अवलोकितेश्वरको नाममात्र लिनाले यी सबै विघ्नबाधा वा आपत्ति स्वतः दूर हुन्छन् ।

समाधि एवं यौगिक क्रियाको साटो बुद्धभक्ति, मूर्तिपूजा, स्तूपपूजा आदिलाई अधिक महत्त्व दिनु पनि सद्धर्मपुण्डरीक नामक ग्रन्थको अर्को विशेषता हो । बुद्धत्व प्राप्तिका लागि बोधिसत्वको पूजा आवश्यक मानिएको छ । अर्हत्लाई पनि बुद्धत्वको प्राप्ति त्यसैबेला संभव हुन्छ, जब उनी असंख्य बुद्ध, बोधिसत्त्व तथा उनीहरूका धात्वांशको पूजा गर्दछन् । श्रावक र उपासकलाई पनि यसमा यस्तै आदेश दिइएको छ र त्यसलाई अझै स्पष्ट पार्न सूत्र र सूत्रपाठ गर्नेलाई पूजा गरेर त्यस स्थानमा स्तूप बनाउनु पनि भनिएको छ । सद्धर्मपुण्डरीकका यस्तै कुराले जनताको जीवनमा प्रभाव पारेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सद्धर्मपुण्डरीकको रचनाकाल

अहिलेसम्मको अध्ययनबाट यस ग्रन्थको पहिलो रचनाकाल ईसाको प्रथम शताब्दी हुनुपर्दछ भन्ने धेरै विद्वान्को भनाइ छ र त्यो मत अहिलेसम्म अमान्य भएको छैन । महाराज कनिष्ककै पालामा लेखिएको ग्रन्थ यसलाई मान्नु युक्तिसंगत पनि देखिन आउँछ ।

नेपालबाट संसारका विभिन्न भागमा गएका सद्धर्मपुण्डरीकका पाण्डुलिपिहरू

अहिले सद्धर्मपुण्डरीकको परिचयमा अनेक दृष्टिले यसलाई हेर्‍यौं । नेपालदेखि सुदूर पूर्वसम्मका देशमा यसको प्रभाव भएको पाइयो । यस्ता देशमा नेपाल बाहेक चीन र जापान नै प्रमुख हुन् भन्नुमा अत्युक्ति हुनेछैन । आज चीन र जापानमा यसको प्रभाव नेपालभन्दा अधिक देखिए पनि कुनै समय नेपाल सद्धर्मपुँण्डरीकको संरक्षक भएको हामी पाउँछौं । त्यसै कारणले गर्दा आज संसारका प्रसिद्ध पाण्डुलिपिका ग्रन्थागारमा नेपालबाट गएका पाण्डुलिपिको आधिक्य छ । आज जसरी मुद्रित पुस्तकको बिक्री वितरण हुन्छ त्यसै प्रकार प्राचीन समयमा महत्त्वपूर्ण ग्रन्थको आज अनेक प्रति पाण्डुलिपि बनाएर विक्री वितरण हुन्थ्यो जसबाट प्रतिलिपिकर्ताका रूपमा अनेक व्यक्तिले त्यै पेशा लिएर किञ्चित् मात्रामा जीविकोपार्जन पनि गर्दथे । यसो गर्दा मूल प्रति आफ्नै देशमा सुरक्षित हुन्थ्यो र प्रतिलिपि गरिएको प्रति मात्र बाहिर जान्थ्यो । एशियामा यूरोपीय मानिसको आवागमन शुरू भए पछि संस्कृत शिक्षामा ह्रास हुँदै गयो जसले गर्दा प्रतिलिपि गर्नुभन्दा मूल प्रति नै बिक्री वितरण गर्ने प्रथा प्रारम्भ भयो । आफ्नू घरमा नभए आर्कासित लिएर भए पनि आगन्तुकको माग पूरा हुन थाल्यो । यसमा तत्कालीन शासकहरूको पनि ठूलो हात थियो । त्यसैकारणले गर्दा विदेशका पुस्तकालयहरूमा नेपाली पाण्डुलिपिको संख्या अधिक हुन गएको हो । एशिया भित्रका मुलुकमा पाण्डुलिपिको आदान-प्रदान गर्ने प्रथा प्राचीनकालदेखि नै भए पनि यूरोपमा संकलित प्रति यूरोपबासीले प्रतिलिपि गराएर लगेका नभई मूल प्रति नै लगेका हुन् । यसको पुष्टि विदेशी पुस्तकालयमा भएका सद्धर्मपुण्डरिकका नेपाली पाण्डुलिपिको निम्नलिखित सूचीले पनि गर्दछ ।

(क) एशियाटिक सोसाइटी, कलकत्ता (भारत)का पुस्तकालयमा तीन पाण्डुलिपि छन् । यिनमा सबभन्दा पुरानो १७११-१२ ईस्वीको छ ।

(ख) बिब्लिओ थेक नेशनल,- पेरिस (फ्रान्स) को पुस्तकालयमा दुई पाण्डुलिपि छन् । यिनको समय ईसाको १८ औं शताब्दी हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) रायल एशियाटिक सोसाइटी लन्डन (इङ्गल्याण्ड) को पुस्तकालयमा ३ प्रति पाण्डुलिपि छन्

(घ) ब्रिटीश म्युजियम, लण्डन (इङ्गल्याण्ड) को पुस्तकालयमा यसको एकप्रति पाण्डुलिपि छ । यसको काल ईसाको ११ रौं शताब्दी अनुमान गरिएको छ ।

(ङ) क्याम्ब्रिज विश्वविद्यालय (इङ्गल्याण्ड) को पुस्तकालयमा एउटा १०३६-३७ र अर्को १०६३-६४ ईस्वीको छ । ज्ञानगुप्त एवं धर्मगुप्तले चीनी भाषामा अनुवाद गर्न आफ्नू आधार बनाएको नेपाली पाण्डुलिपिको कुरा छोड्ने हो भने अहिलेसम्म प्राप्त भएका सद्धर्मपुण्डरीकका पाडुलिपिमा क्याम्ब्रिज विश्वविद्यालयका यी दुवै पाण्डुलिपि सर्वाधिक प्राचीन हुन् र यसबाहेक अन्य केही नेपाली पाण्डुलिपि पनि त्यहाँ छन् ।

(च) जापानी बौद्ध तीर्थयात्री भिक्षु इकाई कावागुचीले पनि ईसाको बीसौं शताब्दीको प्रथम चरणमा नेपालबाट सद्धर्मपुण्डरीकको एउटा पाण्डुलिपि लगेका थिए जुन पाण्डुलिपि जापानको कुनै बौद्ध पुस्तकालय संभवतः तोयोबुंको पुस्तकालय टोकियो (Toyo Bunko Library, Tokyo, Japan) मा सुरक्षित होला । तर यो प्रति कति पुरानो हो थाहा हुन सकेको छैन । टोकियो विश्विद्यालय, जापानको पुस्तकालयमा चार प्रति सद्धर्मपुण्डरीकका पाण्डुलिपि सुरक्षित छन् । तर यी प्रति नेपालबाट गएका हुन् अथवा अन्यत्रबाट त्यो स्पष्ट थाहा पाउन सकिएको छैन । यसै त जापानका धेरैजसो बौद्ध विहारमा सद्धर्मपुण्डरीकको पाठ नित्य हुन्छ त्यो आर्कै कुरा हो ।

(छ) हाल श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव तथा श्री ५ वडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह सरकारका बाहुलीमा जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपति तथा श्रीमती राष्ट्रपतिले चढाउनुभको सद्धर्मपुण्डरीकसूत्रको पाण्डुलिपिको फोटो स्ट्याट कपी पनि नेपालबाटै गएको ताडपत्रको पाण्डुलिपिबाट लिइएको हो । यसको लेखन (प्रतिलिपि) समय ने.सं. २०२ हो । समा ८०२ जोड्दा १००४ शकसंवत् हुन आउँछ र १००४ मा ७८ जोड्दा १०८२ ईस्वी सन् हुन आउँछ । अतः यसको काल १०८२ ईस्वी हो । अहिलेसमको अध्ययनबाट सबभन्दा पुराना नेपाली पाण्डुलिपि क्याम्ब्रिज विश्वविद्यालयमा रहेका दुई र त्यसपछि माथि चर्चा गरिएका चीनका देखिन आउँछन् । अरू पाण्डुलिपि त्यसबभन्दा पछिका हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा सद्धर्मपुण्डरीकका कति प्रति छन् ?

राष्ट्रिय अभिलेखालयको संग्रहमा तीन थान ताडपत्र र छ थान कागजमा लेखिएका पाण्डुलिपि छन् । यस बाहेक गिलगिटबाट प्राप्त अपूर्ण पाण्डुलिपि पनि छ जसलाई दश भूमीश्वरका नामले लगतमा चढाइएको छ । अहिले चीनबाट प्राप्त पनि थपिन आयो । यो सबैको विवरण यस प्रकार छ–

साविक लगतबाट उद्धृत सूची

ल.नं.–च. २१ ग्रन्थनाम-सद्धर्मपुण्डरीक ग्रन्थकार–x विषय-बौद्धसूत्र दर्शन पूर्ण वा खण्डित-पूर्ण पत्रभेद–ता. प. पत्राङ्क–१-१७८ आकार–x पंक्ति–५ ग्रन्थ संख्या–५००० अक्षर–ने.अ. पुस्तकावस्था – x यावत पत्र संख्या – १७८ कैफियत–अक्षरलाई की. का. छ ।

ल.नं.–तृ. ६७८ ग्रन्थनाम-सद्धर्मपुण्डरीक ग्रन्थकार–x विषय-बौद्धसूत्र दर्शन पूर्ण वा खण्डित- २७ परिवर्तानां मध्ये खण्डितं पत्रभेद–ता. प. पत्राङ्क–२-१३९ आकार–२०.७/८x२ पंक्ति–६ ग्रन्थ संख्या–४६०० अक्षर–प्राचीन ने.अ. लेखन समय – x पुस्तकावस्था– शुद्ध प्राचीन यावत पत्र संख्या– १३४ कैफियत– यसमा १, ११२, १२१, १२४ यी ४ पत्र खण्डित ४२, ४३ पत्राङ्क एकैमा भई जम्मा १३४ पत्र छन् । अलि अलि जीर्ण छ ।

ल.नं.–पं. १४४ ग्रन्थनाम-सद्धर्मपुण्डरीक ग्रन्थकार–x विषय-बौद्धसूत्र दर्शन पूर्ण वा खण्डित-प्रकीर्ण पत्रभेद–ता. प. पत्राङ्क –x आकार–२१x२ पंक्ति–x ग्रन्थसंख्या–x अक्षर–ने.अ. लेखन समय – x पुस्तकावस्था – अतिजीर्ण यावत पत्र संख्या– ७३ कैफियत–x

ल.नं.–प्रं. १०९८ ग्रन्थनाम-सद्धर्मपुण्डरीक ग्रन्थकार–x विषय-बौद्धसूत्र दर्शन पूर्ण वा खण्डित-अपूर्ण २३ परिवर्तान्तम् पत्रभेद–ने. का. पत्राङ्क –१-१६० आकार–१३x४$\frac{१}{२}$ पंक्ति– ९ ग्रन्थसंख्या–४००० अक्षर–रञ्जना लेखन समय – x पुस्तकावस्था – सुन्दर यावत पत्र संख्या– १६० कैफियत– यसमा २२ परिवर्त पूर्ण छ । २३ परिवर्त अपूर्ण छ ।

ल.नं. – तृ. २५९ ग्रन्थनाम–सद्धर्मपुण्डरीक ग्रन्थकार–x विषय– बौद्धसूत्र दर्शन पूर्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वा अपूर्ण– १३ परिवर्तान्तमध्ये १ पत्र खण्डित पत्रभेद–ने.का. पत्राङ्क–१–६९ आकार–१८.३/८x५$\frac{१}{२}$ पंक्ति–११ ग्रन्थसंख्या–३००० अक्षर–ने.अ. लेखन समय– x पुस्तकावस्था–अशुद्ध प्रायः यावत पत्र संख्या – ६८ कैफियत–यसमा २८ को पत्रसंख्या टूट छ ।

ल.नं.–तृ. ६१३ ग्रन्थनाम-सद्धर्मपुण्डरीक ग्रन्थकार–x विषय-बौद्धसूत्र दर्शन पूर्ण वा खण्डित- पूर्ण पत्रभेद–ने. का. पत्राङ्क–१-२२६ आकार–१७x४.५/८ पंक्ति–७ ग्रन्थसंख्या–५४०० अक्षर–ने.अ. पुस्तकावस्था– x यावत पत्र संख्या– २२६ कैफियत– आदि पत्रमा चित्र छ । बीचमा २ प्वाल छेडेको छ । वीरदत्तले लेखेको भन्ने छ ।

ल.नं.–तृं. ७८१ ग्रन्थनाम-सद्धर्मपुण्डरीक ग्रन्थकार–x विषय-बौद्धसूत्र दर्शन पूर्ण वा खण्डित-२६ परिवृत्तान्तं पूर्ण पत्रभेद–ने. का. पत्राङ्क –१-१७९ आकार–१६.३/४x४.७/८ पंक्ति–७ ग्रन्थसंख्या–४८०० अक्षर–ने.अ. लेखन समय–ने.सं. ९३९ पुस्तकावस्था – अशुद्ध प्रायः यावत पत्र संख्या–१७९ कैफियत–सर्वार्थसिद्ध बज्राचार्यले लेखेको भन्ने छ ।

ल.नं.–च. २१७ ग्रन्थनाम-सद्धर्मपुण्डरीक ग्रन्थकार–x विषय-बौद्धसूत्र दर्शन पूर्ण वा खण्डित-पूर्ण पत्रभेद–ने. का. पत्राङ्क –x आकार–x पंक्ति–x ग्रन्थसंख्या–x अक्षर–ने.अ. लेखन समय – x पुस्तकावस्था – x यावत पत्र संख्या– २४९ कैफियत– x

ल.नं.–पं. ८२ पूर्व संख्या १९ ग्रन्थनाम-सद्धर्मपुण्डरीक ग्रन्थकार–x विषय-बौद्धसूत्र दर्शन पूर्ण वा खण्डित-पूर्ण पत्रभेद–ने. का. पत्राङ्क –x आकार–x पंक्ति–x ग्रन्थसंख्या–x अक्षर–x लेखन समय – x पुस्तकावस्था – x यावत पत्र संख्या– २०० कैफियत–सचित्र

ल.नं.–तृं. ७३७ ग्रन्थनाम-बौद्धशास्त्रीय प्रकीर्ण पत्राणि ग्रन्थकार–x विषय-बौद्धशास्त्रम् पूर्ण वा खण्डित-प्रकीर्ण पत्रभेद–ता. प. पत्राङ्क –x आकार–x पंक्ति–३-४ ग्रन्थसंख्या–x अक्षर–x लेखन समय – x पुस्तकावस्था – जीर्ण यावत पत्र संख्या– ४ कैफियत–यसमा ठूलो लिपिको १ पत्र दश भूमीश्चरको जस्तो छ । अरू तीन पत्र केही सानो लिपिको छ । ग्रन्थ पत्ता लागेको छैन । की.का. र पत्रको टुक्रा पनि धेरै गएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल बाहेक सद्धर्मपुण्डरीकका पाण्डुलिपि कहाँ पाइएका छन् ?

नेपालबाट संसारका विभिन्न भागमा गएका पाण्डुलिपिको चर्चा हामीले यसभन्दा पहिले प्रशस्त गरिसकेका छौं । यस ग्रन्थका पाण्डुलिपि मध्यएशिया, पूर्वी तुर्किस्तान तथा गिलगिटबाट पनि प्राप्त भएका छन् । यस्ता पाण्डुलिपि प्राप्त गर्ने श्रेय सर औरेल स्टेन (Sir Aurel Stein), एन. एफ. पेट्रोभ्स्पकी (N.F. Petrovsky), कोउण्ट के. ओटानी (Count K. Otani) तथा काश्मीर नरेश हरिसिंहलाई छ ।

(क) मध्य एशियाको पाण्डुलिपि

पेट्रोभ्स्कीद्वारा मध्य एशियाको काशगरबाट संकलित पाण्डुलिपिका अंशको चर्चा गर्दै एच.कर्न (H. Kern) ले भनेका छन्– "नेपाली पाण्डुलिपिको अपेक्षामा यो पाण्डुलिपि अधिक विस्तृत छ । यसमा भएको श्लोकको क्रममा पनि नेपाली पाण्डुलिपिको तुलनामा भिन्नता पाइन्छ । यसमा पाइने सबभन्दा ठूलो विशेषता नेपाली पद्य र यसमा पाइने पद्यमा पर्याप्त भिन्नता नै हो । पेट्रोभ्स्कीको संग्रहमा भएको पाण्डुलिपिमा प्राकृत तथा अशुद्ध संस्कृतका शब्द अधिक मात्रामा पाइन्छन् ।" कर्नले आफ्नू मत पुष्टिका लागि नेपाली र पेट्रोभ्स्कीको पाण्डुलिपिका अनेक उदाहरण आफ्नू रचनामा दिएका छन् । कर्नले चर्चा गेको पेट्रोभ्स्कीको काशगर पाण्डुलिपि हाल रूसको विज्ञान प्रज्ञाप्रतिष्ठानको लेनिनग्राद शाखा (Leningrad Section of the Academy of Sciences of U.S.S.R.) मा छ र त्यसैको प्रतिलिपि स्व. नेहरूलाई दिइएको थियो जसलाई पछि डा. लोकेशचन्द्रले सम्पादन गरेर १९७६ ईस्वीमा जापानबाट छपाए ।

ए.एफ.आर. हर्नली (A.F.R Hoernly) ले पूर्वी तुर्किस्तानको खडलिक (Khadlik) बाट प्राप्त तीन थान पाण्डुलिपिको चर्चा गरेका छन् । यिनमध्ये एउटाको सम्पादन एफ्.डब्लु. थोमस (F.W. Hhomas) ले र अन्य दुई प्रतिको सम्पादन लुडर्स (Luders) ले गरेका छन् । लिपिशास्त्र र वर्णविन्यासको आधारमा अध्ययन गर्दा एशियाका ती पाण्डुलिपि र नेपाली पाण्डुलिपिको मूल स्रोत एउटै हुनुपर्छ वा हो भन्ने निष्कर्षमा पुगे । उनीहरूले मूल ग्रन्थको भाषा प्राकृत र विशेष गरी मागधी थियो भने जो पछि गएर संस्कृतको प्रभावबाट वर्तमान रूपमा आयो भन्ने कुरा पनि प्रतिपादित गरे । उनीहरूका अनुसार नेपाली पाण्डुलिपिको तुलनामा मध्य एशियाका पाण्डुलिपि पुराना हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर औरेल स्टेनको संग्रहमा एउटा यस्तो पाण्डुलिपि परेको छ । जुन पाण्डुलिपि खडलिक (Khadlik) भन्दा चारकोश (आठमाइल) उत्तरमा प्राप्त भएको थियो । उनले पाएको यस पाण्डुलिपिका केही पत्रलाई लुइस डे ला भाल्ली पौउसीन (Louis De La Vallee Poussin) ले १९११ ईस्वी मै ऱ्वायल एशियाटिक सोसाइटीको जर्नलमा छपाएका थिए । यस पाण्डुलिपिको एघारौं परिवर्तमा केवल ४१ (एकचालीस गाथा मात्र छन् । यस पछिका गाथा भने छँदै छैनन् र भएका ठाउँमा पनि त्यसबाट एउटा बेग्लै परिवर्त्तको निर्माण भएको पाइन्छ । पहिले चर्चा गरिएको धर्मरक्ष एवं कुमारजीवद्वारा चीनी भाषामा अनुवाद गरिएको पाण्डुलिपिको अनुवादमा पनि यस्तै विशेषता पाइन्छ । यस प्रकार छुट्न गएको अंश धर्मरक्षको अनुवादमा 'ब्रह्माचरी परिवर्त्त' र कुमार जीवकृत अनुवादमा 'वेददत्त परिवर्त्त' का नामले सुरक्षित देखिन्छ । यसबाट यै सिद्ध हुन्छ मध्य एशियामा पाइने पुराना पाण्डुलिपिमा पनि परिवर्त्तको विभाजन र क्रममा एकरूपता थिएन । तर गिलगिटबाट पाइएका पाण्डुलिपि भने नेपाली पाण्डुलिपिका अनुकरण जस्ता देखिन आउँछन् । कारण गिलगिटका पाण्डुलिपि मध्य एशियाका पाण्डुलिपिको जस्तो एघारौं परिवर्त्त अपूर्ण रूपमा नभई नेपाली पाण्डुलिपि जस्तै पूर्ण रूपमा उपलब्ध छन् ।

कोउण्ट के. ओटानीको मध्य एशियाका पाण्डुलिपिको संग्रहमा सद्धर्मपुण्डरीकका ती पाण्डुलिपिका केवल ५६ अंश (Fragments) उपलब्ध छन् । एन.डी. मिरोनोभ (N.D. Mironov) ले यो खण्डित अंशको राम्रो अध्ययन गरेका छन् । यिनले मध्य एशियाका विभिन्न पाण्डुलिपि, नेपाली पाण्डुलिपि र चीनमा पाइएका सद्धर्मपुण्डरीकका अनेक संस्करणसित मिलाएर प्रस्तुत ग्रन्थका विषयमा भाषा र तिथि सम्बन्धी अनेक महत्त्वपूर्ण कुराको निष्कर्ष प्रकाशमा ल्याएका छन् ।

(ख) गिलगिटबाट प्राप्त पाण्डुलिपि

सद्धर्मपुण्डरीकका पाँच वा छ प्रति पाण्डुलिपि काश्मीरको गिलगिटबाट प्राप्त भएका पाण्डुलिपिसँग मेल खाने हुँदा यी सबै गिलगिट वर्गमै समावेश भएका छन् । १९३१ ईसवीमा वस्तुभाउ चराउन गएका गोठालाहले आफ्नू चरनमा एउटा पुरानो भग्नावशेष देखे जसको सूचना एककान दुईकान हुँदै काश्मीर नरेश हरिसिंहका कानमा पनि पुग्यो । त्यहाँ काठका बाकस भित्र केही पाण्डुलिपि पनि प्राप्त भए जो पछि गिलगिट पाण्डुलिपिका नामले प्रसिद्ध भए । यसको पहिलो सूचना २४ जुलाई १९३१ इस्वीको स्टेट्स्म्यानमा सर औरेल स्टेनले जगतमा दिएका थिए । त्यस समयको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काश्मीर सरकारले त्यसमा निकै अभिरूचि लिएर ती पाण्डुलिपिको अध्ययन गराउन केही संस्कृत पण्डितहरूको नियुक्ति पनि गऱ्यो । गिलगिटबाट प्राप्त पाण्डुलिपिको पाठ र नेपाली पाण्डुलिपिको पाठमा कुनै खास अन्तर छैन भन्ने मत विद्वान्हरूको छ । गिलगिटबाट प्राप्त पाण्डुलिपिहरू ताडपत्रदेखि लिएर पुराना हस्तनिर्मित कागजसम्ममा पनि लेखिएका पाइन्छन् । तरफानमा जाकोभ (Zakov) नामक व्यक्तिले गिलगिट पाण्डुलिपिकै वर्गमा पर्ने एउटा पाण्डुलिपिको केही अंश पाएका थिए जुन उइगुर-तुर्की (Uigur–Turkish) भाषामा लेखिएको थियो । यसमा खालि २५ सौं परिवर्त्त मात्रै उपलब्ध छ । यसलाई १९११ ईस्वीमै डब्लु राडोफ् (W. Radoff) ले जर्मन भाषाको अनुवादका साथ प्रकाशित गराएका थिए ।

सद्धर्मपुण्डरीकका गिलगिट पाण्डुलिपि यत्रतत्र छरिएर बसेका छन् । काश्मीर नरेशको संग्रहमा भएका पाण्डुलिपि १९४७ इसवीपछि भारतको राष्ट्रिय अभिलेखालय नयाँ दिल्लीमा आए । यसमा केही अंश अन्यत्र पनि भएको अनुमान हुन्छ । १९४० ईसवीमा लाहोरका श्री आगा महम्मद अलिशाह नामका व्यक्तिले सद्धर्मपुण्डरीकका केही पत्र मूल्याङ्कनका लागि पूनाको भण्डारकर ओरियन्टल रिसर्च इन्स्टीच्यूटमा पठाएका थिए । उनले यो मूल्याङ्कन विक्री गर्न आशयले नै गराएका हुन् । भण्डारकर ओरियन्टल रिसर्च इन्स्टीच्यूटको र शाहको मोलतोलमा कुरा हुँदै नै थियो । उनले भनेजति दाम दिन उक्त संस्थाले चाहेन । संस्थाले दिएको दाममा उनी दिन राजी भएनन् । यसै बीच भारत र पाकिस्तानको विभाजन हुँदा लाहोरका बासिन्दा पाकिस्तानी भए र पुस्तकका मालिक शाह पनि उतै परे । पछि शाहको संग्रह पाकिस्तानले किनेर इटालीका प्रसिद्ध विद्वान् प्रो. गिउसेप्पे तुच्चीलाई सो पुस्तकको पाण्डुलिपि सम्पादनका लागि प्रदान गरेको हुँदा हाल इटाली पुगेको छ । त्यस बाहेक काश्मीरको संग्रहबाट भारतको राष्ट्रिय अभिलेखालयमा भएका पाण्डुलिपिका आधारमा सम्पादन गरेर जापानका विद्वान् शोको वातानावे (Soko Watanabe) ले प्रथम भाग १९७२ ईसवीमा र द्वितीय भाग १९७५ ईसवीमा रेयुकाई टोकियो जापान (The Reiyukai: Tokyo Japan) बाट छपाएका छन् । गिलगिट पाण्डुलिपिको सानो अंश अर्थात् चार पत्र नेपाल राष्ट्रिय अभिलेखालयमा पनि छ । यसलाई रिशो विश्वविद्यालय, टोकियो, जापानका प्रो.डा. जुइरियु नाकामुरा (Zuiryu Nakamura) ले सर्वप्रथम प्रकाशमा ल्याएका छन् । अहिलेसम्म हामीले सद्धर्मपुण्डरीकका अनेक अनुवादको चर्चा गऱ्यौं । ती सबैको सूची यहाँ प्रस्तुत गरे त्यस विषयलाई बुझ्न पाठकलाई अझै सुविधा हुनेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सद्धर्मपुण्डरीकको अनुवाद कुनकुन भाषामा भएको छ ?

(क) चीनी भाषामा

(ख) जापानी भाषामा

(ग) तिब्बती भाषामा

(घ) मंगोलीय भाषामा

(ङ) जर्मन भाषामा

(च) फ्रेन्च भाषामा

(छ) अँग्रेजी भाषामा

(ज) हिन्दी भाषामा र

(झ) नेपाली भाषामा अनुवाद भएको छ ।

सद्धर्मपुण्डरीकका विषयमा आधुनिक खोजको इतिहास

यस विषयमा अध्ययन अनुसन्धान गर्ने प्रथा करीब डेढ हजार वर्षभन्दा पनि पुरानो हो । तापनि यसलाई आधुनिक अनुसन्धानको दृष्टिले प्रस्तुत गर्ने प्रथा भने ईसाको उन्नाइसौं शताब्दीको मध्य भागतिर नै प्रारम्भ भएको हो ।

यूजेन बर्नोफ् (Eugene Burnouf) ले सद्धर्मपुण्डरीकको अनुवाद फ्रेञ्च भाषामा गरेर युरोपवासीका साथै अन्य देशका विद्वान्लाई पनि जानकारी गराए उनको अनुवाद १८५२ ईसवीमा प्रकाशित भएको थियो । बर्नोफ्को फ्रेञ्च अनुवाद पछि एच.कर्न (H.Kern)को अँग्रेजी अनुवाद १८८४ ईस्वीमा जनसमक्ष आयो । यसपछि एच.कर्न र बुनियु नानजिओ (H. Kern and Bunyiu Nangio) को संयुक्त सम्पादकत्वमा सम्पादित भएर बिब्लियोथिका बुद्धिका ग्रन्थमालाको दशौं भाग (Volume 10 of the "Bibliotheca Buddhica" Series)को रूपमा १९०८-१९१२ ईसवीमा प्रकट हुन आयो । कर्न र नानाजिओले यसलाई सम्पादन गर्दा नेपाली पाण्डुलिपि र एन.एफ. पेट्रोभ्स्की (N.F. Petrovsky) को संग्रहमा रहेको मध्यएशियाली पाण्डुलिपिलाई प्रभूतरूपमा उपयोग गरेका थिए । यसको केही समय पछि जापानी बौद्ध भिक्षु इकाई कावागुचीले नेपालबाट लगेको एउटा पाण्डुलिपिलाई इकाई कावागुची (Ekai Kawaguchi) स्वयं र सी. इकेडा (C. Ikeda) समेत मिलेर सम्पादन गरी जापानको टोकियो (Tokyo, Japan) बाट १९२६ ईसवीमा प्रकाशित गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामीले कर्न र नानजिओको सम्पादनको कुरा गरेका थियौं । त्यसैलाई आधार बनाएर यू. वोगिहारा र सी. त्सुचिदा (U. Wogihara and C. Tsuchida)ले सद्धर्मपुण्डरीकको सम्पादनलाई अझै अघि बढाए । यसमा सम्पादकहरूले नेपाली पाण्डुलिपिको पुनःपरिक्षण गरी कर्न र नानाजिओको सम्पादनमा भएको त्रुटिलाई पनि संशोधन गरेको संस्करण १९३४-३५ ईसवीमा जनसमक्ष आयो । यिनै प्रकाशनको आधार लिएर प्रा. नलिनाक्षदत्तले आफूले सम्पादन गरी आर्को सद्धर्मपुण्डरीकको संस्करण १९५३ ईसवीमा कलकत्ताबाट प्रकाशमा ल्याए भने अर्का विद्वान् पी. एल. वैद्यले त्यसलाई अझै उपयोगी संस्करण बनाएर १९६० ईसवीमा दरभङ्गबाट प्रकाशित गराए । दत्त र वैद्यले अरू पाण्डुलिपिका साथै नेपाली पाण्डुलिपिलाई समेत केही मात्रामा उपयोग गरेको हुँदा अरू संस्करणको अपेक्षा विद्वान् द्वयका संस्करण केही उपयोगी हुन पुगेका छन् । तर यतिमै यो अध्ययन समाप्त हुँदैन । कारण गिलगिट पाण्डुलिपिलाई उपयोग गर्ने सौभाग्य यी विद्वान्लाई प्राप्त भएको थिएन । गिलगिट पाण्डुलिपिको प्राप्ति १९३१ इस्वीमै भएको भए पनि त पाण्डुलिपि सम्पादित भएर जनसमक्ष आउन सकेका थिएनन् । हुन त यससँग सम्बद्ध लेख विल्ली बरूच (Willy Brauch)द्वारा १९३८ मै नआएको होइन तर यो एउटा नमूना मात्र थियो । नेपाल राष्ट्रिय अभिलेखालयमा भएको सद्धर्मपुण्डरीकको चारपत्रको गिलगिट पाण्डुलिपिको अंशलाई रिशो विश्वविद्यालय टोकियो जापननका प्रो.डा. जुइरियु नाकामुरा (Prof. Dr. Zuiryu Nakamura) ले सम्पादन गरेर १९७० ईसवीमा जनसमक्ष ल्याए । यसलाई सम्पादन गर्दा प्रो. नाकामुराले नेपाली र तिब्बती संस्करणका पाण्डुलिपिको पनि उपयोग गरेका थिए ।

प्रो. नाकामुराको प्रकाशन पछि भारतको राष्ट्रिय अभिलेखालयमा भएको गिलगिट पाण्डुलिपिलाई जापानी विद्वान् शोको वातानावे (Shoko Watanabe) ले सम्पादन गरी मूलपाठको पाण्डुलिपिलाई जस्ताको तस्तै छवि उतोर प्रथम भाग १९७२ इस्वीमा टोकियो जापानबाट छपाए भने यसको द्वितीय भाग रोमन लिपिमा संस्कृतको पाठ दिएर सोही ठाउँबाट १९७५ ईसवीमा छपाए । वातानावेको प्रकाशन पछि पं. नेहरूलाई रूसले उपहार दिएको मध्यएशियाको काशगर पाण्डुलिपिको सूक्ष्म छविलाई भारतीय विद्वान् डा. लोकेशचन्द्रले सम्पादन गरेर त्यसको मूल छवि र हेञ्च बेचर्ट (Heinz Bechert) को महत्त्वपूर्ण प्राक्कथन समेत समावेश गरी टोकियो जापानबाटै १९७६ ईसवीमा प्रकाशित गराए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस प्रकार सद्धर्मपुण्डरीकका विषयमा अध्ययन गर्ने क्रम चलिरहेका समय यस पंक्तिका लेखकलाई राष्ट्रिय अभिलेखालयले त्यसै विषयमा लेखिदिने अनुरोध गरेको हुँदा पाठक समक्ष केही कुरा निवेदन गर्न लागिएको हो । सद्धर्मपुण्डरीकको गहन अध्ययन प्रस्तुत रचनामा परेको छैन तापनि यसले साधारण पाठकको क्षुधा तृप्ति गराउला भन्ने ठानी आफ्नू मन्तव्य यहाँ समाप्त गर्न चाहन्छु । अस्तु ।

सन्दर्भ ग्रन्थ तथा पत्रपत्रिका

Akira Yuyama- A Bibliography of the Sanskrit Texts of the Saddharmapundarika- Canberra, 1970.

Franklin Edgerton- Buddhist Hybrid Sanskrit Grammer, Dictionary and Reader- Motilal Banarasidass- Delhi-Reprint- 1972

H. Kern- Manuscripts Remains of Buddhist Literature found in eastern Turkestan, Oxford-1916.

J. Edward Kidder- Early Buddhist Japan-Thames and Hudson-London-1972

Lokesh Chandra- Saddharma Pundarika- Sutra, Kashgar Manuscript-The Reiyukai, Tokyo, Japan - 1977, Second impression.

M. Winternitz- A history of Indian Literature, Vol. II (Buddhist Literature and Jaina Literature), Translated from the original German into English by S. Ketkar and H. Kohn, University of Calcutta, 1933.

Nalinaksha Dutta- Saddharmapundarika- Calcutta, 1953.

P.V. Bapat- Gilgit Manuscripts and numerical symbols, journal of the Oriental Institute Baroda, Vol. XI, No. 2, Dec. 1961.

Rajendra Lala Mitra- The Sanskrit Buddhist Literature of Nepal- Sanskrit Pustak Bhandar.. Calcutta-Reprint, July- 1971

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Ram Mohan Das- Saddharmapundarika- Bihar Rastra Bhasa Parishad- Patna- 1966

Shoko Watanabe- Saddharmapundarika Manuscripts found in Gilgit, Part one Photographic Reproduction,- The Reiyukai, Tokyo, Japan-1972 and Part two Romanized Text- The Reiyukai, Tokyo. Japan- 1975.

Sir Aurel Stein- Statesman, 24th July 1931 and Journal Asiatique- 1932.

Sylvain Levi- The Library of Gilghat, Journal Asiatique, Janvier- Mars- 1932.

Willy Baruch- Beitrage Zum Saddharmapundarika- Sutra, Leiden- 1938.

Zuiryu Nakamura- On the Four Sheet of Gilgit Manuscripts of Saddharmapundarika Sutra in the Bill (Bir?) Library, in Anjali, O.H., de A Wijesekera Felicitaiton Volume, Peradeniya 1970

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

On the activities of the Tibetan section of the Nepal-German Manuscript Preservation Project (NGMPP)

Dr. Christoph Cueppers

The Tibetan section of the NGMPP is concerned with the preservation of Tibetan manuscripts available on Nepalese soil. Since the new agreement between HMG and the German Oriental Society allowing the extension of microfilming activities beyond the Bagmati-Zone, the Tibetan section of the NGMPP has had the chance to visit monasteries in the northern areas of Nepal and microfilm there collections of Tibetica.

The first expedition of an NGMPP microfilming team in search of Tibetan mss. went under the leadership of Dr. L.W.J. van der Kuijp to Langtang in April-May 1983. Accroding to Dr. van der Kuijp's report of that expedition, there, in the so-called Choekang Gompa, the team was successful in microfilming some 372 mss. and block prints with approximately 12,600 folia. "The manuscripts and block prints include probably unique copies of Tibetan mss. of two works by the sixteenth

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

century Sakyapa scholar Mang-thos klu-sgrub rgya-mtsho, two biographies of Bo-dong an-chen Phyogs-las rnam-rgyal, annotated mass. of Nyingmapa tantras. mss. of some of Klong-chena's works, numerous Bka'-brgyud-pa biographies and philosophical works, and a ms. of a history of Buddhism which still has to be identified."

Dr. van der kuijp, who has a vast knowledge of autoch- thonous Tibetan literature, selected the most important mss. and enriched HMG's collection of microfilms in the National Archives with some hitherto unknown specimens of Tibetan literature. He also went to Solu-Khumbu, in April-May 1981, to inspect temples and monasteries in that area. Around 34 temples or monasteries were visited on this exploration tour and an outline for future microfilming work was prepared. Two of his discoveries may be mentioned here: first, Sangsrgyas bstan-' dzin's huge and magnificent collection of hundreds of books in the Ser-Logs monastery in Junbesi, and. second, the huge collection of the Tengboche monastery, which contains beside the Kanjur and Tanjur approximately 120 other canonical works, many of which have up to now not been published, in India or elsewhere.

In November 1983 a microfilming team set off to Tarkegyang in Helambu under the leadership of the present writer, who succeeded Dr. L. van der Kuijp as Tibetologist of the NGMPP in August 1983. Reaching the village of Tarkegyang after a trek of three days which started from Sipa Ghat, the team was able to set up and maintain a darkroom in the house of Lama Gyagpa, who is remembered for his warm hospitality.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Just in front of the village lies a fairly large temple, established around 1727 A.D. by Lama Nyima Senge, who came from kyirong and received land from the Newar king Jagatjaya Malla of Kantipur (Kathmandu) in return for putting an end to an epidemic in 1723. A.D. Corneille jest gives in his "Monuments of Northern Nepal" (Unesco 1981) an account of this temple. Left of the alter are some covered shelves with about 50 books, but on this occasion they were sealed up, because the head lama was on retreat. Besides such common canonical works as Tibetan translations of the Prajnaparamita there were some smaller items, perhaps of interest, and it is to be hoped that upon completion of the lama's retreat they can be inspected.

Nearby Tarkegyang, half an hour's walk through the forest in an easterly direction, lies a small Gelugpa monastery, Gonthang Gompa. This community of a dozen monks came from Tibet after the Chinese invasion and settled there in 1980, after Dpal-'bar dge-bshes Rinpoche from Helambu had given them a piece of land. It possesses a nice collection of Tibetan block prints, which was microfilmed nearly in its entirety. The most important texts were the block print edition of the collected works of the III. Panchen Lama, Blo-bzang dpal-ldan ye-shes, and some commentaries to a Tibetan grammer. After the microfilming was done in this Gompa, many villagers of Tarkegyang allowed the team to microfilm their private collections. Mention must again be made of

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

medicine and have given recommendations for experimental research. At the present time, the works on selection and translation into Russian of the Tibetan literature on the diseases of stomach digestive tract Tibetan "Sman-Sbyor" are being translated into Russian with aim of uncovering effective medicinal sources. A work on translation of the basic treatise of Tibetan medicine, the 'rgyud-bhi', has been started in accordance with achievements of national science and also considering the translations of two volumes of the 'rgyud-bzhi', done by P.A. Badmaev and A.M. Pzdneev and published in St. Petersburg in 1903 and 1908.

The findings of sourced-material is of great importance in research. The manuscript section of the BISS possesses one of the richest collections of manuscripts and xylographs in the oriental languages, particularly in Tibetan. The collection is expanded from year to year by new valuable materials acquired by annual agiographical expeditions. A large number of different written sources on history, culture, literature language, arts, philosophy and medicine are kept at the manuscript section. These materials cover all the aspects of spiritual life not only of the Tibetan people, but also the peoples of Central Asia. In the Tibetan collection of the Institue there are sum-bum (complete works) of such well known writers as Bu-ston (1290-1364), Tsongkha-pa (1357-1419), founder of the Gelugpa sect which had geratly influenced the cutural history of Tibet; mkhas-gmb dge-legs dpal bzang-po (1385-1438), Cha-danz dge-bshes blo-bzang tshul-khrims (xix); Sum-pa mkhan-po ye-shes dpal

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

sbyoz (1704-1788), Thn-gzan blo-bzang chos Kyi hya-ma (1737-1802); Klong-gzan bla-ma ngan-dbang blo-bzang (1719); d Koh-mchog dam-pali sgzom-me (1762-1823).

A considerable part of the collection consists of sum-bum of Dalai and Panchen Lamas. Also found in the collection are some individual writings of famaous Indian scholar Atishi (982-1054), who was invited to Tibet to propogate Buddhism; translation of Buddhist literature from Sanskrit to Tibetan; writings of Bromston-pa (1004-1065), Patoba (1027-1105); five Sakya heirarchs, treatises of famous Tibetan scholar, regent of Vth Dalai Lama, Sde-Srid sangs-rgyas rgya-mtsha historical writing 'Deb ther rgya-mtsho' in three volumes by 10th Century Tibetan writer d Kon-mchog dam-pa zab-rgyas (b. 1801) etc.

Among the books found in the manuscript section are unique reference manuals, numerous Tibetan defining dictionaries, Tibetan-Mongolian dictionaries, among which are the Buryat and Peking editions of Tibetan-Mongolian terminological dictionary 'Source of wise men', compiled for translation of Tibetan Buddhist canon into Mongolian language. This dictionary is the result of an enormous preparatory work carried out by a special board on working out of Monogolian Buddhist treminology and principles of translation from Tibetan language to Mongolian. A first issue of the dictionary 'Source of wise men' (Paramita and Madhyamika) was published in 1960 in Ulan-Ude.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

A Tibetan Buddhist canon, consisting of two codes, Kanjur and Danjur (Kanjur depending upon the edition consists of 100 to 108 volumes and Danjur of 225 volumes) is also of great value. Different editions of the canon are found in the collection. Treatise of the buddhist canon are very important sources for Tibetological research. Critical analysis of these written sources from the position of national science will be of great importance in comparative study of different copies of Kanjur and Danjur, which will give an opportunity to solve the problem of formation of the Buddhist canon in Tibet.

A unique and rich collection of Tibetan medical writings is found in the manuscript section.

Tibetan medical literature, according to tradition, is divided into two classes: (a) "rgyup-bzhi" a basic treatise on Tibetan medicine (b) Numerous commentaries on the 'rgyud-bzhi'- pratical manuals on application of various methods of treatment and "Staan-sbyoR", complied on basis of recomm endations of medical treatises. The 'rgyud-bzhi' (four Tantras) a treatise on theory and practice of Tibetan medicine in various editions and Mongolian translation of this monument is also found in the collection. According to German scientist W. Haissig, the 'rGyud-bzhi' was first translated into Mongolian in the 14th century by Chos-kyi od-zer. The 'rGyud-bzhi' consists of four volumes written in verse form: It serves a valuable source on Tibetan medicine and deserves a complex research with the aim of revealing rich legacy of Tibetan medical system. Among the commentaries on the 'rgyud-bzhi', a wide and

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

influential commentary called 'Vaidurya sngon-po' deserves special attention. This text was written in 1688 by Sde-szid sangs rgyas rgya-mtsho. 'Vaidurya - strgon-po' consists of four volumes, which are divided into 156 chapters and in its structure, completely concur with the 'rgyud-bzhi'. Also found widely in the collection are the "GLang thabs", "man-nyag dkar-rgyab", treatises on pharamacology and pharmacognostics, written in verse form and "Shel-'phzeng" and "Shel-gong" by Stan-'dgin phun-tshogs. B.D. Badaraev, B.B. Batuev, Zh. Zhapov are translating these treatises into Russian.

Medical writings include the sum-'bum of Snm-pa mkhan-po and Cha-dkaz. According to Indian scientist B. Dash, 22 treatises of the classical ayurvedic medicine are translated into Tibetan, and it has become the parts of "Danjur". Inclusion of treatises of ancient Indian medicine in the "Danjur" indicates the deep interest of the Tibetans in the ancient Indian medicine. As most of the original texts in Sanskrit have been irretrievably lost, medical writings of the Danjur serve as important written sources in field of ancient Indian medicine. Comparative study of writings of Indian scholars with original Tibetan writings on medicine will help to understand the features of Tibetan medicine, and, with this, to evaluate the contribution of Tibetan doctors in general history of medicine.

Works on making the account of rich collection of Tibetan manuscripts and xylographs were carried out by the scientists of Buryat

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Complex Scientific Research Institute (B.C.S.R.I) and from 1966, by workers of Buryat Department of Siberian section of the USSR, Academy of Sciences. Two editions of the Tibetan manuscripts and xylographs of B.C.S.R.I (1st edition 1960, 2nd edition 1965) and "Account of writings of Kun mkhyen dbyangs can bshad-pa rdo-rje, 1649-1723." (Udan Ude, 1962) have been published. At the present time, works on making an inventory and catalogue of the Tibetan fund are being carried out.

A responsible task of compiling and publishing scientific catalogues of the Tibetan collection stands before the Tibetologists of the BISS. On the basis of the valuable information on history of the peoples of the Central Asia reflected in the catalogues, a complex research of various scientific problems related with the study of history, literature, languages, philosophical ideas, arts and medicine of the peoples of the central Asian region will be possible.

At the present time, work on finding out and research of interesting monuments of Tibetan collection of the manuscript section is going on. This is of great importance in explaining the characters of the distinctive Tibetan culture and its role among the medieval cultures of the Central Asia.

Tibetologists of Buryatiya participate in conferences and symposeums held in within and outside the country. Research works of the Buryat department of the USSR Academy of Sciences are carried out in close relation with the works of Institute of Oriental Studies of the USSR Academy of Sciences, which co-ordinates the plans of scientific

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

research in field of oriental studies. Help forwarded by the Institute of Oriental Studies and its Leningard Section in preparing highly qualified orientalists is appreciable.

Buryat Tibetologists maintain relations with institute of the Academy of Sciences of Mongolian Peoples Republic, Mongolian University, International Academy of Indian culture, and with the scientists of socialist and capitalist nations. The Buryat Department is visited by foreign scientists- orientalists, Buddhist delegations from countries of South (India and Nepal), South-East Asia (Vietnam, Kampuchia, Sri-Lanka etc) and Japan.

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय अभिलेखालयस्थित ताम्रपत्राभिलेख सूची

ताम्रपत्र र अभिलेख मिली ताम्रपत्राभिलेख बन्दछ । अभिलेख विभिन्न किसिमले बनेका हुन्छन् । तिनमा ताम्रपत्राभिलेख पनि एक थरी हो । तामाको पातालाई ताम्रपत्र तथा तामापत्र भन्दछन् । त्यस पातामा अक्षर कुँदेर विवरण प्रस्तुत गरिएकोलाई ताम्रपत्राभिलेख भन्दछन् । विशेष गरी गुठी राख्दा अथवा कसैलाई जग्गा दान दिँदा तामापत्रमा विवरण कुँद्ने चलन छ । राजाले कुनै व्यवस्था बाँध्दा राखिदिने विवरण पनि तामापत्रमा लेख्ने चलन छ । ताम्रपत्राभिलेखलाई तामापत्र मात्रै भन्ने पनि चलन छ ।

यस्ता ताम्रपत्राभिलेख राष्ट्रिय अभिलेखालयमा कतिपय संग्रह भएका छन र संग्रह हुँदै पनि छन् । हालसम्म संग्रह भएकामा मूल ताम्रपत्र ६५ थान छन् । तिनमा कुनै अभिलेख नकुँदिएका र कुनै अभिलेखको एक छेउ भाँचिएर बसेका टुक्रा छन् । साबुत अभिलेख कुँदिएको ताम्रपत्राभिलेख ५३ थान छन् । त्यसदेखि अतिरिक्त टूर (भ्रमण) मा जाँदा त्यस्ता तामापत्रको छापा उतारेर ल्याइएका विभिन्न जिल्लाका ताम्रपत्राभिलेखको प्रतिलिपि छापा ७० थान छन् । तिनलाई कालक्रमानुसार सूची यहाँ दिइएको छ ।

क्रमसंख्या– १ साइज– ६X११ इन्च लगतसंख्याः- ६२

मिति : शाके सं. १३५३ (वि.सं. १४८८) वैशाख सोमबासरे ।

विषय : श्री अभय मल्लले हिटराउल रोकालाई जग्गा दिई गरिदिएको तामापत्र ।

क्रमसंख्या– २ साइज– ३ १/२ X७ १/२ इन्च लगतसंख्या– ६०

मिति – ने.सं. ७१६ (वि.सं. १६५३) वैशाख ।

विषय :– गंगादेवी, त्रैलोक्य मल्ल, त्रिभुवन मल्ल तीन जनाको समयमा वनेपा दःथु टोलमा शाक्यमुनि देवतालाई सुवर्ण कलश छत्र सहित शाक्यभद्र श्री जकसिंहजु आदिले चढाएको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमसंख्या– ३ साइज– ४ १/२ X८ १/२ इन्च लगतसंख्याः- ६३

मिति : ने.सं. ८१७ (वि.सं. १७५४) आश्विन कृष्ण सप्तमी आदित्यबार ।

विषय : श्री जय भूपालेन्द्रमल्लले कान्तिपुर मजिपाटका व्राह्मण बालकृष्ण शर्मालाई जग्गा दान दिएको ।

क्रमसंख्या– ४ साइज– ७X१० इन्च लगतसंख्या– ६१

मिति – शा.के. १६२१ (वि.सं. १७५६) जेष्ठ शुदि ४ रोज २ ।

विषय :– महाराजधिराज नारायणसिंहले भीमसिंह गोसाईंलाई जग्गा दान दिएको तामापत्र ।

क्रमसंख्या– ५ साइज– ९X११ १/२ इन्च लगतसंख्या– ५५

मिति – शा.के. सं. १६४४ (वि.सं. १७७९) मंसिर ११ रोज ६ नक्षत्र १५ ।

विषय :– श्री महाराजा नारायणसिंह र मुकुन्दसिंह गोसाईले जयरामदत्तलाई जग्गा दिई गरिदिएको ।

क्रमसंख्या– ६ साइज– ११X१४ १/२ इन्च लगतसंख्या– ५९

मिति – (वि.सं. १७८३ आषाढ शुदि १२) ने.सं. ८४६ ।

विषय :– रणजितमल्लले महादेवको गुठी राखी सिमल गिरीलाई खेत दिएको ।

क्रमसंख्या– ७ साइज– ११ १/२ X१५ १/२ इन्च लगतसंख्या– ५८

मिति – ने.सं. ८४६ (वि.सं. १७८३) आषाढ शुदि १२ ।

विषय :– राजा रणजितमल्लले दयाल गिरीलाई विश्वनाथको गुठीका लागि जग्गा दिएको ।

क्रमसंख्या– ८ साइज– ६X१० इन्च लगतसंख्या– ५४

मिति – शाके. १६५१ (वि.सं. १७८६) पौषमासे कृष्णपक्षे चतुर्थ्यां तिथौ शनिश्चरवार घनिष्ठानक्षत्रे ।

विषय :– राजा नारायणसिंहले मुकुन्दसिंह गोसाईलाई खेत दिएको ।

क्रमसंख्या– ९ साइज– ४ १/२ X१२ इन्च लगतसंख्या– ५३

मिति – ने.सं. ८५० (वि.सं. १७८६) फाल्गुन शुदि २ ।

विषय :– श्री जगज्जयमल्लले विश्वामित्र पाध्यालाई जग्गा बेचेको वापत जय प्रकाशलाई साछी राखी गरिदिएको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमसंख्या– १० साइज– ५X१७ इन्च लगतसंख्या:$\frac{१}{२}$ ५७

मिति : ने.सं. ८७७ (वि.सं. १८१३) पौष शुदि १५ ।

विषय : रणजितमल्लले चक्रपाणि उपाध्याय अर्न्याललाई विष्णु देवताको लागि जग्गा दिएको ।

क्रमसंख्या– ११ साइज– ८$\frac{१}{२}$X१२ इन्च लगतसंख्या– ५६

मिति – शाके. १६८५ (वि.सं. १८२०) आश्विन शुदि १० ।

विषय :– श्री राजा कृष्ण शाहीले रघुनाथ शाहीलाई रजवारको दियो माफ गरिदिएको ।

क्रमसंख्या– १२ साइज– १०X१५$\frac{१}{२}$ इन्च लगतसंख्या– ११०

मिति – शाके. १७०१ (वि.सं. १८३६) भाद्र १६ गते आइतबार ।

विषय :– राजाधिराज कीर्तिवम् मल्लका हजूरमा रूद्र वानिया रामदत्त वानियाले विन्ति गर्दा रतन वानियाँ हिर्दै वानियाका संतानकन खत परेमा खत जस्कन परोस् तसैकन पैजो पारी खानु पैजोका अम्वल गरी खानु भनी निजलाई गरिदिएको ।

क्रमसंख्या– १३ साइज– १०X१८$\frac{१}{२}$ इन्च लगतसंख्या– ३०

मिति – वि.सं. १८४०

विषय :– श्री गिर्वाणयुद्ध विक्रम शाहबाट शिवराम गिरी गोसाईंलाई विर्ता थामी बक्सेको ।

क्रमसंख्या– १४ साइज– १३X१७$\frac{१}{२}$ इन्च लगतसंख्या– १३५

मिति – वि.सं. १८४१ वैशाख वदि १ ।

विषय :– श्री ५ गिर्वाणयुद्ध विक्रम शाहबाट सैन्यध्वज कार्कीलाई दानपत्र बमोजिम जग्गा मिनाहा बक्स भएको । उपूरो तामापत्र ।

क्रमसंख्या– १५ साइज– १३$\frac{१}{२}$X१८$\frac{१}{२}$ इन्च लगतसंख्या– १

मिति – वि.सं. १८६३ माघ शुदि ८रोज १

विषय :– श्री ५ गिर्वाणयुद्ध विक्रम शाहदेवबाट काजि उजिरसिंह थापा माथवरसिंह थापाका आमा समेतलाई नयनसिंहले कोत काङ्गडाको लडाईमा जिउ दिइएकाले रोझ बापत् विर्ता बक्सेको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमसंख्या– १६ साइज– १३ १/२ X१९ १/२ इन्च लगतसंख्याः- २

मिति : वि.सं. १८६५ श्रावण शुदि ९ रोज २ ।

विषय : श्री ५ महाराज गिर्वाण युद्ध विक्रम शाहबाट लुमदिको गुठीजग्गाको सर्वकर अकर सर्वांक मारी मेटी मोहर तामापत्र गरी चढाएको ।

क्रमसंख्या– १७ साइज– १० १/२ X१७ इन्च लगतसंख्या– ३

मिति – वि.सं. १८६६ माघ वदि ९ ।

विषय :– श्री ५ गिर्वाणयुद्ध विक्रम शाहबाट व्रजमोहन पंडित रेग्मीलाई कुश विर्ता दिइबक्सेको ।

क्रमसंख्या– १८ साइज– ८X१४ १/२ इन्च लगतसंख्या– १३६

मिति – वि.सं. १८६६ चैत्र शुदि १२ रोज २ ।

विषय :– श्री ५ गिर्वाणयुद्ध विक्रम शाहबाट हरिदत्त झा पंडितलाई १०० विवाहा जग्गाको इस्तक संवत् १८ सालदेखि गादि मुमारख चुमावन गोडधुवा तीन कलम बाहेक कुश संकल्प विर्ता मोहर गरिबक्सेको ।

क्रमसंख्या– १९ साइज– ७X४ १/२ इन्च लगतसंख्या– ४

मिति – वि.सं. १८६८ साल चैत्र शुदि १५

विषय :– श्री ५ गिर्वाणयुद्ध विक्रम शाहबाट षड्गपाणि मिश्रका छोरा रत्नपाणि मिश्रलाई ग्रहणमा कुश विर्ता दिई गरिबक्सेको ।

क्रमसंख्या– २० साइज– १०X१४ १/२ इन्च लगतसंख्या– ५

मिति – वि.सं. १८६९ साल श्रावण वदि १२ रोज ३ ।

विषय :– श्री ५ गिर्वाणयुद्ध विक्रम शाहबाट शंखनायण तेवारीलाई जग्गा दान दिई दानपत्र बमोजिम मोहर तामापत्र गरिबक्सेको ।

क्रमसंख्या– २१ साइज– ११ १/२ X१८ १/२ इन्च लगतसंख्या– ६

मिति – वि.सं. १८७२ आषाढ शुदि १५ रोज ६

विषय :– श्री ५ गिर्वाणयुद्ध विक्रम शाहबाट शंखनारायण तेवारीलाई खेत विर्ता दिइबक्सेको ।

क्रमसंख्या– २२ साइज– ६ १/२ X१३ १/२ इन्च लगतसंख्या– ३१

मिति – X

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय : श्री ५ महाराज गिर्वाणयुद्ध विक्रम शाहबाट काजि बखतवारसिंह थापालाई जग्गा दिइबक्सेको । अपुरो (अपूर्ण) ।

क्रमसंख्या– २३ साइज– १३X१६ $\frac{१}{२}$ इन्च लगतसंख्या– ८

मिति – १८८८ वि.सं. वैशाख वदि ६ रोज १ ।

विषय :– श्री ५ राजेन्द विक्रम शाहबाट शंखनारायण तेवारीलाई खेत विर्ता गरिबक्सेको ।

क्रमसंख्या– २४ साइज– ११ $\frac{१}{२}$ X१८ $\frac{१}{२}$ इन्च लगतसंख्या– ७

मिति – वि.सं. १८८८ आषाढ शुदि ४ रोज ४ ।

विषय :– श्री ५ राजेन्द्र विक्रम शाहबाट शिवनारायण ओझालाइ वेठ वेगार समेत माफ गरी सर्व अंक मारी मेटी विर्ता वितलप गरिबक्सेको ।

क्रमसंख्या– २५ साइज– ११ $\frac{१}{२}$ X२० इन्च लगतसंख्या– ९

मिति – वि.सं. १८८९ साल भाद्र वदि १ रोज १

विषय :– श्री राजेन्द्र विक्रम शाहबाट कप्तान जङ्गवीर पाँडेलाई विर्ता गरिबक्सेको ।

पत्रसंख्या– २६ साइज– ८"२ लाइन X१२ इन्च लगतसंख्या– १०

मिति – वि.सं. १८९१ पौष शुदि १४ रोज ३ ।

विषय :– श्री ५ राजेन्द्र विक्रम शाहबाट भुन्ति धाईलाई खेत बिर्ता दिइबक्सेको ।

क्रमसंख्या– २७ साइज– ११"१०X१७ इन्च लगतसंख्या– ११

मिति – वि.सं. १८९२ आषाढ शुदि ३ रोज २

विषय :– श्री ५ राजेन्द्र विक्रम शाहबाट सुब्बा कुलानन्द झालाई पूजाको निमित्त पशुपति वासुकी आदिको गुठी चलाउन विर्ता दिइबक्सेको ।

क्रमसंख्या– २८ साइज– १५X१८ $\frac{१}{२}$ इन्च लगतसंख्या– १२

मिति – वि.सं. १८९३ पौष वदि १० रोज २ ।

विषय :– राजेन्द्र विक्रम शाहबाट काजि रणवीर राणालाई जग्गा खेत बक्सेको ।

क्रमसंख्या– २९ साइज– ७"७ लाइन X१४ इन्च लगतसंख्या– १३

मिति – वि.सं. १८९३ माघ वदि १० रोज ३

विषय :– श्री ५ राजेन्द्र विक्रम शाहबाट जगतनयनालाई खेत विर्ता बक्सेको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमसंख्या– ३० साइज– २९X२१ लगतसंख्या– १४

मिति – १८९३ फाल्गुण वदि ११ रोज ६ ।

विषय :– श्री ५ राजेन्द वीर विक्रम शाहदेवबाट भादगाउँ श्रीतलेजुको थापूजा निमित्त गुठी राखिबक्सेको ।

क्रमसंख्या– ३१ साइज– १९ १/२ X४० १/२ इन्च लगतसंख्या– ३५

मिति –

विषय :– श्री ५ सुरेन्द्र वीर विक्रम शाहदेवको उपूरो तामापत्र ।

क्रमसंख्या– ३२ साइज– ३५X४८ १/२ इन्च लगतसंख्या– ३५ 'क'

मिति – १९०१ श्रावण वदि ३ रोज ५

विषय :– श्री ५ राजेन्द्र वीर विक्र शाहदेवबाट कमाण्डर इन चीफ जनरल माथवरसिंह थापालाई शिकारमा जाँदा वाघले झम्टँदा छुटाईदिएको रीझ वापत जग्गा प्रदान गरिबक्सेको ।

क्रमसंख्या– ३३ साइज– १४X१९ १/२ लगतसंख्या– १६

मिति – वि.सं. १९०२ चैत्र शुदि १० रोज २ ।

विषय :– श्री ५ राजेन्द्र विक्रम शाहबाट तारानाथ अर्याललाई विर्ता वितलप गरिबक्सेको ।

क्रमसंख्या– ३४ साइज– १८ १/२ X१३ १/२ इन्च लगतसंख्या– १७

मिति – वि.सं. १९०३ भाद्र शुदि ९

विषय :– श्री ५ राजेन्द्र विक्रम शाहबाट काजि दलकेशर पाँडेलाई खेत विर्ता बक्सेको ।

क्रमसंख्या– ३५ साइज– १८ १/२ X३५ १/२ इन्च लगतसंख्या– १८

मिति – वि.सं. १९०४ आश्विन शुदि २ रोज २ ।

विषय :– श्री ५ सुरेन्द्र विक्रम शाहबाट श्री सुरेन्द्र रणराजेश्वर स्थानमा सदावर्त गुठीको लागि खेत राखिबक्सेको ।

क्रमसंख्या– ३६ साइज– १३ १/२ X१९ १/२ इन्च लगतसंख्या– १९

मिति – वि.सं. १९०४ माघ शुदि ५ रोज ४

विषय :– श्री ५ सुरेन्द्र विक्रम शाहबाट चतुर्भुज तेवारीलाई ग्रहणमा जग्गा दान गरिबक्सेको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमसंख्या– ३७ साइज– १२X१८ $\frac{१}{२}$ इन्च लगतसंख्या– २०

मिति – वि.सं. १९०४ माघ शुदि ५ रोज ४ ।

विषय :– श्री ५ सुरेन्द्र विक्रम शाहबाट चतुर्भुज तेवारीलाई ग्रहणमा खेत दान गरिबक्सेको ।

क्रमसंख्या– ३८ साइज– ९X१४ इन्च लगतसंख्या– २१

मिति – वि.सं. १९०५ आश्विन शुदि १४ रोज ४

विषय :– श्री ५ सुरेन्द्र विक्रम शाहबाद प्रधानमन्त्री जङ्गबहादुरको अनुरोधले जुवामा नगदी बाहेक जिन्सी थाप्न नपाइने बन्देज गरिबक्सेको ।

क्रमसंख्या– ३९ साइज– १२ $\frac{१}{२}$ X१९ $\frac{१}{२}$ इन्च लगतसंख्या– २२

मिति – वि.सं. १९०५ मार्ग वदि १४ रोज ६

विषय :– श्री ५ सुरेन्द्र विक्रम शाहबाट चतुर्भुज तेवारीलाई ग्रहणमा खेत दान गरिबक्सेको ।

क्रमसंख्या– ४० साइज– १३X१७ इन्च लगतसंख्या– २३

मिति – वि.सं. १९०६ चैत्र वदि १० रोज ६ ।

विषय :– श्री ५ सुरेन्द्र विक्रम शाहबाट चतुर्भुज तेवारीलाई ग्रहणमा खेत दान दिइबक्सेको ।

क्रमसंख्या– ४१ साइज– ९ $\frac{१}{२}$ X१३ इन्च लगतसंख्या– २४

मिति – वि.सं. १९०९ कार्तिक शुदि १५ रोज ६

विषय :– श्री ५ सुरेन्द्र विक्रम शाहबाट धाई इन्द्रकुमारी लामिछानेलाई विर्ता खेत दिइबक्सेको ।

क्रमसंख्या– ४२ साइज– १२X२० इन्च लगतसंख्या– २५

मिति – वि.सं. १९१० आषाढ शुदि ५ रोज २ ।

विषय :– श्री ५ सुरेन्द्र विक्रम शाहबाट प्राइममिनिष्टर जङ्गबहादुरलाई खेत विर्ता गरिदिएको ।

क्रमसंख्या– ४३ साइज– १७X१२ इन्च लगतसंख्या– २६

मिति – वि.सं. १९२७ श्रावण शुदि १ रोज ६

विषय :– श्री ५ महाराजबाट गैह्र रिजवन्त पल्टनलाई बक्स्याको उर्दी सम्बन्धी तामापत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमसंख्या– ४४ साइज– १८ $\frac{१}{२}$ X१२ इन्च लगतसंख्या– २७

मिति – वि.सं. १९२७ श्रावण शुदि १ रोज ६ ।

विषय :– श्री ५ महाराजबाट गैह्र रिजवन्त पल्टनलाई बक्स्याको उर्दी सम्बन्धी तामापत्र ।

क्रमसंख्या– ४५ साइज– १४ $\frac{१}{२}$ X२४ इन्च लगतसंख्या– २८

मिति – वि.सं. १९३७ माघ शुदि १५ रोज २

विषय :– श्री ५ सुरेन्द्र विक्रम शाहदेव महोत्तरी प्रगन्नाका धादि मौजे धनोजि बस्ने लक्ष्मी वैभवि व्राह्मणीका छोरा लीलानाथ पाध्यालाई ठाकुरजिका गुठीका जगेदाको श्री ३ जङ्गबहादुर श्री ३ बडामहारानी हिरण्यगर्भकुमारी कम्याण्डर इन चीफ रणोद्दिप, श्री ३ बडामहारानी हरिप्रिया देवीले संकल्प गरि राखेको जग्गाको लालमोहर तामापत्र गरिबक्सेको ।

क्रमसंख्या– ४६ साइज– १४ $\frac{१}{२}$ X२८ $\frac{१}{२}$ इन्च लगतसंख्या– २९

मिति – वि.सं. १८३८ वैशाख शुदि १५ रोज ६

विषय :– श्री ५ सुरेन्द्र विक्रम शाहदेवबाट गंगा ब्राह्मणीका लीलानाथ पाध्यालाई श्री रतनकुमारी थपिनी परलोक हुँदा श्री ३ महाराजा जङ्गबहादुरका मुमा श्री ३ बडामहारानीबाट १९१३ साल कार्तिक वदि १० मा संकल्प भएको खेत रणोद्दिपसिंहबाट विन्ति पर्दा जाहेर भएको हुँदा उनकी आमाको नाउँमा तामापत्र लालमोहर गरिबक्सेको ।

क्रमसंख्या– ४७ साइज– ४७X२७ इन्च लगतसंख्या– ५२

मिति – वि.सं. १९५० वैशाख वदि ९ रोज २ ।

विषय :– श्री ५ पृथ्वी वीर विक्रम शाहबाट निकासी पैठारी सम्बन्धिमा दरबन्दी गरिबक्सेको ।

क्रमसंख्या– ४८ साइज– ४४ $\frac{१}{२}$ X२६ $\frac{१}{२}$ इन्च लगतसंख्या– ३६

मिति – वि.सं. १९५० वैशाख वदि ९ रोज २ ।

विषय :– श्री ५ पृथ्वी वीर विक्रम शाहबाट निकासी पैठारी सम्बन्धी वन्देज गरिबक्सेको ।

क्रमसंख्या– ४९ साइज– ४० $\frac{१}{२}$ X१८ $\frac{१}{२}$ इन्च लगतसंख्या– १५

मिति – वि.सं. १९५३ ज्येष्ठ वदि १० रोज ५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय :– श्री ५ पृथ्वी वीर विक्रम शाहदेवबाट निकासी पैठारी सम्बन्धी दरबन्दी गरिबक्सेको ।

क्रमसंख्या– ५० साइज– ४९X२६ १/२ इन्च लगतसंख्या– ५१

मिति – वि.सं. १९५३ माघ वदि १० रोज ५

विषय :– श्री ५ पृथ्वी वीर विक्रम शाहदेवबाट भन्सारको कर व्यवस्था सम्बन्धी दरबन्दी गरिबक्सेको ।

क्रमसंख्या– ५१ साइज– १७X१२ इन्च लगसंख्या– ६४

मिति – वि.सं. १९६७ साल माघ महिना ।

विषय :– कवि पंडित कृष्णप्रसाद पाध्याले धनकुटा पंच कन्यालाई नेपाली कवितामा आफ्नो वंशावली लेखी चढाएको तामापत्र ।

क्रमसंख्या– ५२ साइज– ४८X२७ इन्च लगसंख्या– ३३

मिति –

विषय :– पद्मध्वज बस्न्यातले नर्मदेश्वरको नित्य नैमित्तिक पूजा चलाउन र पार्वण श्राद्धको लागि गुठी राखिदिएको ।

क्रमसंख्या– ५३ साइज– ३८ १/२ X१९ १/२ इन्च लगतसंख्या– ३४

मिति – X

विषय :– पद्मध्वज बस्न्यातले नर्मदेश्वर शिवलिङ्गको नित्य नैमित्तिक पूजाको लागि गुठी राखिदिएको ।

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्व २ नं. ध्याग्पा लामाको गुम्वामा रहेको तामापत्र

(लिप्यन्तर एवं भावार्थ)

– पूर्णरत्न बज्राचार्य

१. स्वस्ति श्रीमत्पशुपतिचरणकमल धूलि धूसरित शिरोरूह श्रीमन्मानेश्वरीष्टदेवता व
२. र लब्धप्रसाद देदीप्यमान मानोन्नत श्रीरघुवंशावतार रविकुलतिलक हनुमद्ध्वज
३. नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र सकल राजचक्राधीश्वर श्री श्री ज
४. य जगज्जय मल्ल परम भट्टारकदेवानां सदा समरविजयीनां प्रभु ठाकुरसन केरोया रामा नि
५. मा सृंगीनाम्ने प्रसादीकृतस्थानस्य उत्तरदिशि तारक्याक्षेत्रनाम संज्ञकं श्रीराजकुल
६. क्षत्रेन पश्चिमतो दक्षिणतश्च उत्तरतश्च पूर्व्वतश्च एतेषां मध्य थ्वते चात्राघातन दु ता
७. रक्या वु षडधिक षष्टिपनिमितं क्षेत्रांकतोपि वुरो ६६ भूय धल दिहि घल्यादि कर्ष ४ ग्ग
८. से द्वाक पंचरोपनिकं क्षेत्रांकतोपि वुरो ५ प्रति महामारिमा शांति
९. याङाया प्रसादारपं प्रशन्न जुसे विज्याङा भाखा थ्वते हेने मदु वंध
१०. क तयमदु, रामाजुया वंश शिष्य दतोले ग्वह्म राजानं हरय याय म
११. दु रामाजुया वंश शिष्य दतीले महाराजाया सेवा यायमाल अत्र प
१२. त्रार्थे दिष्ट साक्षि श्री श्री राजेन्द्रमल्ल देव सम्वत् ८४३ चैत्र वदि १ शुभ ॥

भावार्थ–

सम्वत् ८४३ चैत्रकृष्ण १ मा राजा जगज्जय मल्लले केरूङको लामा निमा श्रृंगीलाई महामारीको शान्ति गरेबापत खुशी भइकन लामा बसेको ठाउँदेखि उत्तर दिशामा राजकुलो खेतदेखि पश्चिम, दक्षिण, उत्तर र पूर्व यति ४ किल्ला भित्रको तारक्या नामको खेत ६६ रोपनी दिहि घल्यादि कर्ष ४ (१ रोपनी) द्वाक पाँच रोपनी प्रदान गरिएको छ । यो खेत कसैलाई बन्धक आदि राख्नु हुन्न । लामाजुको वंश शिष्य भएसम्म यो कुनै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजाले हरण गरिलिनु हुन्न र लामाजुको वंश शिष्य भएसम्म उनीहरूले राजाको सेवा गरिरहनु पर्दछ । यसमा दृष्ट साक्षि श्री राजेन्द्र मल्ल छन् ।

***

१. स्वस्ति ॥ श्रीमत्पशुपतिचरण धूलि धूसरित शिरोरूह श्रीमन्मानेश्वरीष्टदेवता व
२. र लब्ध प्रसाद देदीप्यमान मानोन्नत श्री रघुवंशावतार रविकुलतिलक हनुमद्ध्व
३. ज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र सकलराज चक्राधीश्वर श्री श्री ज
४. य जगज्जयामल्ल परम भट्टारकदेवानां सदा समरविजयीनां प्रभु ठाकुरसन
५. मिलंच्छेया ङालि गुवास चोङ नेमा रामायात पालचोकया ताक्या वु क्षेत्र नाम
६. संज्ञकं श्रीराजायान पश्चिमोत्तरतो धर पूर्वतो रामान दक्षिन थ्वते चात्राघातन दु वुरो नी
७. य पेपिक रो २४ खल कर्ष २ चुल २ थ्वते पूवक सीस प्रशन्न जुया ॥ दिहि क
८. र्ष ३ च्छालिङल घल्यादि कर्ष ३ अत्र पत्रार्थे दृष्ट साक्षि श्री श्री राजेन्द्रमल्ल दे
९. व ॥ सम्वत् ८४७ चैत्र वदि ८ शुभ ॥

भावार्थ–

सम्वत् ८४७ चैत्रकृष्ण ८ मा राजा जगज्जय मल्लले मिलंच्छे ङालि गुम्वाको नेमा लामालाई खुशी भइकन राजाको जग्गादेखि पश्चिम, उत्तर, कुलोदेखि पूर्व लामाकै खेतदेखि दक्षिण यति ४ किल्ला भित्रको पालचोकको तारक्या नामक खेत २४ रोपनी २ कर्ष (॥ रोपनी) र चुल २ (दुई आना) दिहिकर्ष ३ (॥ रोपनी) छासि ङल घल्यादि कर्ष ३ (॥। रोपनी) प्रदान गरिएको छ । यसमा दृष्ट साछि श्री राजेन्द्र मल्ल छन् ।

(बलराम चित्रकारबाट प्रतिलिपि प्राप्त)

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कीर्तिबम्ब मल्लको तामापत्र

स्वस्ति श्रीमन्महाराजाधिराज
कीर्तिवम्ब मल्ल देवज्यू ले ह–
राजा ९

१. रूद्रवानिञा रामदत्त वानिञाले विंती
२. गन्या र रतन वानिञा हिर्दै वानिञाका
३. सतानकन षत पन्याका र त जस्कन प–
४. रोस् तसैकन पैले पसी षानु पैलो छाप
५. वल गरी नषानु एका काषगमाहा सबै–
६. को संपति नसमातनु षांचा खेतका रू–
७. पैञा नतिंजी खेतको दलन नगर्नु वा–
८. निञा पनि सेवामाहां रूजु रहनु व्यो–
९. हर पनि ९ मसित गर्नु ९ ले पनि व्यो–
१०. हर राष्नु यो पैडो वानिञाकन बक्सनु
११. भयो एस् वातका साक्षी काजी गरू–
१२. डध्वज मल्ल शंभुनारायण मल्ल वलि–
१३. वंदन मल्ल शर्दार दमन मल्ल कृष्ण
१४. कार्की वलवीर कलिया सुवंसप्र–
१५. ताप षत्री शुक्लांवर गंगाप्रसाद षजं–
१६. जी वुद्धिप्रकास कपर्दार प्रतिविंद
१७. छाप्दार संज्या सुदत चोप्दार प्रीतिरा–
१८. म द्वान्या उमरभिग खड्का अम्वर्सि
१९. थापा अटल षर्ति चोमुवेहिक भिउ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२०. वहिक मेधचन् वहिक स्वस्ति श्री
२१. शाके १७०१ भाद्रपद मासे दिन १६ ग
२२. ते रविवासरे ढोराल्ठानायाँ लिखि–
२३. तंमिदं लक्ष्मीनारायणेन शुभम्

(राष्ट्रिय अभिलेखालयको सङ्ग्रहबाट)

श्री स्वेष्टदेवतं जयति

३ भाई गुरूज्यू परमगुरू परापर गुरू परमेष्टि गुरूज्यूका
स्वेष्टदेवता
स्वस्ति श्री ५ मन्महाराजाधि
राज कीर्तिवम्म मल्ल देवज्यूले

१. स्वस्ति श्री ६ संतानकन वृतावितलपू गरी स–
२. र्व्व दोष निर्दोष ठेकी दंड बेठी दंड कुंड गुज्यालको
३. सिर्तो इत्यादि सर्वकर माफ गरी नवरात्रमा–
४. हां पुरश्चरणको एही दक्षिणा संकल्प गरी
५. (सम) र्प्पण गरी चह्राञा एस् वातका साक्षी
६. काजी गरूडध्वज मल्ल काजी शंभुनारायण मल्ल
७. वलिवंदन मल्ल धर्मराज मल्ल भीमदत्त मल्ल ना–
८. गमल्ल कृष्ण कार्कि सर्दार बुद्धिप्रकाश कपर्दा–
९. र प्रतिर्विद छाप्दार शुक्लांवर गंगाप्रसाद ष–
१०. जंची काशीवरप्रताप षत्री कलिया वाक्चन् प्री–
११. तिराम दुवान्या जिउन्दास संज्याराम चोप्दार
१२. धौलु पुन् रामधर पुन् भुज्याल
१३. श्री शाके १६९९ मुकाम राजधानी वेणी लि–
१४. खितं लक्ष्मीनारायण ज्योतिर्विदा शुभम्

श्री कीर्तिवम्मेन नृपोत्तमेन प्रीत्यर्थमेतत् परदेवतायाः
समर्प्पितं श्रीगुरूपादपद्मे संरक्षणीयं खलु आदि भूपैः

(टंकराज पन्त वागलुङ बजार महेन्द्रचोकको सौजन्यबाट प्राप्त)

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्थिक वर्ष ०४०।०४१ मा राष्ट्रिय अभिलेखालयको संक्षिप्त गतिविधि

प्रत्येक वर्ष सरह यस आर्थिक वर्षमा पनि ऐतिहासिक सामग्रीको खोजको शिलशिलामा अभिलेखविशेषज्ञ श्रीमती सानी मैयाँ राणाको नेतृत्वमा एउटा ४ सदस्यीय टोली गण्डकी तथा लुम्बिनी अञ्चलको भ्रमणमा पठाइएको थियो । आर्थिक वर्ष ०३९।०४० मा अभिलेखविशेषज्ञ सुश्री सानु नानी कंसाकारको नेतृत्वमा कोशी तथा मेची अञ्चलमा पठाइएको टोलीको रिपोर्टको आधारमा नै एउटा २ सदस्यीय टोस्रो टोली श्री मीनबहादुर श्रेष्ठको नेतृत्वमा कोशी मेची अञ्चलतर्फ पठाइयो । यी दुवै टोलीहरूबाट जम्मा ६४ थान कागजातहरू उपलब्ध भए ।

नेपाल-जर्मन हस्तलिखित-ग्रन्थ-संरक्षण परियोजनालाई गत आर्थिक वर्ष झैं यस आर्थिक वर्षमा पनि हस्तलिखित ग्रन्थहरूको माइक्रोफिल्म गर्न भनी जनकपुर पठाइएको थियो । परियोजनाले त्यहाँ ३ महिनाको लागि माइक्रोफिल्म यूनिट स्थापना गरेको थियो भने गुम्बाहरूमा रहेका तिब्बती ग्रन्थहरूको माइक्रोफिल्म गर्ने उद्देश्यले परियोजनाकै उप-प्रमुख डा. भण्डर कूइजको नेतृत्वमा एउटा टोली जुम्लातर्फ पठाइएको थियो । यस आर्थिक वर्षमा पनि काठमाडौंमा व्यक्तिगत सङ्कलनमा रहेका ग्रन्थहरूको माइक्रोफिल्म गर्ने कार्य पूर्ववत् चालु नै रहेको छ । भ्रमण टोलीद्वारा तथा काठमाडौंमा माइक्रोफिल्म गरेको हस्तलिखित ग्रन्थहरूको संख्या निम्न बमोजिम छ ।

टोली भएको ठाउँ	पुस्तक थान	रिल थान
जनकपुर	६१६	३७
जुम्ला	२४९	२१
काठमाडौं	३५४५	१५४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हस्तलिखित ग्रन्थ सङ्कलनको सन्दर्भमा यस आर्थिक वर्ष बडो महत्वपूर्ण रहेको छ । मित्रराष्ट्र गणतन्त्र चीनका महामहिम राष्ट्रपति ली स्यान न्यानबाट उपहार स्वरूप श्री ५ महाराजाधिराज सरकारमा चढाउनु भएको बौद्ध धर्म सम्बन्धी महत्वपूर्ण हस्तलिखित ग्रन्थ 'सद्धर्मपुण्डरीक'को फोटोकपी राजदरबारबाट अभिलेखालयमा सङ्कलन हुन आएको छ । प्रस्तुत पुस्तक नेपालमा नेपालीले नै.ने.सं. २०२ मा लेखिएको हो । यो पुस्तक रञ्जना लिपिमा छ । यो पुस्तक कसरी कहिले नेपालबाट चीन पुग्यो यो अध्ययनको विषय हुन गएको छ । यस्तै प्राचीन हस्तलिखित ग्रन्थहरू प्रशस्त मात्रामा कतिपय कारणहरूबाट विदेशिएका छन् । अभिलेखालयले त्यस्ता पुस्तकहरूको सूची सङ्कलन गर्ने अभिलाषा राखेको छ र त्यस्ता पुस्तकहरूको फोटाकपी सम्म भए पनि उपलब्ध गर्ने प्रयास जारी राख्ने छ ।

यस आर्थिक वर्षमा पनि हस्तलिखित तथा मुद्रित जम्मा पुस्तक थान १७७+१४०=३१७ तथा ताडपत्रमा लेखिएको तमसूक थान २५४ खरीद गरी अभिलेखालयको सङ्कलनमा वृद्धि गरिएको छ ।

निजामति किताबखानाबाट पठाइएको वि.सं. १९९५ सालको जंगी तथा निजामति कर्मचारीहरूको रेकर्ड किताब थान १० बाइण्डिङको निम्ति पठाइएको छ ।

यस वर्षदेखि राष्ट्रिय पञ्चायतबाट पारित गरिएका महत्वपूर्ण निर्णय सम्बन्धी कागजातहरू अभिलेखालयमा सुरक्षित राख्न पठाइएको छ ।

प्रकाशनको क्रममा यस आर्थिक वर्षमा पंडित रंगनाथ पौड्यालको "राजविधान सार" प्रकाशनमा ल्याइएको छ । भूमि सम्बन्धी ताडपत्रमा लेखिएका तमसूकको दोश्रो भाग तथा श्री ५ राजेन्द्र वीर विक्रम शाहद्वारा रचना गरिएको 'राजकल्प द्रुम' पुस्तक प्रकाशनको निम्ति तैयार भएको छ । यी पुस्तकहरू आर्थिक वर्ष ०४१।०४२ मा प्रकाशनमा ल्याउने कार्यक्रम छ ।

यस आर्थिक वर्षमा अनुसन्धानकर्ताहरूलाई माइक्रोफिल्म र मूल ग्रन्थद्वारा अध्ययन गर्न दिई सेवा पुऱ्याएको लगत निम्न बमोजिम छ ।

माइक्रोफिल्मबाट

अध्ययन गर्नेको संख्या	रिलको संख्या
२५	४३९

मूलग्रन्थ प्रदान गरेर

फाँट	अध्ययन गर्नेको संख्या	पुस्तक थान
दर्शन	२१	६७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्योतिष	१८	२९६
तन्त्र	९	११८
धर्म	४३	४८
अभिलेख (प्राचीन तथा आधुनिक)	१८	x

स्वदेश तथा विदेशका अनुसन्धानकर्ताहरू वा संस्थाहरूलाई हस्तलिखित ग्रन्थ, शिलालेख तथा ताम्रलेखहरूको माइक्रोफिल्म कपी तथा फोटो कपी पठाई सेवा पुऱ्याइएको तथ्याङ्क निम्न बमोजिम छ ।

पुस्तक थान २६१ रिल १० रोल ८ फीट

पुस्तकबाट फोटोकपी थान २३१५+शिला तथा ताम्रपत्र थान फोटो २९६

यसबाट आर्थिक वर्षभित्र राजस्व दाखिला हुन आएको रू. ३९५८७।७६ छ । त्रि.वि.वि. संस्कृत अध्ययन संस्थानलाई अनुसन्धान कार्यमा सघाउ पुऱ्याउन यस वर्ष पनि १३७ थान पुस्तकहरूको फिल्मको लागत खर्च मात्र लिई (सरकारी शुल्क छुट हुने गरी) माइक्रोफिल्म कपी दिने निर्णय श्री ५ को सरकारले गरेको छ । तर हाल अभिलेखालयमा यथेष्ट मात्रामा माइक्रोफल्म मौज्दात नभएकोले संस्कृत अध्ययन संस्थानलाई माइक्रोफिल्म कपी उपलब्ध गराउन सकिएको छैन । संस्कृत अध्ययन संस्थानलाई समयमा सेवा पुऱ्याउन नसकेको मुख्य कारण यो छ कि राष्ट्रिय अभिलेखालयलाई वि.सं. २०२८ सालमा यूनेस्कोबाट उपहारस्वरूप २५७ थान रिल उपलब्ध भएकोमा ती फिल्महरू अब प्रायः समाप्त भइसकेका छन् । स्थानीय बजारमा माइक्रोफिल्म उपलब्ध नहुने र अभिलेखालयको बजेट सीमित भएकोले पनि विदेशबाट फिल्म झिकाउन सकेको छैन ।

दक्ष जनशक्ति वृद्धि गर्ने क्रममा अभिलेखविशेषज्ञ सुश्री सानुनानी कंसाकार वेलायतबाट अभिलेख सम्बन्धी उच्च तालिम हासिल गरी फर्किसक्नु भएको छ । उहाँलाई विभिन्न सरकारी निकायहरूमा रहेका पुराना कागजातहरूको सर्वेक्षण गर्ने काम सुम्पिएको छ । अभिलेखालयको अर्को अधिकृत रसायन विशेषज्ञ श्री गृहमान श्रेष्ठ ग्रन्थ संरक्षण विधिको उच्च तालिम लिई भारतबाट फर्किसक्नु भएको छ । उहाँकै रेखदेखमा एउटा संरक्षण शाला खोली काम चलाउ रूपमा भए पनि संरक्षणको कार्य शुरू गरिएको छ ।

स्वारविकाको (South and West Asian Regional Branch of the International Council on Archives) तेश्रो अधिवेशन पाकिस्तानको राजधानीमा गएको आषाढ महिनामा सम्पन्न भएको छ । राष्ट्रिय अभिलेखालय, अन्तर्राष्ट्रिय अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संघको शुरूदेखि सदस्य भएता पनि राष्ट्रिय अभिलेखालयले यसको महाअभिवेशनमा कतिपय कारणहरूले आजसम्म भाग लिन सकेको थिएन । यसपटक संघीय गणतन्त्र जर्मनीको राजधानी वोंनमा हुने दशौं महाअधिवेशनमा अभिलेखालयको अभिलेखविशेषज्ञ श्रीमती सानी मैयाँ राणाले भाग लिनु हुने भएको छ । यस प्रकारको अन्तर्राष्ट्रिय अभिलेख संघको जमघटमा राष्ट्रिय अभिलेखालयको सहभागिताबाट अभिलेखालयको विकासमा ठोस सघाउ पुग्ने आशा राष्ट्रिय अभिलेखालयले राखेको छ ।

वर्तमान अभिलेखालयको भवन नेपाल-भारत सहयोगको प्रतिकको रूपमा हाम्रो अगाडि छ । मित्र राष्ट्र संघीय गणतन्त्र जर्मनीले पनि माइक्रोफिल्महरू राख्न एउटा छुट्टै भवन निर्माणको निम्ति १,५०,००० जर्मन मार्क अनुदान स्वरूप प्रदान गरेको छ । यस रकमबाट माइक्रोफिल्म भवन तथा रिडर, रिडर प्रिन्टर एवं निगेटिभ फिल्महरू राख्न एउटा वातानुकूलित कोठाको निर्माण गरिने भएको छ । आशा छ आगामी आर्थिक वर्षभित्रै उक्त माइक्रोफिल्म भवन निर्माणको कार्य आरम्भ भै सक्ने छ ।

बलरामदास डंगोल
प्रधान अनुसन्धान अधिकारी
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट

सरकारी कागजात धुल्याउने नियमहरूः १६.१२

संक्षिप्त नाम र प्रारम्भ

१. यी नियमहरूको नाम सरकारी कागजात धुल्याउने नियमहरू २०२७ रहेको छ ।

२. यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन् ।

परिभाषा– विषय वा प्रसङ्ग अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) सरकारी कार्यालय भन्नाले सैनिक तथा प्रहरी कार्यालयहरू बाहेक श्री ५ को सरकारले अन्य सबै कार्यालयहरू सम्झनुपर्छ र सो शब्दले संवैधानिक अङ्गहरूका कार्यालयहरूलाई समेत जनाउँछ ।

(ख) धुल्याउनु भन्नाले सरकारी कार्यालयमा रहेको कागजातमा लेखिएको व्यहोरा पढ्न बुझ्न वा त्यसको कुनै उपयोग गर्न नसकिने गरी रद्द गर्ने कार्यलाई सम्झनुपर्छ र सो शब्दले त्यस्तो कागजातलाई आगोमा डढाउने कार्य समेत जनाउँछ ।

(ग) कार्यालयप्रमुख भन्नाले सरकारी कार्यालयको प्रमुख सम्झनुपर्छ ।

कागजात धुल्याउने आदेश दिने– १. कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको अनुसूची ६ बाहेक अन्य अनुसूचीहरूमा लेखिएका कागजातहरू सोही अनुसूचीहरूमा लेखिएको अवधि नाघेपछि धुल्याउने आदेश दिनुपर्छ ।

२. यी नियमहरूको अनुसूचीहरूमा उल्लेख भएका अन्य कागजातहरूको सम्बन्धमा कार्यालयप्रमुखले हेरी श्री ५ को सरकारको कुनै हानी नोक्सानी नहुने देखी धुल्याउन उचित ठहराएका जति कागजातहरू काम तामेल भइसकेपछि जुनसुकै बखत धुल्याउने आदेश दिन सक्नेछ ।

३. उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सरकारी कार्यालयमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेको अनुसूचीमा लेखिएको वा नलेखिएको कुनै कागजात इतिहास, कला, संस्कृति, सुरक्षा वा अन्य कुनै दृष्टिकोणले धुल्याउन मनासिव नपर्ने भने कार्यालयप्रमुखलाई लागेमा निजले सो कागजात धुल्याउने आदेश नदिन सक्नेछ । त्यस्तो कागजातहरूमध्ये गोप्य कागजात बाहेक अरू कुनै कागजात अभिलेखालयमा राख्न उपयुक्त देखेमा सोही बमोजिम सो काजगात अभिलेखालयमा राख्न कार्यालयप्रमुखले आदेश दिन सक्नेछ ।

धुल्याउने कागजातको अभिलेख राख्ने : नियम (३) बमोजिम धुल्याउने आदेश भएका कागजातहरू धुल्याउनु अगावै सम्बन्धित सरकारी कार्यालयले श्री ५ को सरकारबाट निर्धारित गरिएको ढाँचामा धुल्याइने कागजातको विषय र छोटकरी व्यहोरा लेखी कार्यालयप्रमुखको दस्तखत गराई अभिलेख राख्नु पर्नेछ ।

१६.१२.५. कागजात धुल्याउँदा नजिकको कार्यालयको प्रतिनिधि राख्नुपर्ने :–
यी नियमहरू बमोजिम कागजात धुल्याउँदा सम्बन्धित कार्यालयले नजिकको कुनै सरकारी कार्यालयको एक प्रतिनिधिको रोहवरमा त्यस्तो कागजात धुल्याउनु पर्नेछ ।

तर, सम्बन्धित कार्यालयप्रमुख राजपत्रांकित कर्मचारी भएमा नजिकको सरकारी कार्यालयको प्रतिनिधि राख्न आवश्यक हुनेछन् ।

१६.१२.६. धुल्याइएका कागजातहरू लिलाम बिक्री गर्न सकिने:
यी नियमहरू बमोजिम धुल्याइएका कागजातहरू श्री ५ को सरकारले तोकेको कुनै संस्था वा व्यक्तिलाई बिक्री गर्न वा प्रचलित नेपाल कानून अनुसार लिलाम गर्न सकिनेछ ।

१६.१२.७. बचाउ : कुनै सरकारी कार्यालयको कागजातहरू धुल्याउने सम्बन्धमा प्रचलित नेपाल कानूनले कुनै खास व्यवस्था गरेकोमा सोही बमोजिम हुनेछ ।

१६.१२.८. अनुसूचीमा थप-घट गर्न सकिने:– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा थप-घट गर्न सक्नेछ ।

अनुसूची – १

काम तामेल भएको १ एक वर्ष पछि धुल्याउने कागजात

१. दैनिक देखि अर्ध वार्षिक प्रतिवेदनहरू ।

२. नेपाल राजपत्रमा प्रकाशित भैसकेको ऐन, नियम, आदेश, सूचनाको मस्यौदा प्रतिहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र सो प्रकाशित गर्ने सम्बन्धमा भएका लेखापढीहरूको कागजात ।

३. परिपत्र गर्ने शुरू कार्यालयमा रहने बाहेक उर्दी सामेल सम्बन्धी परिपत्र ।

४. कर्मचारीको नियुक्ति, विदा सम्बन्धी निवेदन, निकासा र सरूवा-बढुवा सम्बन्धी पत्रहरू सो कर्मचारी ठेकिएको ठाउँबाट अन्त सरूवा-बढुवा भएपछि ।

५. माइनर किताब बाहेक वैठक बस्ने सम्बन्धी कागजात ।

६. कर्मचारीहरूको सापटी, किस्ताबन्दी, दैनिक भत्ता, भ्रमण भत्ता र निजहरूलाई सम्मेलन, सेमिनार, अध्ययन, तालिम आदिमा पठाएको सम्बन्धी लेखा, लेखापरीक्षण गराउनु पर्ने भए गराई अन्तिम फर फारख भएपछि ।

७. दैवी-प्रकोप पीडित सहायता सम्बन्धी कागजात ।

अनुसूची-२

काम तामेल भएको ३ तीन वर्ष पछि धुल्याउने कागजात

१. नक्सा र डिजाइन सम्बन्धी तथ्याङ्क बाहेक कुनै निर्माण कार्य सम्बन्धी योजना, सम्झौता, ठेक्का-पट्टा, अनुदान सम्बन्धी कागजात सो कार्य पूरा भएपछि लेखापरीक्षण गराउनु पर्ने भए गराई अन्तिम रूपमा फरक फारख भएपछि र लेखापरीक्षण गराउनु नपर्नेमा सम्बन्धित कार्य पूरा भएपछि ।

२. पञ्चायतको संख्या थप-घट गर्ने विषय सम्बन्धी कागजात ।

३. अरू लेखा सम्बन्धी कागजात लेखापरीक्षण गराउनु पर्ने भए गराई अन्तिम फरफराख भएपछि ।

अनुसूची-३

काम तामेल भएको ५ पाँच वर्षपछि धुल्याउने कागजात

१. विदेशी राष्ट्रमा सरकारी स्तरबाट पठाइने बधाई, शुभ-कामना र समवेदना संदेशहरू ।

२. हाजिरी विदाको रिकर्ड राखी कर्मचारीको हाजिर फारम ।

३. कुनै योजना वा स्वशासित संस्थाको प्रगति प्रतिवेदन ।

४. साधारण जानकारीका लागि आएका परिपत्र वा बोधार्थ पत्र ।

५. कर्मचारीको नोकरी विवरण र गोप्य प्रतिवेदन कर्मचारीको सेवा छुटेको ५ वर्ष पुगेपछि ।

अनुसूची-४

काम तामेल भएको १० दश वर्षपछि धुल्याउने कागजात

१. वार्षिक प्रतिवेदन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. हात हतियार विदेश लाने वा विदेशबाट ल्याउने इजाजत पत्र सम्बन्धी कागजात ।
३. मित्र राष्ट्रका प्रतिनिधिहरूको भ्रमण सम्बन्धी कागजात ।
४. कर्मचारी दरबन्दी आदेश ।
५. सार्वजनिक रूपमा प्रकाशित नहुने समय समयको अधिकार प्रत्यायोजन सम्बन्धी अख्तियारी आदेश ।

अनुसूची-५

काम तामेल भएको २० बीन वर्ष पछि धुल्याउने कागजात

१. राहदानी सम्बन्धी मूल किताब र राहदानी सम्बन्धी दरखास्त र अरू भित्रीपत्र ।
२. सरकारी वा गैर सरकारी अड्डा अदालत वा उद्योग धन्दा व्यापार व्यवसाय वा अन्य कुनै खास कार्यका सम्बन्धमा विस्तृत अध्ययन गरी तथ्याङ्क र सुझाव सहित श्री ५ को सरकार समक्ष आएको प्रतिवेदन ।
३. निर्माण सम्बन्धी मेजरमेन्ट बूक (Measurement Book) सो निर्माण कार्य पूरा भएपछि ।
४. कर्मचारीलाई चुनाव लड्न, व्यापार र व्यवसाय गर्न स्वीकृति दिने सम्बन्धी कागजात ।

अनुसूची-६

कहिल्यै नधुल्याउने कागजात

१. लालमोहर लागेको कागजात ।
२. श्री ५ को बाहुली निशाना भएको कागजात ।
३. विदेशी राष्ट्रहरू, अन्तर्राष्ट्रिय संस्था वा अन्य विदेशी संस्थासँग भएको सन्धी, सम्झौता र तत् सम्बन्धी लेखापढी भएको महत्त्वपूर्ण कागजात ।
४. नेपालको समय समयको नक्सा ।
५. देशको सीमाना सम्बन्धी लेखापढी भएको कागजात ।
६. नेपालको र विदेशी राष्ट्रका प्रतिनिधिहरूको संयुक्त विज्ञप्ति ।
७. सम्बन्धित मन्त्रालयमा रहने मन्त्रिपरिषद्को निर्णयको मूल प्रति ।
८. देशको शान्ति-सुरक्षा सम्बन्धी महत्त्वपूर्ण कागजात ।
९. अमुद्रित ऐन, सवाल, सनद, खडग निशाना ।
१०. चल वा अचल सम्पत्तिमा हकदैया दर्शाउने कागजात ।
११. नापी नक्साको कागजात ।
१२. कर्मचारीको सिटरोल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३. श्री ५ को सरकार वादी वा प्रतिवादी भएको मुद्दामा वा श्री ५ को सरकारलाई सरोकार भएको मुद्दामा अधिकार प्राप्त अड्डा वा अदालतबाट भएको अन्तिम फैसला आदेश ।

१४. कार्यालय प्रमुखले उचित सम्झेका अरू कागजात ।

१५. नागरिकता र नागरिकहरूको मुद्दा सम्बन्धी विषयमा विदेशी राष्ट्रहरूसँग भएको लेखापढीको कागजात ।

१६. आयोगको प्रतिवेदन ।

(२०२७।१०।५ को राजपत्र)

***

Unoffical English Version of the rule

Appendix-A

Rules pertaining to the Disposial or discarding of Government Papers.

1. Short Title

(a) The rule is known as the Disposal of Government Papers Rule 2027 B.S. (1970 A.D.)

(b) The rule shall come into force immediately.

2. Definitions:-

(a) 'Government Office' incorportes all the office with the exception of military and police offices. It also includes the offices of the constitutional bodies.

(b) The word disposal implies the putting away, even burning of government records and documents in such a way that they become unintelligible or unusable.

(c) 'Official Head' signifies the officer in charge of a government office.

3. Order for discarding of records and documents :

(a) The authority in charge of the office should order the discarding of the records in conformity with the time indicated in the various appendices excepting appendix VI.

(b) Papers not falling under categories 1-6 can be discarded by the official head if it does not involve any loss to the government.

(c) Despite anything mentioned in sub clause a and b, the official head, at his own discretion, has the right to preserve some records, if he thinks that records have historical, cultural, artistic or security value. Such records with

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

the exception of confidential ones he can, if he deems fit, send to the National Archives for permanent preservation.

4. To maintain an index of discarded records.

The concerned officer should prepare a short list of the records before they are discarded under sub-clause 3 and the list is to be attested by the official head.

5. Provision for presence of a representative of the nearest office as witness.

(a) The official head in the presence or a representative of the nearest office as witness, should do away with the records. But no such provision is binding if the concerned head is a gazetted officer.

6. Provision for auction or sale:

The discarded records can be sold or auctioned in accordance with the law either to an individual or to an institution.

7. Safegaurds:

In case of any government office, if provision has been made in any law of the country as regards to the discarding of its records the provision shall be abided by.

8. Alteration in the appendices:

His Majesty's Government can make any alterations in the appendices by notifying the same in the gazette.

Appendix-1

Records to be discarded 1 Year after the orders mentioned therein have been carried out.

1. From daily to half-yearly reoprts.

2. The laws, decress, drafts published in the Nepal Gazette and all correspondences concerning the publication.

3. All circulars in connection with orders for attendance except the circulars to be preserved at the originating offices.

4. Papers relating to the appointment leave, sanction, promotion transfer of an official after the official has been transfered to another office.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

5. Papers relating to the meetings except the Minute Book
6. Papers relating to loan in statements, daily and travelling allowance. conference, seminar, training etc. after the audit is completed.
7. Papers relating to the aids given in connection with natural calamities.

Appendix-2

Records to be discarded 3 Year after the orders mentioned therein have been carried out.

1. Papers relating to the construction plans, contract, agreements except the map and design, when the concerned work has been completed and when the auditing has been completed in cases requiring it.
2. Papers relating to the alternations in the number of Panchayats.
3. Other financial documents after the completion of auditing.

Appendix-3

Records to be discarded 5 Years after the orders mentioned therein have been carried out.

1. Papers relating to all feticitations and condolenees sent to foreign countries on government level.
2. Attendance records of the civil servants after keeping the leave records.
3. The progress reports of any plan or institution.
4. The circulars of general information.
5. The sheet rolls and the confidential records of any civil servant after 5 years following the termination of his services.

Appendix-4

Records to be discarded 10 Years after the orders mentioned therein have been carried out.

1. Annual reports.
2. Papers relating to report and import of arms and ammunitions.
3. Travel documents relating to the programmes of representatives of friendly countries.
4. Papers relating to the sanctioning of government posts.
5. Papers relating to the delegation of authority normally not circulated publicy.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Appendix-5

Records to be discarded 20 Year after the orders mentioned theirin have been carried out.

1. Papers relating to passport.
2. Papers relating to suggestion and statistical data based in wide studies dealing with governmental or non-governmental projects submitted to His Majesty's Government.
3. Measurment book of any construction work an completion of the construction work.
4. Papers relating to the premission granted by His Majesty's Government to any government employee to contest election, engage in trade and business.

Appendix-6

1. Papers bearing the Royal Seal.
2. Papers bearing the signatures of His Majesty, the king.
3. Treaties, agreements signed with foreign countries, international agencies and foreign agencies and important papers relating to them.
4. Maps of Nepal of different periods.
5. Papers relating to he boundaries of the country.
6. Joint communique issued by the representatives of Nepal and foreign countries.
7. Original copies of the cabinet decisions.
8. Important papers relating to the laws and order of the country.
9. Papers containing unprinted laws (royal of government orders).
10. Papers containing claims over movable and inmovable property.
11. Papers relating to maps and surveys.
12. The sheet rolls of the governmtent employees.
13. The final decisions in the cases with government involvement.
14. Such papers as deemed worthy of preservation by the official head.
15. Papers relating to citizenship and all correspondence with foreign countries in this connection.
16. The reports of the royal or government commissions.

(In case of any ambiguity the Nepali version shall prevail).

Translated by B.D. Dangol

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्योदय छापाखाना, फोन : ०१-४४३४९७१